# कपुरकोट गाउँपालिकाको
# मध्यमकालीन खर्च संरचना
# (आ.व. ०८०/८१-०८२/८३)
# प्रतिवेदन २०८०




**कपुरकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, सल्यान**

कर्णाली प्रदेश, नेपाल

# विषय सूची


**परिच्छेद १: मध्यमकालीन खर्च संरचनाको परिचय** १

१.१ पृष्ठभूमि १

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा २

१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य २

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ३

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ३

१.६ संस्थागत व्यवस्था ५

१.७ मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी तुलनात्मक कार्यतालिका ६

परिच्छेद २: मध्यमकालीन खर्च संरचना निर्माण ८

२.१ पृष्ठभूमि ८

२.२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरु ८

२.३ समष्टीगत रणनीतिहरु ९

२.४ प्राथमिकताका क्षेत्र १०

२.५ मध्यमकालीन आर्थिक खाका १०

२.६ मध्यमकालीन नतिजा खाका ११

२.७ बजेटको त्रिवर्षिय अनुमान १२

**परिच्छेद ३ आर्थिक विकास क्षेत्र** १७

३.१ कृषि, पशुपंक्षी तथा भूमि व्यवस्था १७

३.२ वित्तीय व्यवस्था, सहकारी तथा गरिबी निवारण २०

३.३ श्रम तथा रोजगारी २२

३.४ पर्यटन विकास २४

३.५ उद्योग, व्यापनर र आपूर्ति व्यवस्था २६

३.६ सिंचाई २८

**परिच्छेद ४: सामाजिक विकास क्षेत्र** ३०

४.१ शिक्षा विकास ३०

४.२ स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा ३२

४.३ यूवा तथा खेलकुद ३४

४.४ खोज, अनुसन्धान र अन्वेषण ३६

४.५ खानेपानी तथा सरसफाइ ३८

४.६ लैगिक समानता तथा सामाजिक समावेशीकरण ४०

४.७ लक्षित वर्ग उत्थान-वालवालीका, विपन्न तथा जेष्ठ नागरिक ४२

४.८ भाषा, संस्कृती, कला र साहित्य ४४

**परिच्छेद ५: भौतिक पूर्वाधार विकास क्षेत्र** ४६

५.१ आवास तथा वस्ती विकास ४६

५.२ सडक तथा यातायात ४८

५.३ बिद्युत तथा बैकल्पिक उर्जा ५०

५.४ सूचना तथा सञ्चार ५१
५.५ फोहोरमैला  व्यवस्थापन र ढल निकास ५२
५.६ सार्वजनिक निर्माण ५३
**परिच्छेदः ६:: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** ५५
६.१ जलाधार तथा जैविक विविधता संरक्षण ५५
६.२ वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण ५६
६.३ जलवायु परिवर्तन, अनुकुलन  तथा न्यूनिकरण ५७
६.४ बाढी पहिरो तथा भूक्षय नियन्त्रण ५९
६.५ विपद् व्यवस्थापन ६१
६.६ वन विकास तथा व्यवस्थापन ६३
**परिच्छेद ७: सुशासन तथा संस्थागत विकास** ६५
७.१ सुशासन, ऐन, नियम, जवाफदेहिता र पारदर्शिता ६५
७.२ योजना तर्जुमा तथा कार्यान्वयनमा जनसहभागिता ६७
७.३ क्षमता विकास ६८
**परिच्छेद ८: विषय क्षेत्रगत खर्च** ६९
८.१  विषयगत क्षेत्रको मध्यकालिन खर्च संरचनाको खाका ६९
८.२  कार्यक्रम तथा आयोजनाको योजना तथा कार्यक्रम बमोजिम तीन आ.ब. को बजेट खर्च ७२
८.३  कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण, सांकेतिकीकरण, तथा त्रिवर्षिय खर्च अनुमान ८६
८.४ रणनीतिक स्थम्भको आधारमा आगामि ३ आ.ब. को बजेट प्रक्षेपणको बाँडफाड १०७
८.५ कार्यक्रम तथा आयोजनाको प्राथमिकता क्रम बमोजिम तीन आ. व.को बजेट अुनमान तथा प्रक्षेपण १०७
८.६. दीगो विकास लक्ष्यका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १०८
८.७ लैंगिक संकेतका आधारमा तीन आर्थिक वर्षको अनुमान र प्रक्षेपण १०९
८.८ जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको अनुमान र प्रक्षेपण ११०
८.९ गाऊँपालिकाका विस्तृत योजना प्रतिवेदन (मएच) तयार भईसकेका मुख्य योजनाहरु १११
अनुसूची १: मध्यमकालीन खर्च संरचनाको अभिमुखिकरण कार्यक्रमको उपश्थिती ११२
अनुसूची २: कार्यक्रमका झलकहरु ११५

# परिच्छेद १: मध्यमकालीन खर्च संरचनाको परिचय

## १.१ पृष्ठभूमि

हरेक मुलुकमा नागरिकहरुका आवश्यकता र आकांक्षा असमित हन्छन तर स्रोत सिमित हुन्छन । सिमित साधन र श्रोतको उच्चतम उपयोग गरी द्रुत , सन्तुलित र दिगो विकास हाँसिल गनए योजनाबद्ध विकासको अवधारण शुरु भएको पाईन्छ । यस अन्तर्गत सर्वप्रथम आवधिक विकास योजना तर्जुमा गरी योजनाको लक्ष्य हासिल गर्न कार्यक्रम तथा बजेट तर्जुमा गरी लागु गरिन्छ । आवधिक विकास योजना सामान्यतया ५ वर्षको लागि तयार गरिन्छ । निर्वाचित जनप्रतिनिधीहरुको कार्यकाल पनि ५ वर्षको हुने भएकोले आफुले वनाएको योजनाको कार्यान्वयन आफ्नै कार्यकालमा पूरा गरी जनता विच गरिएको वाचा पुरा गर्ने अवसर मिल्दछ । कानुनी व्यवस्था अनुसार हरेक आर्थिक वर्षको लागि तीनै तहका सरकारले तोकिएको मितिमा वार्षिक कार्यक्रम तथा बजेट घोषणा गर्दछन् । आवधिक विकास योजना र वार्षिक कार्यक्रम तथा बजेट बीच तालमेल नमिल्ने अवस्था पनि देखा पर्ने भएकोले ३ वर्षे मध्यमकालिन खर्च संरचना तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।

आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रमवीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापलाई प्रभावकारी वनाउने मुल उद्देश्यका साथ आ.व. २०५९/६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले समेत स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको सन्दर्भमा कपुरकोट गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तयार पारेको हो ।

मध्यमकालीन खर्च संरचना तर्जुमावाट मूलत वजेटको अभाववाट कार्यकम तथा आयोजनाहरु अधुरो हुने अर्थात वजेट सुनिश्चितता जोड दिने र १५ औं योजनाले निर्दिष्ट गरेको राष्ट्रिय लक्ष्य, प्राथमिकता क्षेत्र तथा दिगो विकास लक्ष्यका क्षेत्रमा वजेट खर्च भई सरकारको दीर्घकालीन लक्ष्य (समृद्ध नेपाल, सुखी नेपाली), वि.सं. २१०० सम्म समुन्नत राष्ट्र तथा अतिकम विकासित राष्ट्रवाट मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुनेमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक योजना वीच तादात्म्यता तथा सामन्जस्यता कामय राख्ने सेतुको रुपमा रहने हुँदा यो महत्वपूर्ण छ । हरेक वर्ष वजेट कार्यान्वयन पश्चात समीक्षा हुने, समीक्षाको आधारमा वजेट परिमार्जन तथा प्रक्षेपण भई वजेट वस्तुपरक र यथार्थपरक हुने हुँदा यसवाट विनियोजनामा कुशलता आउने, कार्यान्वयन दक्षता अभिवृद्धि हुने र वित्तीय सुशासन समेत कायम हुने हुन्छ । दीर्घकालीन सोचका आधारमा आवधिक लक्ष्य, उद्देश्य र रणनीतिहरु एवं कार्यनीति तर्जुमा हुने, सोको आधारमा त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा हुने र त्यसलाई कार्यान्वयन गर्न वार्षिक वजेट तथा विकास कार्यकम तर्जुमा

गर्ने गरिन्छ । वास्तवमा वार्षिक विकास कार्यक्रमहरु आवधिक लक्ष्य, उद्देश्यहरु हासिल गर्नका लागि वजेट सहित कार्यान्वयनमा ल्याइन्छ र वार्षिक वजेटमा तिनै लक्ष्य, उद्देश्य, नतिजा र उपलव्धिसंग आवद्ध गर्ने गरिन्छ ।

उपरोक्त पक्षहरुलाई मनन गर्दै कपुरकोट गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार भएको छ । दीर्घकालीन सोच, समष्टिगत लक्ष्य र विषयक्षेत्रगत उद्देश्य एवं रणनीतिहरु खण्ड दुइमा उल्लेख भएको हुंदा सोही आधारमा आगामी ३ वर्षका लागि मध्यमकालीन खर्च संरचना तर्जुमा भएको छ । यो संरचनामा उल्लिखित आयोजना कार्यक्रमहरु समेटिने गरी वार्षिक वजेट तथा कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइने छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी समष्टिगत वित्तीय खाका (Medium Term Fiscal Framework–MTFF) निर्धारण गरिन्छ । स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिन्छ । संघ तथा प्रदेशबाट स्थानीय तहलाई विभिन्न शीर्षकमा प्राप्त हुने स्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन तथा क्षेत्रगत प्राथमिकता अनुरूप बिषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको बजेट खाका (Medium Term Budgetary Framework – MTB) तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ । यसमा पहिलो वर्ष बजेट अनुमान हुन्छ जुन चाहि वार्षिक बजेटसँग तादम्यता रहन्छ र बाँकी दुई वर्षको प्रक्षेपण गरिन्छ । पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण थप गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । यसैकारण यसलाई चक्रिय योजना (Rolling Plan) समेत भनिन्छ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो । यो उपलब्ध सीमित स्रोतलाई सरकार सञ्चालन र विकासका विभिन्न क्षेत्रमा बाँडफाँट गर्ने तीन वर्षीय चक्रीय खर्च योजना हो । अर्को

शब्दमा मध्यमकालीन खर्च संरचना निर्दिष्ट लक्ष्य प्राप्तिका लागि आवधिक योजना र वार्षिक बजेटलाई जोड्ने पुलको कार्य गर्ने संयन्त्र हो । कपुरकोट गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तयार पार्नुका मुलभूत उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(क) गाउँपालिकाको वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउने,

(ख) आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्ने,

(ग) गाउँपालिकालाइ प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

(घ) उपलब्ध श्रोत साधनलाई स्थानीय तहको नीति, आवधिक योजना र वार्षिक बजेट बीच तालमेल गराई वार्षिक बजेट तथा कार्यक्रमको स्थिरता र सुनिश्चिता गर्ने ।

(ङ) स्थानीय सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन, खर्चको पारदर्शिता बढाउन तथा वित्तीय अनुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनमा सहयोग पुर्याउने ।

(च) गाउँपालिको बजेट अनुमानलाई वास्तविक, सार्वजनिक खर्चलाई बढी प्रभावकारी र नतिजामूलक बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न ऐन, नीति, नियमको कार्यान्वयन तथा दिर्घकालिन योजना र आवधिक योजनाको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । यो मध्मकालिन खर्च संरचना तयार गर्दा देहायमा उल्लेखित कानुनी प्रावधानहरुलाई आधारको रुपमा लिइएको छ :-

(क) नेपालको संविधान

(ख) दिगो विकासका लक्ष्य (२०१५-२०३०)

(ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(घ) मध्यमकालीन खर्च संरचना तर्जुमा दिगदर्शन, २०७८

(ङ) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमालवी २०७७

(च) गाउँपालिकाको पञ्चवर्षिय आबधिक विकास योजना (२०८०-२०८४)

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

कपुरकोट गाउँपालिकाको आवधिक योजनाको आधारमा यस गाउाँपालिकाको मध्यमकालीन खर्च संरचना तयारीका सम्बन्धमा देहायअनुसार प्रक्रियागत चरणहरू पुरा गरी तयार गरिएको छ :

**त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी** : गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको संशोधित अनुमान र प्रस्तुत स्रोतको प्रक्षेपणको आधारमा सम्बन्धित विषयगत समिति, विषयगत शाखा/उपशाखा/इकाई, वडा कार्यालयहरु र सहयोगी निकायहरु बीच नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक अनुमान तयार गरियो । श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तयार गरेको गाउँपालिकाको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, गाउँपालिकाको वित्तीय स्थिति, वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गरियो ।

**आयोजनाको छनौट र प्राथमिकता निर्धारण:** गाउँपालिकाको आवश्यकता, समस्या र संभावना अनुसार कार्यान्वयनयोग्य र बढी प्रतिफल प्राप्त हुने विभिन्न विषय क्षेत्रगत आयोजनाको पहिचान, संभाव्यता अध्ययन/विश्लेषण, सर्वेक्षण, डिजाइन तथा विस्तृत अध्ययन प्रतिवेदनको आधारमा आयोजनाहरुको प्राथमिकता निर्धारण गरियो ।

**मध्यमकालीन खर्च संरचना र कार्यक्रम र बजेट प्रस्ताव:** स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्रदान गरिएको बजेटको सीमा र मार्गदर्शन भित्र रही आवश्यकता र प्राथमिकताका आधारमा छनौट भएका आयोजना तथा कार्यक्रमको त्रिवर्षिय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्ताव गरियो ।

**विषयगत प्राविधिक समितिमा छलफल:** विषयगत शाखा/इकाई र वडा कार्यालयबाट प्रस्तावित त्रिवर्षिय खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना र आगामी आ.व.को बजेटलाई सम्बन्धित विषयगत समितिमा छलफल गरियो । यस प्रकार छलफल गर्दा नेपालको संविधान, मौलिक हक, राज्यका नीति तथा सिद्धान्तहरु, स्थानीय तहको अधिकारको क्षेत्र, दीगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रदेशको दीर्घकालिन सोच, पन्ध्रौ योजना, गाउँपालिकाका समस्या र संभावना आदी विषयहरुलाई मध्यनजर गरी छलफल गरियो ।

**मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी:** विषयगत समितिमा छलफल पश्चात प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो ।

**गाऊँ सभामा मध्यमकालीन खर्च संरचना प्रस्तुत :** उपरोक्त विधि र प्रक्रिया बमोजिम तयार पारीएको मध्यमकालीन खर्च संरचना र गाऊँपालिकाको कार्यपालिकाबाट स्वीकृत गरिनेछ । आन्तरिक आयको प्रक्षेपण, राजस्व बाँडफाँट, नेपाल सरकार तथा प्रदेश सरकार र अन्य क्षेत्रबाट प्राप्त हुने अनुदान एवम् आन्तरिक ऋणको प्रक्षेपणसहित बजेटको उद्देश्य, नीति, प्राथमिकता, दीर्घकालीन सोच एवम् योजनाले निर्धारित गरे बमोजिम आगामी वर्ष संचालन गरिने कार्यक्रमहरूलाई समेत समेटी आगामी आर्थिक वर्षको आय व्यय विवरण बजेट बक्तव्य मार्फत गाउँ कार्यपालिकामा स्वीकृत गरी सभामा पेश गरियो र बार्षिक बजेटसँगै मध्यमकालीन खर्च संरचना समेत गाउँसभामा पेश गरी आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम सभाबाट स्विकृत गरिनेछ ।

## १.६ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको हुन्छ । :-

### क) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ६६ बमोजिमको समितिले गर्दछ । समितिको संरचना परिच्छेद ४ को दफा ४.६.२ मा उल्लेख गरिएको छ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ । :-

(क) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने;
(ख) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने;
(ग) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने ।

### ख) मध्यमकालीन खर्च संरचना प्राविधिक समिति/कार्यदल

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको एक प्राविधिक समिति/कार्यदल रहनेछ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आकलन, परिमार्जनका साथै महाशाखा/शाखा अन्तर्गतका मध्यमकालीन खर्चसंरचना तर्जुमा सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने तथा सो महाशाखा/शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गर्छ :-
(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) विषयगत विभाग/महाशाखा/शाखा प्रमुखहरू - सदस्य
(ग) योजना विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख - सदस्य सचिव

कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्नसक्छ ।

मध्यमकालीन खर्च संरचना बजेट तयारी गर्ने सन्दर्भमा कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पन्न गर्दछः-
(क) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने;
(ख) मध्यमकालीन खर्च संरचना तयारी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने;
(ग) विषयगत महाशाखा/शाखा तथा समितिहरूसँग आवश्यक समन्वय गर्ने;
(घ) मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने;
(ङ) मध्यमकालीन खर्च संरचना सम्बन्धी अन्य कार्यहरू गर्ने ।

### ग) विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शन भित्र रही विषयगत महाशाखा/शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा

छलफल, विश्लेषण र पुनः प्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि गठित विषयगत समितिहरूले गर्नुपर्नेछ । मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहायबमोजिमका कार्यहरू गर्नुपर्नेछ :

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने;
(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्चसंरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने;
(ग) कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

## घ) बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिमा प्रस्ताव भएका कार्यक्रम/आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपणसहित तयार विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम छ :-

(क) खर्चको माग र स्रोतको विश्लेषण गरी विषय क्षेत्रगत खर्चको माग र स्रोतको विवरण तयार गर्ने;
(ख) विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्ने;
(ग) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोत पुस्तिकालाई आधार लिई खर्च तथा स्रोत अनुमान सहितको मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने;
(घ) स्थानीय आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकका आधारमा तोकिएको ढाँचामा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने;
(ङ) विषय क्षेत्रगत सन्तुलन तथा प्राथमिकता कायम हुनेगरी स्रोत विनियोजन तथा प्रक्षेपण गर्ने; र
(च) मध्यमकालीन खर्च संरचनालाई अन्तिम रूप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने ।

## १.७ मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी तुलनात्मक कार्यतालिका

वार्षिक बजेट र मध्यमकालीन खर्च संरचना तर्जुमाको काम संगसंगै अघि बढाउनु पर्दछ । चालु आर्थिक वर्षको लागि खर्च संरचना तर्जुमा गरिएको छ भने त्यसमा आगामी दुई वर्षको प्रक्षेपित बजेट तथा कार्यक्रमहरु समेत समावेस गरिएको हुन्छ । आगामि आ.ब.को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मध्मकालीन खर्च संरचनामा उल्लेख गरिएका सीमा र प्रक्षेपणलाई आधार मानिएको छ । मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न तय गरिएका काम र समय सीमा तल देखाईएको छ ।

## मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यहरु

| | | |
|---|---|---|
| बजेट, कार्यक्रम र दस्तावेज उपर छलफल गरी सभाबाट स्वीकृति | असार मसान्तभित्र | मध्यमकालीन खर्च संरचना र बजेट पुस्तिका प्रकाशन |
| बजेट तथा कार्यक्रम कार्यपालिका वाट पारित गरी सभामा पेश | असार १० गत भित्र | मध्यमकालीन खर्च संरचनाको स्वीकृति |
| बजेट तथा कार्यक्रमको एकीकृत मस्यौदाको प्रस्ताव तयारी | असार ५ गतेभित्र | मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी |
| वडास्तरीय र विषय क्षेत्रको बजेट तथा कार्यक्रमको प्रस्ताव बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश | जेठ २५ गतेभित्र | विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना मस्यौदा विषयगत समितिमा छलफल |
| वडा समिति र विषयगत महाशाखा/शाखाबाट विषय क्षेत्र आयोजना/कार्यक्रमको प्राथमिकीकरण | जेठ १५ गतेभित्र | विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी |
| बस्ती र टोलस्तरमा योजना छनौट र वडा समितिमा पेश | बैशाख १५ गत भित्र | बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण |
| कूल श्रोत तथा बजेट अनुमान, बजेट सीमा निर्धारण, मार्गदर्शन तयारी एवम् महाशाखारशाखा र वडा कार्यालयमा संप्रेषण | बैशाख १० गतेभित्र | बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट |
| नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा सभामा पेश | बैशाख ७ गतेभित्र | त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आँकलन |
| प्रदेश सरकारबाट बाँडफाँट भई प्राप्त हुने राजस्व र वित्तीय हस्तान्तरणको खाका प्राप्ति | चैत मसान्त/बैशाख ७ गतेभित्र | चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा |
| नेपाल सरकारबाट राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको सीमा प्राप्ति | फागुन मसान्त भित्र | कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई |

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना निर्माण

## २.१ पृष्ठभूमि

मुलुकको विकासका लागि कुशल व्यवस्थापन र व्यवस्थापनका क्षेत्रमा सार्वजनिक वित्त व्यवस्थापनको विशेष स्थान रहेको छ । स्रोत साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तिय अनुशासन जस्ता पक्षहरु सार्वजनिक वित्तको प्रभावकारी र कुसल परिचालनका लागि महत्वपूर्ण पक्षहरु हुन् भने यी पक्षहरुको प्रभावकारी व्यवस्थापनको मुख्य औजारको रुपमा मध्यकालीन खर्च संरचना रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले संघ, प्रदेश तथा स्थानीय पष्तहले सार्वजनिक आय व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त प्रावधान अनुसार मध्यकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा बजेट विनियोजनमा आवश्यकताको पुष्ट्याइलाई समेट्नुपर्ने प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यस पछीका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलव्धी समेत उल्लेख हुनुपर्ने व्यवस्था छ । यसै गरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ६ तथा नियमावली २०७७ को नियम ११ मा समेत यस सम्बन्धि व्यवस्था रहेको छ ।

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको थियो । संघीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो आवश्यकता र प्राथमिकता अनुसारका विषयहरु समावेश गरेर सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्त ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुट्याउनु पर्ने व्यवस्था रहेकोछ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारको रुपमा गाउँपालिको तय गर्न लागेको आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना (२०७९/८० -२०८२/८३) तर्जुमा गरिएको छ ।

## २.२ दीर्घकालीन सोच, लक्ष्य तथाउद्देश्य

### सोच

**"कृषि, पर्यटन र पूर्वाधार, कपुरकोट गाउँपालिकाको विकासको आधार"**

### समष्टीगत लक्ष्य

- प्राकृतिक स्रोतको समूचित उपयोग, स्थानीय पूँजीको विकास र प्रविधीको उच्चतम प्रयोगद्धारा आर्थिक तथा सामाजिक विकास गर्दै समतामा आधारित सभ्य र समन्यायिक समाज तथा समृद्ध गाउँपालिकाको निमार्ण ।

## समष्टीगत उद्देश्य

### (क) आर्थिक क्षेत्र

प्राकृतिक स्रोतको दीगो व्यवस्थापन मार्फत कृषि, पशु, पर्यटन उत्पादन वृद्धि गर्दै स्थानीय रोजगारीका अवसरहरु वृद्धी गर्ने र सामाजिक न्याय प्रवर्द्धन हुने गरी उद्यमशिलताको विकास गर्ने ।

### (ख) सामाजिक क्षेत्र

स्वास्थ्य र शिक्षालाई सर्वसुलभ र निशुल्क बनाउँदै सवै वर्ग तथा समुदायको समन्यायीक विकासका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरणका आधारमा स्थानीय भाषा, धर्म, कला तथा साहित्यको प्रवर्द्धन गर्दै समृद्ध समाज निर्माण गर्ने ।

### (ग) पूर्वाधार विकास

दीगो विकासका लक्ष्यसँग परिपुरक हुने गरी सार्वजनिक निर्माण (प्रशासनिक भवन, विद्यालय भवन, सामाजिक भवन, मठ मन्दिर, गुम्वा, उद्यान, संग्रालय, पुल पुलेसा आदि) सडक, सञ्चार, उर्जा, सिंचाई, स्वच्छ खानेपानी तथा सरसफाइ, सूचना प्रविधि सहितको (स्मार्ट गाउँपालिका) अवधारणा अनुरुप विकास गर्ने ।

### (घ) सुशासन तथा संस्थागत विकास

सार्वजनिक प्रशासन तथा सेवा प्रवाहलाई प्रविधि मार्फत नागरिकमैत्री बनाई स्थानीय सरकारलाई नतिजामूखी र प्रभावकारी बनाउन तथा जवाफदेही नेतृत्व विकासका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र र नागरिक समाजसँग सहकार्य र समन्वय मार्फत पारदर्शिता र सुशासन अभिवृद्धि गर्ने ।

## २.३ समष्टीगत रणनीतिहरु

- कृषि, मासु तथा दुधजन्य उत्पादनमा स्थानीयस्तरमा आत्मनिर्भर हुन कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिकीकरण गर्ने ।
- खनिज सम्पदाको दीगो उपयोग मार्फत रोजगारी सिर्जना गर्ने ।
- स्थानीय सीप, प्रविधि र पूँजीको उच्चतम उपयोग एवं संरक्षण गर्दै स्थानीय रोजगारी सिर्जना र स्वरोजगार प्रवर्द्धन गर्ने ।
- निःशुल्क तथा सर्वसुलभ शिक्षा, दीगो स्वास्थ्य सुविधा सुनिश्चित गर्दै समन्यायमा आधारित समतामूलक समाज निमार्ण गर्ने ।
- लैङ्गिक तथा सामाजिक समावेशिकरण अभिवृद्धि गर्दै स्थानीय भाषा, धर्म, कला तथा साहित्यको संरक्षण, प्रवर्द्धन र विकास गर्ने ।
- आधुनिक सडक सञ्जाल मार्फत स्थानीय उत्पादनको बजारीकरण गर्ने ।
- नागरिकहरुको सुरक्षित र व्यवस्थित आवासको हकलाई आत्मसात गर्दै विपद जोखिम न्यूनिकरण हुने गरी सुरक्षीत बसोवासको प्रवन्ध गर्ने ।

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक सहकार्य मार्फत सामुहिक खेती एवं उत्पादनमूलक क्षेत्रमा उद्योग र व्यवसाय प्रवर्द्धन गर्ने ।
- प्रविधीमैत्री सार्वजनिक प्रशासन मार्फत भ्रष्ट्राचार विरुद्ध शुन्य सहनशिलता अवलम्बन गदै पारदर्शि, नमुनायोग्य र परिणाममूखी स्थानीय शासन व्यवस्था सुनिश्चित  गर्ने ।
- स्थानीयस्तरमा योजना छनौट देखि कार्यान्वयन तहसम्म नागरिक समाजसँग सहकार्य र समन्वय गर्ने ।
- खोलानाला तटबन्धनसँगै सडक करीडोरको विकास गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।
- खेलकुदको क्षेत्रको विकास गरी राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने ।
- खोला उकास, कटान र पहिरो रोकथामका लागि एकिकृत योजना सञ्चालन गर्ने र उक्त कार्यबाट विकास संरक्षण भएको जमिनमा सामुहिक खेति, उच्चमुल्य  तथा बहुबर्षे नगदेवाली विकास गरि स्थानीय आयका अवसर बढाउने ।
- वाल उद्यान एवं खुला मनोरञ्जन क्षेत्रको विकास गर्ने ।
- नीजि तथा ब्यवसायिक क्षेत्रसँगको साझेदारीमा फोहोर मैला ब्यवस्थापन, सार्वजनिक सम्पतीको रक्षा, माहामारी तथा विपत बचाउ परियोजना सञ्चालन गर्ने ।
- स्थानीय कच्चापदार्थ, प्राकृतिक वस्तु र खनिजमा आधारित लघुउद्यम विकास गर्न विशेष औद्योगीक क्षेत्र विकास गर्ने ।
- योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा नागरिक समाज, टोल विकास संस्था, आमा समुह, यूवा क्लव, वाल क्लव आदिको सकृयता बढाउने ।

## २.४ प्राथमिकताका क्षेत्रहरु

गाउँपालिकाले अङगिकार गरेको दीर्घकालीन सोच, आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

- दिगो स्रोतको पहिचान, मानव पुँजी निर्माण र प्रयोग ।
- उच्च तथा दिगो उत्पादन र उत्पादकत्व ।
- सुरक्षित आवास, शान्ति सुरक्षा र सुशासन ।
- स्वास्थ्य, सन्तुलित पर्यावरण र सामाजिक संरक्षण ।
- दिगो, सन्तुलीत र सर्वसुलव भौतिक पूर्वाधार ।
- भाषा तथा कला संस्कृतिको उत्थान र विकास ।
- लोकतन्त्र, सामाजिक न्याय र सम्मान ।

## २.५ मध्यमकालीन आर्थिक खाका

कपुरकोट गउँपालिकाको आवधिक विकास योजना तथा गाउँपालिकाको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको आर्थिक खाका तयार गरिएको छ । सो अनुसार सूचकहरुको विद्यमान स्थिति गत/चालु आर्थिक वर्षको उपलव्धी तथा आगामी ३ आर्थिक वर्षको लक्ष्य निम्नानुसार तालिका नं. मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १: मध्यमकालिन आर्थिक खाका

| आर्थिक खाका | | | |
|---|---|---|---|
| सुचकहरु | इकाइ | आधार बर्षको उपलब्धि ( आ.व.२०७९/८०) | मध्यमकालिन लक्ष ( आ.व.२०८२/८३) |
| कृषिको कुल गार्हस्थ उत्पादन | रुपैंया करोडमा | १२०.१४ | १५५.४१ |
| उद्योग, व्यापार र व्यावसाय | संख्या | १११ | १५१ |
| औद्योगिक रोजगारी | संख्या | १५५ | २०१ |
| होमस्टे (सामुदायिक र नीजि) | संख्या | ९ | ११ |
| व्यवसायिक रुपमा कृषिजन्य वस्तु, पशुपन्छी, माछा, मह आदिको उत्पादनमा संलग्न कम्पनी/फर्म/फार्महरुको | संख्या | २९१ | ३४३ |
| आफ्नो उत्पादनले बर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ९.३३ | १५ |
| प्रतिव्यक्ति आय | रु | ८५०९६ | १२०००० |
| औषत पारिवारिक आय | रु | ३६२५०० | ५११००० |
| समग्र बेरोजगारी दर | प्रतिशत | २२.५ | १८ |

श्रोत: वडा सर्भे २०७९

## २.६ मध्यमकालिन नतिजा खाका

गउँपालिकाको आवधिक विकास योजना तथा गाउँपालिकाको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको नतिजा खाका तयार गरिएको छ । सो अनुसार सूचकहरुको विद्यमान स्थिति गत/चालु आर्थिक वर्षको उपलव्धी तथा आगामी ३ आर्थिक वर्षको लक्ष्य निम्नानुसार तालिका नं. मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २: समष्टिगत नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | गत आ.व. २०७८/७९ को उपलब्धि | चालु आ.व. २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | मानव विकास सूचकांक | सूचकांक | ०.५८८ | ०.५८९ | ०.५९० | ०.५९८ | ०.५९९ |
| २ | औसत आयु | वर्ष | ७० | ७०.५ | ७१ | ७१.५ | ७२ |
| ३ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ९.६८ | ९।२ | ९ | ८.५ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | साक्षरता दर | प्रतिशत | ७९.८ | ७९.८ | ८२ | ८५ | ९० |
| ६ | प्राविधिक तथा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | जना | १००३ | १२०० | १४०० | १६०० | १८०० |
| ७ | गैर कृषिक्षेत्रमा निर्भर जनसंख्या | प्रतिशत | ५० | ४८ | ४५ | ४२ | ४० |
| ८ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | | | ५ | ७ | ८ |
| ९ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | | १५ | १८ | २१ | २४ |
| १० | स्थानीय सडक (धुले) | कि.मि. | | १४७ | १६२ | १७७ | १९३ |
| ११ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९९ |
| १२ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ६२.४ | ६५ | ८५ | ९० | ९५ |
| १३ | सोलार प्रणाली जडान भएको परिवार | प्रतिशत | ३४.६ | ३४.७ | ३५ | ३५.४ | ३६ |
| १४ | पाइपबाट बितरित खानेपानी उपभोग गर्ने परिवार | प्रतिशत | ८८.४ | ९० | ९२ | ९४ | ९६ |
| १५ | ५ वर्ष मुनीका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ९४.५ | ९५ | ९७ | ९८ | ९९ |
| १६ | ५ वर्ष मुनिको बाल मृत्युदर | प्रतिहजार जीवित जन्ममा | | ९ | ८.३ | ७.६ | ७ |
| १७ | कम तौल भएका बालबालिका | प्रतिशत | | १४.७० | १२ | ९ | ६ |
| १८ | रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | संख्या | ६६.४७ | ६६.८७ | ६७ | ६७.३ | ६७.५ |
| १९ | स्थानीय सेवा प्रवाहमा आएका गुनासो समाधान | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ |

## २.७ वजेटको त्रिवर्षिय अनुमान

तालिका नं. ३० मा गत २ आ.ब.को यथार्थ र चालु आ.ब. २०७९।०८० को संसोधित अनुमानित पुजिगत तथा चालु खर्चको अबस्था देखाईएको छ । यसैको आधारमा तालिका नं. ४ मा कपुरकोट गाउँपालिकाको आगामी ३ बर्षकालागि प्रक्षेपित वजेट परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ । प्रक्षेपित वजेट आ.व. २०८०।०८१ मा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त अन्तरसरकारी वित्तिय हस्तान्तरण खाका आ.व. २०८०।८१ को आधारमा र थप २ आ.व.को वजेट प्रति वर्ष ७ प्रतिशतले बृद्धि हुने अनुमानका आधारमा तयार पारिएको हो । आ. व २०७७/७८ मा कुल ३३७४ लाख वजेट परिचालन भएको थियो भने आ.ब. २०७८।७९ मा जम्मा बजेट रु ३७८० लाख बजेट परिचालन भएको थियो । चालु आ.ब. २०७९।८० मा कुल बजेट परिचालन ५०५२ लाख हुने अनुमान गरिएको छ र यसमा संसोधित अनुमानमा बजेट घटने देखिनछ । **आगामी ३ बर्ष आ.व. २०८०।८१ देखि आ.व.०८२/८३ सम्म गाउँपालिकाको कुल बजेट रु १२८ करोड ७६ लाख ६५ हजार** हुने प्रक्षेपण गरिएको छ। कुल परिचालित वजेट मध्ये **चालु खर्च ७३.५ प्रतिशतले रु ९४** करोड **६४ लाख २६ हजार र पुजिगत खर्च २६.५ प्रतिशतले रु ३४ करोड १२ लाख ३९ हजार खर्च हुने प्रक्षेपण गरिएको छ ।** त्यसैले कपुरकोट गाउँपालिकाको योजना तर्जुमा कार्यशालाले आगामी ३ वर्षका लागि सुझाएका

पूजिगत तर्फका आयोजनाको कार्यान्वयनका लागि गाउँपालिकालाई प्राप्त हुन सक्ने सुनिश्चित वित्तिय स्रोतबाट प्राप्त हुने **अनुमानित वजेट ३४ करोड १२ लाख ३९ हजार वरावर रहे**को छ ।

### तालिका नं.  नं. ३: आ.ब. २०७७।०७८, २०७८।०७९ को यथार्थ र आ.ब. २०७९।०८०  अनुमानित खर्च

| शिर्षक | आ.व. : २०७७/७८ | प्रतिशत | आ.व. : २०७८/७९ | प्रतिशत | आ.व. : २०७९/८० | प्रतिशत |
|---|---|---|---|---|---|---|
| चालु | १९१५५७५९३.०९ | ६२.८३ | २०९५८१२१८. | ६३. | २७०३५८००० | ५३ |
| पूंजीगत | ११३३११९६७. | ३७.१७ | १२१३१०१७५.७ | ३७. | २३६८९४००० | ४७ |
| **जम्मा** | **३०४८६९५६०.०९** | **१००.** | **३३०८९१३९३.७** | **१००.** | ५०७२५२००० | १०० |

कपुरकोट गाउँपालिकाको  त्रिवर्षिय  आयको अनुमानको विस्तृत खाका तलको तालिकामा  प्रस्तुत गरिएको छ ।

### तालिका नं.  ४:  त्रिवर्षिय वजेट  आय  प्रक्षेपण

| शिर्षक | वास्तविक आय आ.व. : २०७७।७८ | वास्तविक आय आ.व. : २०७८।७९ | अनुमानित आय आ.व. : २०७९।८० | अनुमानित आय आ.व. : २०८०।८१ | अनुमानित आय २०८१।८२ | अनुमानित आय आ.व. : २०८२।८३ | जम्मा अनुमानित आय |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | २१६३५४९१६ | २५०२९४६८३ | २९८९००००० | २७८०००००० | २९७४६०००० | ३१८२८२२०० | ८९३७४२२०० |
| १३३११ समानिकरण अनुदान | ८२९००००० | ८७१००००० | ९२५००००० | ८१३००००० | ८६९९१००० | ९३०८०३७० | २६१३७१३७० |
| १३३१२ शसर्त अनुदान चालु | १३३४५४९१६ | १३५८२२५०६ | १३८४००००० | १५३३००००० | १६४०३१००० | १७५५१३१७० | ४९२८४४१७० |
| ३३१३ शसर्त अनुदान पुंजीगत | ० | १८१५३५१५ | २८०००००० | २६९००००० | २८७८३००० | ३०७९७८१० | ८६४८०८१० |
| ३३१५ विषेश अनुदान पुँजीगत | ० | ९००००० | ३०००००००० | ८५००००० | ९०९५००० | ९७३१६५० | २७३२६६५० |
| ३३१७ समपुरक अनुदान पुँजीगत | ० | ८३१८६६२ | १०००००००० | ८०००००० | ८५६०००० | ९१५९२०० | २५७१९२०० |
| प्रदेश सरकार | २८४८३०६४ | २६३२५७५८.७ | ३७१९४००० | ३७५८७००० | ४०२१८०९० | ४३०३३३५६ | १२०८३८४४६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३११ समानिकरण अनुदान | ९९२४००० | ८८३४००० | ८८३४००० | ८८३५००० | ९४५३४५० | १०११५१९२ | २८४०३६४२ |
| ३३१२ शसर्त अनुदान चालु | २३५८९६९ | १०१५०८५९ | ५४०००० | ६३५२००० | ६७९६६४० | ७२७२४०५ | २०४२१०४५ |
| ३३१३ शसर्त अनुदान पुंजीगत | ० | ० | १२०००००० | १४८००००० | १५८३६००० | १६९४४५२० | ४७५८०५२० |
| ३३१५ विषेश अनुदान पुंजीगत | ० | ० | ५८२०००० | ० | ० | ० | ० |
| ३३१७ समपुरक अनुदान पुँजीगत | ० | ७३४०८९९.७ | १०००००००| ० | ० | ० | ० |
| ३३१४ विषेश अनुदान | ३४३३३७२ | ० | ० | ७६००००० | ८१३२००० | ८७०१२४० | २४४३३२४० |
| ३३१६ समपुरक अनुदान चालु | १२७६६७२३ | ० | ० | ० | ० | ० | ० |
| राजश्व बाँडफाँड | ५५३३२१८८ | ६४३२३७०५.९६ | ८०७६१००० | ७९०४३९०० | ८४५७६९७३ | ९०४९७३६१ | २५४११८२३४ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ६६४८२९ | ८६३८०३ | ८००००० | ० | ० | ० | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४१९८८१४४ | ४७३०९९४०.२२ | ७९१६१००० | ७८३५०९०० | ८३८३५४६३ | ८९७०३९४५ | २५१८९०३०८ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १२१५४३२९ | १५२६९२८२.६२ | ० | ० | ० | ० | ० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५१३७८८ | ७५३१२९.७६ | ७००००० | ६९३००० | ७४१५१० | ७९३४१६ | २२२७९२६ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ११०९७ | १२७५५०.३६ | १००००० | 0 | ० | ० | ० |
| अन्तरिक श्रोत | ४०६०९७० | ४६०१३१८.८२ | ५०००००० | ४५००००० | ४८१५००० | ५१५२०५० | १४४६७०५० |
| ११३१४ भुमिकर/मालपोत | १५३६५२१ | ६२५४९४.२४ | १०००००० | ९००००० | ९६३००० | १०३०४१० | २८९३४१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११३२२ वहाल विटौरी कर | ० | ० | ५०,०००.०० | ५०००० | ५३५०० | ५७२४५ | १६०७४५ |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | १९३९१३ | ३८१६६१.२४ | ५००००० | ४००००० | ४२८००० | ४५७९६० | १२८५९६० |
| ११३२१ घरवहाल कर | २८९१७८ | ९२,९४६.०० | २००००० | २००००० | २१४००० | २२८९८० | ६४२९८० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० | १००००० | १००००० | १०७००० | ११४४९० | ३२१४९० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ० | १००००० | १००००० | १०७००० | ११४४९० | ३२१४९० |
| ११६९१ अन्य कर | २१९३९८ | ५००१७७.३४ | ५००००० | ४८०००० | ५१३६०० | ५४९५५२ | १५४३१५२ |
| १४२२१ न्यायिक दस्तूर | १२०० | ९०० | १०,०००.०० | १०००० | १०७०० | ११४४९ | ३२१४९ |
| १४२२४ परीक्षा शुल्क | ४६५०० | ० | ४०,०००.०० | ४०००० | ४२८०० | ४५७९६ | १२८५९६ |
| १४२४२ नक्सापास दस्तुर | ० | ० | १००००० | १००००० | १०७००० | ११४४९० | ३२१४९० |
| १४२४३ सिफारिश दस्तुर | १४९३९१० | १४७३६५५ | १८००००० | १७००००० | १८१९००० | १९४६३३० | ५४६५३३० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ११४७५० | २२३१०० | २५०००० | २५०००० | २६७५०० | २८६२२५ | ८०३७२५ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६३६०० | ७८,४००.०० | २००००० | २०००० | २१४०० | २२८९८ | ६४२९८ |
| १४२५४ रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ० | ० | ५०,०००.०० | ५०००० | ५३५०० | ५७२४५ | १६०७४५ |
| १४३१३ धरौटी सदरस्याहा | ० | ० | ० | ० | ० | ० | ० |
| १५१११ बेरूजू | १०२००० | १२२४९८५ | १००००० | १००००० | १०७००० | ११४४९० | ३२१४९० |
| बैंक मौज्दात् | ३३१७०९७७ | ३२५३२५५६.१६ | ८५३९७००० | ४५०००००० | ० | ० | ४५०००००० |
| जम्मा | **३३७४०२११५** | **३७८०७८०२३** | **५०७२५२०००** | **४०३६३०९००** | **४२७०७००६३** | **४५६९६४९६७** | **१२८७६६५९३०** |

### तालिका नं. ५: आ.ब. २०८०।०८१ देखि आ.ब. २०८२।०८३ सम्मको त्रिबर्षिय खर्चको प्रक्षेपण

| शिर्षक | आ.व. : २०८०।८१ | आ.व. : २०८१।८२ | आ.व. : २०८२।८३ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| चालु | २९६६६०९०० | ३१३८९६४९६ | ३३५८६९२५१ | ९४६४२६६४७ | ७३.५ |
| पूंजीगत | १०६९७०००० | ११३१७३५६७ | १२१०९५७१६ | ३४१२३९२८३ | २६.५ |
| **जम्मा** | **४०३६३०९००** | **४२७०७००६३** | **४५६९६४९६७** | **१२८७६६५९३०** | १०० |

# परिच्छेद ३: आर्थिक विकास क्षेत्र

## ३.१ कृषि, पशुपन्छी तथा भूमि व्यवस्था

### ३.१..१ वर्तमान अवस्था

वेमौसमी तरकारी उत्पादनको लागि नेपालमै परिचित यस कपुरकोट गाउँपालिकाका १० वर्ष भन्दा माथिका ८०.१ प्रतिशत नागरिकहरुको प्रमुख पेशा कृषि रहेको छ । कृषि पेशामा संलग्न अधिकाम्स कृषकहरु वेमोसमी तरकारी खेति गर्ने गर्दछन । कपुरकोट गाउँपालिकाको अर्थतन्त्रको मुख्य आधारको रुपमा रहेको कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादन रु १२०.१४ करोड रहेको छ । कृषि भूमिको उत्पादकत्व ११४ के.जि.प्रति रोपनी छ । वार्षिक २ देखि ३ पटक औसतमा २५.८३ प्रतिशत बाली क्षेत्रमा रासायनिक मल प्रयोग गरिन्छ । प्राङ्गारिक बालीको अनुपात ३५.६७ प्रतिशत छ । कपुरकोट गाउँपालिकामा बंगुर, कुखुरा, तरकारी, पशुपंछी लगायतका व्यावसायिक कृषि वस्तु उत्पादन गर्ने फारमहरू ७३ वटा छन् ।

दुध उत्पादनमा गाउँपालिका आत्मनिर्भर बन्दै गएको छ भने तरकारीहरु नियमित रुपमा काठमान्डौं, वुटवल, दाङ, नेपालगञ्ज तथा तराईका विभिन्न क्षेत्रहरुमा निर्यात गर्दै आईरहेको छ । कृषि उपजको संकलन केन्द्र विभिन्न स्थानमा रहेको भए पनि तरकारी भण्डारण केन्द्रको अभावले कृषकहरुले उत्पादन भन्दा कम लागतमा विक्रि गर्नुपर्ने अवस्था रहेको छ । गाउँपालिकाले कृषकहरुको समस्या समाधान गर्दै कम लागतमा भूमिको उत्पादकत्व बढाउन पर्ने रहेको छ । कृषि उपजको लागि भण्डारण केन्द्रको सञ्चालन तथा व्यवस्थापन, सिंचाइ सुविधाको विस्तार लगायतका कार्यहरू गर्नु आवश्यक छ ।

कृषक समूहको प्रवर्द्धन, महिला एवं दलित कृषक समूहको गठन, पशुपालक समूहको गठन, यूवा लक्षित व्यावसायिक कृषि कार्यक्रम, कृषि तथा पशुसेवा प्रसारको पहुँचमा वृद्धि, भूमिमा प्राङ्गारिक मलको प्रयोगमा जोड, लगायतका गतिविधिमार्फत् कपुरकोटमा कृषि क्षेत्रको विकासका लागि प्रयास गरिएको भए तापनि सिंचाइ पुर्याउन सकिने २८.८८ प्रतिशत जमीनमा सिंचाइ सुविधा पुऱ्याउन सकिएको छैन । किसानको वित्तीय स्रोतमा सहज पहुँच पुग्न सकेको छैन । सबै बस्तिहरुमा दक्ष कृषि जनशक्तिको पहुँच कम हुँनु, आवश्यक भण्डारण केन्द्रमा सबै सेवाग्राहीको पहुँच पुगेको छैन ।

कपुरकोट गाउँपालिकामा १ वडा १ कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनु, पशुपन्छी विकासमा सुधार हुँदै जानु, यूवा लक्षित व्यावसायिक कृषि कार्यक्रमबाट यूवा लाभान्वित हुनु, कृषि तथा पशु फर्मको विस्तार हुनु, कृषि केन्द्रित सहकारी गतिविधि बढ्दै जानु यस क्षेत्रका अवसरहरू हुन् । हाटबजारको विस्तार एवं आधुनिकीकरण, सिंचाइ सुविधाको विस्तार गरी कृषि उत्पादकत्व बढाउनु, सहकारीको उत्पादनशील क्षेत्रमा लगानी बढाउनु, भण्डारण केन्द्रको स्थापना र व्यवस्थापन गर्नु, कृषि क्षेत्रमा लगानी बढाउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ३.१.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्य

**सोच**

गुणस्तरीय कृषि उत्पादन, दिगो खाद्य आपूर्ति र स्वस्थ ग्रामीण जीवन ।

### लक्ष्य

स्वस्थ्य, कृषि तथा पशुजन्य उत्पादन बढाई खाद्य आत्मनिर्भर गाउँपालिका बनाउने ।

### उदेश्यहरु

- स्थानीय प्रविधिमा आधारित प्राङ्गारिक कृषि, बहुवर्षे बाली र कृषि पूर्वाधार थप्नु ।
- कृषि भूमिको वर्गीकरण गरी प्राकृतिक क्षमताका आधारमा बाली प्राथमिकता तोक्नु ।
- पशुपञ्छी र मत्स्य पालक कृषकहरूलाई व्यवसायिक प्रोत्साहन गर्नु ।
- सहकारीका माध्यमबाट पोषणयुक्त कृषि उपज उत्पादनमा  प्रोत्साहन गर्नु ॥

### ३.१.३ राणनीतिहरु

- प्रााङ्गारिक खेतीको विस्तार गर्ने ।
- कृषि भूमिको उत्पादकत्वका आधारमा भूमिको वर्गीकरण गर्ने ।
- कृषि सहकारीको लगानी वृद्धि गरी कृषि, पशु तथा मत्स्य उत्पादनलाई बढावा दिने ।

**तालिका नं.  ६: नतिजा खाका (कृषि तथा पशुपन्छी)**

| क्र.सं. | विवरण | ईकाई | आ.व. २०७९।८० | आ.व. २०८२।८३ |
|---|---|---|---|---|
| १ | सरकारी तथा निजी स्तरका नमुना कृषि तथा पशुफर्म | सङ्ख्या | ८६ | ९३ |
| २ | महिला सहकारी | सङ्ख्या | १ | २ |
| ३ | मुख्य खाद्यान्न बाली उत्पादन | मे.टन. प्रति वर्ष | २६६८२.१७ | २९१५४.६७ |
| ४ | मासु उत्पादन | कि.ग्रा. प्रति वर्ष | २२००० | २५३०० |
| ५ | कृषिको कुल गार्हस्थ उत्पादन | रुपैँया करोडमा | १२०.१४ | १५५.४१ |
| ६ | कृषि भूमिको उत्पादकत्व | मे.ट. प्रति रोपनी | ११४ | १५० |
| ७ | प्राङ्गारिक बालीको अनुपात | प्रतिशत | ३५.६७ | ४१.३२ |
| ८ | कृषि उत्पादनको आयात | कि.ग्रा. प्रतिवर्ष | ३८२२९ | ३६३३८।१ |
| ९ | कृषि उत्पादनको निर्यात | कि.ग्रा. प्रतिवर्ष | ५७०० | ६२२८।५४ |
| १० | स्थानीय उत्पादनको ब्राण्डिङ | सङ्ख्या | ३.०० | ६.०० |
| ७.११ | उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन | मे. टन | २५.८७ | ३०.५३ |
| ७.११ | प्रशोधित जडीबुटीको निर्यात परिमाण | के.जि. | १३३.३३ | १६० |

| | | | | |
|---|---|---|---|---|
| ७.१२ | कृषियोग्य जमिन | हेक्टर | ४०९५ | ४०९५ |
| ७.१३ | सिञ्चित क्षेत्र | हेक्टर | ४४५ | ४५३ |

स्रोतः समूह छलफल, गत आ.व.हरूका प्रगति विवरण

## ३.२ वित्तीय व्यवस्था, सहकारी तथा गरिबी निवारण

### ३.२.१ गाउँपालिको वर्तमान अवस्था

वित्तीय संस्था र सहकारी आर्थिक क्रियाकलापलाई बढावा दिई आय आर्जनको अवसर सिर्जना गर्ने भरपर्दा माध्यम हुन् । कपुरकोट गाउँपालिकामा संचालित व्यवसायहरूको जम्मा संख्या ५३० र कृषक समूहहरू ७२ वटा रहेकाछन् । यस्ता समूहहरूबाट हुने वित्तीय करोवारको परिमाण एकिन हुन नसके पनि स्थानीय समुदायमा व्यवशायिक क्रियाकलाप बढाउन मद्यत पुर्याएको छ । वित्तिय संस्था, बैंक तथा सहकारीहरुको सबै वर्ग, क्षेत्र र समुदायमा पहुँच अझ वढाउन पर्ने आवश्यकता देखिन्छ ।

स्थानीय समुदायको वित्तीय पहुँच बढेको भए पनि कृषि, पशुपालन, कृषि तथा स्थानीय स्रोतमा आधारित व्यवसायमा जाने लगानी प्रभावकारी वनाउन आवश्यक रहेको छ । कृषक, बचत तथा महिला समूहले गाउँपालिकामा बचतको विकास तथा लगानी प्रवर्द्धनमा भूमिका निर्वाह गरेका भए तापनि पछाडिपरेको वर्ग र क्षेत्रमा वित्तीय सहज पहुँच विस्तार गरी आर्थिक क्रियाकलाप वढाउँन पर्ने आवश्यकता देखिन्छ ।

बैंक, वित्तिय संस्था तथा सहकारी तथा कृषक समूहले वित्तीय क्रियाकलापलाई थप बढावा दिइरहेका भए तापनि कृषि तथा सडक पूर्वाधारको अभावमा वित्तीय असुरक्षा कायमै देखिन्छ । वित्तीय साक्षरताको कमीले गर्दा आशातीत रूपमा वित्तीय क्रियाकलाप फस्टाउन सक्दैनन । सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा लगाउनु, सहकारी आवद्ध व्यवसायिक गतिविधिको प्रवर्द्धन गर्न, वित्तिय क्षेत्रले गरेको लगानी जोखिममा नपरोस भन्नका लागि आवश्यक ध्यान दिन समेत आवश्यक रहेको छ ।

कपुरकोट गाउँपालिकाले स्थानीय नीति तथा नियम निर्माण गरिरहेको, स्थानीय संघसंस्थाको क्षमता विकासका लागि विभिन्न क्रियाकलापहरु संचालन गर्नु, व्यवसायको आकार बढ्नु, कृषि क्रियाकलापमा वृद्धि हुनु, यस क्षेत्रका अवसरहरू हुन् । वित्तीय लगानीको सुरक्षा सुनिश्चित गर्नु, स्थानीय सहकारीलाई व्यवस्थित गर्नु, पछाडि परेको वर्गमा वित्तीय पहुँच बढाउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ३.२.२ क्षेत्रगत सोच, लक्ष्य र उद्देश्यहरु

**सोच**

प्रभावकारी वित्तीय साक्षरतामार्फत् वित्तीय पहुँच विस्तार

**लक्ष्य**

गाउँपालिकामा वित्तीय गतिविधि विस्तार गर्ने ।

**उदेश्यहरु**

- गाउँपालिकाका सबै वडामा वित्तीय संस्थाको पहुँच विस्तार गर्नु ।
- गाउँपालिकामा बचत तथा लगानी वृद्धिको वातावरण सिर्जना गर्नु ।

### ३.२.३ रणनीतिहरु

- सबै वडामा औपचारिक वित्तीय सेवा विस्तार गर्न प्रेरित गर्ने । कृषि भूमिको उत्पादकत्व तथा प्राकृतिक क्षमताका आधारमा वर्गीकरण गर्ने ।
- गाउँपालिका बासीमाझ बचत प्रवृत्तिको विकास गरी लगानी प्रवर्द्धन गर्न ।

### ३.२.४ अपेक्षित उपलब्धी

योजनाको अन्त्यमा रु. ८२ करोड निक्षेप सङ्कलन तथा रु. १०० करोड ऋण परिचालन हुने अनुमान गरिएको छ । थप ९ वटा कृषि सहकारी तथा ३ वटा महिला सहकारीको स्थापना हुनेछ भने सहकारीताको माध्यमबाट उद्यम व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्नेछ छ ।

| **बित्तिय व्यवस्था , सहकारी तथा गरीबि निवारण** | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| बैंकको सङ्ख्या | संख्या | ३ | ४ |
| सहकारी सङ्ख्या | संख्या | ११ | १५ |
| कृषि सहकारी सङ्ख्या | संख्या | ८ | ११ |
| महिला सहकारी सङ्ख्या | संख्या | ६ | ९ |
| कृषक समुह सङ्ख्या | संख्या | ७२ | ९८ |
| बचत समुह सङ्ख्या | संख्या | ६३ | ८६ |
| उद्योग (ठुलो) संख्या | संख्या | ० | १ |
| व्यवसाय | संख्या | ५३० | ५६० |
| स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु | प्रतिशत | ०।८३ | २ |

## ३.३ श्रम तथा रोजगारी

### ३.३.१ वर्तमान अवस्था

कपुरकोट गाउँपालिकामा व्यवसायको प्रर्वद्धन गरी श्रम तथा रोजगारी सिर्जना गर्ने प्रयास गरिएको छ। यूवालाई स्वरोजगारमुखी सिप प्रदान गर्ने, सिपमूलक लघुउद्यम कार्यक्रम, उद्यमशीलता विकासका लागि प्रोत्साहन अनुदान एवं सहुलियत दरको ऋण प्रदान गर्ने व्यवस्था, औद्योगिक क्षेत्र विस्तारको योजना, आधुनिक कृषि तथा पशुपालन व्यवसायमा यूवा तथा महिला संलग्नतालाई प्रोत्साहन, आय आर्जन तथा रोजगारी अभिवृद्धिका लागि पालिकाले गरिएका केही प्रशंसनीय कार्यहरू हुन् ।

गाउँपालिकाको यूवा जनशक्तिमा यूवा बेरोजगारीको दर बढि देखिन्छ । महिलाहरु रोजगारको लागि विदेशमा जाने प्रचलन समेत बढदो रहेको र आफ्नै स्थानीय रुपमा समेत रोजगारमा सम्लग्न रहेको देखिन्छ । विदेशबाट फर्किएका महिलाहरू स्थानीय रुपमै व्यवशायहरु संचालन गरेर बसेको देखिन्छ । यूवा तथा महिलाहरुको आधुनिक कृषि तथा पशुपालन व्यवसायमा संलग्नता बढेको छ । पूर्वाधार विकास, सिकर्मी, डकर्मी, साना व्यवसाय आदि क्षेत्रमा पालिकाभित्रै रोजगारीका अवसरहरु समेत रहेकाछन । पर्यटन, वन, पशु विकासजस्ता स्थानीय क्षमताका क्षेत्रहरूमा हुने अवसरको पूर्ण पहिचान गरी प्रयोग गर्नु आवश्यक छ ।

समृद्ध गाउँपालिकाको निर्माणका लागि कपुरकोट गाउँपालिकामा विविध किसिमका प्रयासहरू गरिएको भए तापनि यूवाहरुको कृषि तथा पशुपन्छि विकास क्षेत्रमा कम अभिरुची हुनु र बैदेशिक रोजगारका लागि मात्र पहल गर्नु, बेरोजगार यूवाको सङ्ख्या बढ्दै जानु, पुरुष सँगसँगै महिलाको पनि वैदेशिक रोजगारीमा जाने क्रम बढ्नु, अधिक रोजगारी सिर्जना गर्ने उद्योगको सङ्ख्या न्यून हुनु, दक्ष जनशक्तिको अभावमा पर्याप्त स्थानीय स्वरोजगारीका अवसर श्रृजना गर्न नसक्नुजस्ता समस्याहरू छन् ।

किशोर किशोरीलाई विद्यालयस्तरमै व्यावसायिक ज्ञान दिने व्यावहारिक प्रयासको गाउँपालिकाबाट थालनी हुनु, स्वरोजगारमुखी सिपको व्यवस्था, व्यावसायिक क्रियाकलापमा वृद्धि, शैक्षिक गुणस्तर वृद्धिको प्रयास, प्राविधिक शिक्षाको थालनी, सहकारीमा स्थानीयको बढ्दो पहुँच, यस क्षेत्रका अवसरहरू हुन् । सबै वर्ग र जातिलाई रोजगारीको सुनिश्चित गर्नु, सबै आर्थिक क्षेत्रको सन्तुलित विकास गर्नु, पर्याप्त अनुदान एवं ऋणको व्यवस्था गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ३.३.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

व्यावहारिक र व्यावसायिक शिक्षा मार्फत रोजगारीको सुनिश्चितता ।

**लक्ष्य**

दक्ष र सक्षम श्रमशक्तिको निर्माण गर्ने ।

**उदेश्यहरु**

- औद्योगिक क्षेत्रको विस्तार गरी स्थानीय स्तरमै रोजगारीको सिर्जना गर्नु ।
- गुणस्तरीय शिक्षाको व्यवस्था गरी सीपयुक्त श्रमिकको निर्माण गर्नु ।

### ३.३.३ रणनीतिहरु

- सबै वडामा औद्योगिक क्षेत्रको विकास गरी रोजगारीको सिर्जना गर्ने ।
- विद्यालय तथा प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।

### ३.३.४ अपेक्षित उपलब्धी

गाउँ गाउँमा स्थापना भएका वित्तीय संस्था तथा सहकारी संस्थाहरुले आर्थिक क्रियाकलापलाई बढावा दिई आय आर्जनको अवसर सिर्जना गरेको देखिनछ । कपुरकोट गाउँपालिकामा जम्मा ५३० व्यवसायहरू संचालनमा आएकाछन । गाउँमा रहेका ७२ कृषक समूहहरू तथा अन्य विभिन्न समुहहरुको वित्तीय सुविधाको कारण व्यवसायिक प्रवद्धनमा सहयोग पुगेको पाईएको छ । प्राविधिक शिक्षाको विकास, व्यवसाय संचालन गर्न चाहने व्यक्ति तथा समुहहरु लाई आवश्यकतालिमको व्यवस्था तथा सहुलियत दरमा ऋणको उपलव्ध गराउन सकेमा बढदो वेरोजगारिता र विदेश पलायनको समस्यालाई समाधान गर्न सहयोग पुग्ने छ ।

| श्रम तथा रोजगारी | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| प्राविधिक जनशक्ति | सङ्ख्या | १००३ | १५३२ |
| मेकानिक्स | संख्या | २६।० | ३८।० |
| म्यासन डकर्मी | संख्या | २२५।० | ३०२।० |
| अनमी (दक्ष जनशक्ति) | संख्या | २३।० | ३४।० |
| कार्पेन्ट्री | संख्या | ३१३।० | ३७५।० |
| ग्रामीण पशु-स्वास्थ्य कार्यकर्ता | संख्या | २९।० | ३५।० |
| जेटीए | संख्या | २६।० | ३२।० |

## ३.४ पर्यटन विकास

### ३.४.१ वर्तमान अवस्था

स्थानीय अर्थतन्त्र जनजीविका, रोजगारी, जीवनशैली आदि क्षेत्रको विकासको लागि पर्यटन क्षेत्रको महत्वपुर्ण भुमिका रहेको हुन्छ । पर्यटन क्षेत्रको विकासले रोजगार तथा आय आर्जनमा मात्र सहयोग नपुगेर स्थानीय स्तरमा स्रोतको पहिचान, पूर्वाधारको निमार्ण, वातावरण संरक्षणमा सहयोग, समाजमा रहेका विकृति र गलत परम्पराहरुको अन्त्य गर्न, महिला संशक्तीकरण गर्न सहयोग पुग्दछ । । कपुरकोट गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरुमा वडा नं. १. उनबाङ, सारपानि- ब्राह पुजा र पाठ सिद्धबाबा पुजाको लागि, वडा नं. २. रुम्टीलेक-जङगलको बिचदेखि टाढाको दृष्य देख्न सकिने, वडा नं. ३. कालिका मन्दिर, चमेरा गुफा र बनस्पति उद्यान- चमेराहरुको हुल, भित्र सम्मको गुफा, जडिबुडी उत्पादन, वडा नं. ४. थर्कोट- पानि नपरेमा सत्यनाराण भगवानको पुजा सामग्री लिई पुजा गर्ने, वडा नं. ५. तिनडाँडा राधाकृष्ण मन्दिर, खजुरी सामुदायिक बन- लाखे कंस मार्ने, बन नर्सरी, बन बाटीका, भिउसेन बाजेको पाईला, वडा नं. ६. खानी, सातामूल, बल्यजु र लसुलेधुरी- फलाम, तामा, ससा खानी सम्भावना भएको । पानिको मुहान ७ वट,ा माखि मेला, ठुलो पहाड उचाई, सिद्ध पुज्ने ठाँऊ । पर्यटनको प्रवर्द्धन गरी समुदायमा आय आर्जन तथा रोजगारीको सिर्जना गर्न सकिने भएपनि यस क्षेत्रको विकास हुन सकेको छैन । विद्यमान अवस्थामा होटल, होमस्टे, तथा खाजाघर दर्ता भई सञ्चालनमा रहेका छन् ।

गाउँपालिकामा पर्यटन सूचना केन्द्रको स्थापना नहुनु, गाउँपालिकामा भएका पार्क तथा रमणीय स्थलहरूको उचित व्यवस्थापन हुन नसक्नु, धार्मिक तथा पर्यटकीय स्थलको प्रचार प्रसारमा कमी, ट्रेकिङ स्थलको निर्माण नहुनु जस्ता समस्याको समाधान गरी उपलब्ध प्राकृतिक एवं सांस्कृतिक सम्पदाको संरक्षणमार्फत् पर्यटनलक्षित आर्थिक क्रियाकलाप वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ ।

विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरु, गर्मि समयमा समेत चिसो मौसम, राप्ती राजमार्गले जोडिएको, , स्थानीयवासीमा पर्यटन क्षेत्रको रूपमा कपुरकोट गाउँपालिकालाई विकास गर्नुपर्दछ भन्ने भावनाको विकास हुनु, सडक सञ्जालको विस्तार हुँदै जानु, बेमौसमी तरकारी पाईने स्थानो रुपमा चिनिने कपुरकोटलाई कृषि पर्यटनको रुपमा विकास गर्न सकिने, यस क्षेत्रमा पाईने विभिन्न किसिमका बनस्पतीको अध्ययनको लागि अध्ययन भ्रमणहरु बढाउन सकिने भएपनि कपुरकोट गाउँपालिकालाई दाङ तथा नेपालगञ्जलाई जोडने राप्ती राजमार्ग लामो समय देखि जिर्ण अवस्थामा रहेकाले यसको निर्माण गर्नु, पर्यटन क्षेत्रमा लगानी बढाउनु, पर्यटकीय स्थलको स्तरोन्नति गर्नु, आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ३.४.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्य

**सोच,**

समृद्ध अर्थतन्त्रका लागि पर्यटन ।

**लक्ष्य**

पर्यटनको विकास गरी ग्रामीण अर्थतन्त्र सुदृढ गराउने ।

### उदेश्यहरु

- पर्यटन पूर्वाधारको निर्माण गरी पर्यटक आकर्षण गर्नु ।
- पर्यटन प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्नु ।

### ३.४.३ रणनीतिहरु

- पर्यटन स्थललाई आकर्षक बनाउन आवश्यक शैक्षिक, सांस्कृतिक तथा भौतिक पूर्वाधारको विकास निर्माण गर्ने ।
- धार्मिक एवं प्राकृतिक पर्यटनको विकासमार्फत रोजगारीको सिर्जना गर्ने ।

### ३.४.४ अपेक्षित उपलब्धी

मध्यमकालीन खर्च संरचनाको अन्त्यमा थप २ वटा होमस्टेको स्थापना हुने र पहिले देखि स्थापना भएका होमस्टेहरु समेतले सुचारु रुपमा पर्यटकहरुलाई सेवा उपलब्ध गराउँनेछन । मन्दिर, गुफा तथा प्राकृतिक क्षेत्रको संरक्षण हुनेछ । पर्यटन स्थलको पूर्वाधारको विकास भई पर्यटन क्षेत्रको संवर्द्धनमा सहयोग पुग्नेछ ।

| **स्थानीय तथा पर्यापर्यटन** | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| पर्यटन सूचना (सामूदायिक समेत) केन्द्र | संख्या | १ | २ |
| कोसेली घर | संख्या | ० | १ |
| स्थानीय उत्पादनको ब्राण्डिङ | संख्या | ० | १ |
| होटल पर्यटन तथा अतिथि सत्कार तालिम | पटक/संख्या | ० | १ |
| होमस्टे (सामुदायिक र नीजि) | संख्या | ९ | ११ |
| पर्यटन गन्तव्यस्थलमा पूर्वाधार विकास | संख्या | १२ | १४ |

## ३.५ उद्योग, व्यापार र आपूर्ति व्यवस्था

### ३.५.१ वर्तमान अवस्था

औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुर्याउँदछ । गाउँपालिकामा उद्योग स्थापना एवम् व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय प्रगति भएको छैन । कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै विद्यमान् बेरोजगारी, अर्ध बेरोजगारी तथा गरीबी कम गर्न औद्योगीकरणको महत्वपूर्ण भूमिका रहन्छ । ग्रामीण क्षेत्रमा कृषि एवं स्थानीय साधन स्रोतमा आधारित उद्योग तथा शहरी क्षेत्रमा औद्योगिक क्षेत्रहरुको स्थापना र विकास गरी राष्ट्रको औद्योगिकरणमा टेवा पुर्याउनु आजको प्रमुख आवश्यकता रहेको छ । यस गाउँपालिकाकामा रिट्ठा सङ्कलन केन्द्र, कुटानी पिसानी मिलहरू सञ्चालनमा छुन् । हालसम्म ५३० वटा व्यवसाय दर्ता भएर सञ्चालनमा रहेका छन् । औद्योगिक क्षेत्रको स्तरोन्नति गरी उद्योग व्यवसायको दिगो विकास गरी वस्तु तथा सेवाको सहज आपूर्तिको सुनिश्चित गर्न विशेष योजनाका साथ अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ । उद्योग धन्दालाई मुख्य आय आर्जनको स्रोत बनाउने महिलाहरूको सङ्ख्या ९८ छ भने औद्योगिक रोजगारमा पुरुषहरूको सङ्ख्या ५७ छ । उद्यम तथा व्यवसायमा संलग्न आदिवासी तथा जनजातिहरूको सङ्ख्या ४१ छ ।

गाउँपालिकामा प्राविधिक जनशक्ति उत्पादन सङ्ख्यामा वृद्धि हुँदै जानु, पूर्वाधार क्षेत्रको विकासले गति लिनु, युवा तथा महिलामा औद्योगिक र व्यावसायिक क्रियाकलापमा सक्रियता बढ्दै जानु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् । पर्याप्त मात्रामा लगानी भित्र्याउनु, शीतभण्डारको व्यवस्था गर्नु, दक्ष युवा पलायन रोक्नु, खानी उत्खनन गर्नु, क्रसर उद्योगको व्यवस्थापन गर्नु, सञ्चालित साना तथा ठूला उद्योगको दिगो रूपमा सञ्चालन हुने वातावरणको विकास गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ३.५.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

भौतिक पूर्वाधारको विकास उद्योग, वाणिज्य तथा व्यापारको विकास ।

**लक्ष्य**

गाउँपालिकाको  वाणिज्य तथा व्यापारको प्रवर्द्धन गर्ने ।

**उद्देश्यहरु**

- उद्योग स्थापनाका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नु ।
- सहज व्यापारिक क्रियाकलाप विस्तारका लागि भौतिक पूर्वाधारको विस्तार तथा विकास गर्नु ।
- पारदर्शी मूल्यमा वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गर्नु ।
- स्वतन्त्र बजार प्रणालीलाई प्रवर्द्धन गर्नु ।

### ३.५.३ रणनीतिहरु

- स्थानीयमा वचत गर्ने प्रवृत्तिको विकास गरी लगानी अभिवृद्धि गर्ने ।
- औद्योगिक उत्पादनका बजारीकरणका लागि पूर्वाधारको विकास गर्ने ।

- आवश्यक उपभोग्य सामाग्रीको निरन्तर उपलब्धताका लागि पारदर्शी आपूर्ति प्रणाली सुनिश्चित गर्ने ।

### ३.५.४ अपेक्षित उपलव्धिहरु

मध्यमकालीन खर्च संरचनाको अन्त्य सम्ममा ठूला उद्योगहरु स्थापना हुनसक्ने अबस्था नभएपनि व्यापार व्यवशायको संख्यामा वृद्धि भई रोजगारीको सिर्जना हुनेछ । स्थानीय उद्योग नीति निर्माण गरी लगानीको वातावरण सिर्जना भएको हुने छ ।

| उद्योग, व्यापार र आपूर्ति | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| वर्षभरी खानपुग्ने खाद्यान्न उत्पादन गर्ने परिवार | प्रतिशत | ९।३३ | १५।०० |
| ६ महिना खानपुग्ने खाद्यान्न उत्पादन गर्ने परिवार | प्रतिशत | २१।३३ | ३०।०० |
| ३ महिना खानपुग्ने खाद्यान्न उत्पादन गर्ने परिवार | प्रतिशत | ६९।३३ | ५५।०० |
| औद्योगिक लगानी वार्षिक बृद्धि | प्रतिशत | ७८३ | १०।१८ |
| उद्योग (लघू र मध्यम) संख्या | संख्या | ८।०० | १०।४० |
| औभोगिक रोजगारी पुरुष | संख्या | ५७०० | ७४।१० |
| औधोगिक रोजगारी महिला | संख्या | ९८।०० | १२७४० |
| उद्यम तथा व्यवसायमा संलग्न आदिवासी तथा जनजाति व्यक्तिहरु | संख्या | ४१।०० | ५३।३० |
| काठमा आधारित लघुउद्यम तथा उद्योग प्रबर्द्धन | संख्या | १०।०० | १३।०० |

# ३.६ सिंचाई

## ३.६.१ वर्तमान अवस्था

कर्णाली प्रदेशमा रहेको सल्यान जिल्लाको कपुरकोट गाउँपालिकामा विभिन्न आयोजनाहरुको ४० कि.मि. लम्बाइ भएको कुलो मार्फत सिंचाइ आयोजना र गाउँपालिकामा सिंचाइ क्षेत्रको विकासको प्रयास गरिएको छ । सिंचाइ क्षेत्रलाई व्यवस्थित गर्नका लागि सिंचाइ समूहको गठन समेत गरिएका छन् । वर्षभरि सिंचाइपुगेको जमिनको क्षेत्रफल १४.७० प्रतिशत रहेको छ भने सिंचाइ नपुगेको तर सिंचाइ पुर्याउन सकिने जमीन ३९.६९ प्रतिशत छ । कपुरकोट गाउँपालिकामा आंशिक सिंचाई हुने जमिन १६.७२ प्रतिशत छ भने कुल खेतियोग्य जमिनको २८.८७ प्रतिशत जमिनमा भने सिंचाई पुर्याउन कठिन नै देखिन्छ । यो परिप्रेक्ष्यमा खोल्सा तथा जलाधार क्षेत्रको संरक्षण गरी सिंचाइ सुविधा विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्नको लागि विशेष पहल गर्नुपर्ने देखिन्छ ।

सिचाइ पुर्याउन कठिन जमीनमा वैकल्पिक सिंचाईको व्यवस्था गर्नु, उपलब्ध जलस्रोतको व्यवस्थित सदुपयोग हुन नसक्नु, सिंचाइ पूर्वाधारको अभाव, स्रोत साधनको कमी यस क्षेत्रका प्रमुख दुर्बल पक्षहरु हुन् ।

सिचाइका नयाँ प्रविधिको प्रयोग मार्फत सिंचाइ सुविधा विस्तार गर्ने सम्भावना हुनु, पर्याप्त जलस्रोत तथा जलाधार क्षेत्रको उपलब्धता हुनु यस क्षेत्रका अवसरहरु हुन् । सम्पूर्ण कृषि भूमिमा सिंचाइ सुविधा उपलब्ध गराउनु, सिंचाई आयोजनाको प्रभावकारी व्यवस्थापन गर्नु, खेतीयोग्य जमीनमा सिंचाइ कुलोको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

## ३.६.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

### सोच,

कृषि उत्पादन वृद्धिका लागि सिंचाइको दीगो विकास ।

### लक्ष्य

वर्षैभरी सिंचाइ सुविधा उपलब्ध गराई कृषि उपजको उत्पादनमा वृद्धि गर्ने ।

### उदेश्यहरु

- सिंचाइको दीगो विकास गर्नु ।
- सिंचाइ प्रणालीको कुशल व्यवस्थापन गरी सिंचाई समस्या न्यूनीकरण गर्नु ।

## ३.६..३ रणनीतिहरु

- सिंचाइका रणनीतिक दीर्घकालिन आयोजना निर्माण गर्ने ।
- विद्यमान सिंचाइ प्रणालीको अनुगमन तथा मुल्यांकन गरी वैकल्पिक प्रविधिको अध्ययन अनुसन्धान गर्ने ।

### ३.६.४ अपक्षित उपलब्धी

मध्यमकालीन खर्च संरचनाको अन्त्यमा वर्षभरि सिंचाइसबैजसो खेतीयोग्य जमिनमा पुग्नेछ। नयाँ तथा आधुनिक सिंचाइ प्रविधिको प्रयोग गरी विद्यमान सिंचाइ आयोजनाको कुशल व्यवस्थापन गर्न सकेमा दिगो आर्थिक वृद्धि प्राप्त गर्ने दिगो विकासको लक्ष्य प्राप्ति गर्न सकिने छ।

| सिचांई, भूमिगत , सतह, लिफिट्ङ्ग र वर्षात | | | |
|---|---|---|---|
| **विवरण** | **ईकाई** | **आ.ब. २०७९।८०** | **आ.ब. २०८२।८३** |
| सिचाइ आयोजना | संख्या | १७ | २०।०० |
| सिचाइ कुलोको लम्बाइ | कि. मि. | ४० | ४५ |
| वर्षभरि सिँचाइ पुगेको जमिन | प्रतिशत | १४.७० | १६.९१ |
| सिँचाइ नपुगेको तर सिचाइ पुर्याउन सकिने जमिन | प्रतिशत | ३९.६९ | ४५.६४ |
| आँसिक सिचाइ हुने जमिन | प्रतिशत | १६.७३ | १९.२४ |
| सिचाइ पुर्याउन कठिन जमिन | प्रतिशत | २८.८८ | ३३.२१ |
| साना सिँचाइ आयोजना | सङ्ख्या | १४ | १५ |

### ३.६ जोखिम पक्ष तथा अनुमान

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभाबकारी सहयोग, समन्वय र सहकार्य संगठनात्मक र मानव श्रोत व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पशु आहार, पूर्वाधार र बजारिकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उतपन्न हुन सक्दछ। यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमिन उपयोगमा परिवर्तन जस्ता सवालहरु गाउँपालिकाको आर्थिक विकास क्षेत्रका जोखिम पक्षको रुपमा रहेका छन।

## परिच्छेद ५ : सामाजिक विकास क्षेत्र

### ४.१ शिक्षा विकास

#### ४.१.१ वर्तमान अवस्था

शिक्षा आर्थिक तथा सामाजिक रूपान्तरणको प्रमुख माध्यम हो । शिक्षाले मानवीय क्षमता अभिवृद्धि गरी जीवनपद्धतिलाई उत्कृष्ट बनाउन सहयोग गर्दछ । गुणस्तरीय जीवनयापनको आधार पनि शिक्षा नै हो । कपुरकोट गाउँपालिकाले सीमित स्रोत साधनका वाबजुत शिक्षा विकासमा यथासक्य प्रयास गरेको छ । फलस्वरूप गाउँपालिकाको साक्षरता दर उच्च छ । गाउँपालिकाका कतिपय विद्यालयमा कम्प्यूटर ल्याव र विज्ञान ल्यावको समेत व्यवस्था रहेको छ ।

विद्यालयको सुदृढीकरणका लागि विद्यालय सबलीकरण कार्यक्रम सञ्चालन गरिएको छ । कपुरकोट गाउँपालिकामा भएका कूल विद्यालयमध्ये जम्मा १६ वटा विद्यालयमा खानेपानीको सुविधा छ भने तथा बालमैत्री पूर्वाधारको निर्माण गरिएका विद्यालयको सङ्ख्या २ रहेको छ । कक्षा १ देखि निरन्तर कक्षा ८ सम्म पूरा गर्ने विद्यार्थीको दर ८४ प्रतिशत छ । मध्यकालीन लक्ष्य अनुसार यो दर ९० प्रतिशत पुग्ने छ । माध्यमिक तहको शैक्षिक जनशक्तिमा महिलाको सहभागिता दर ११.६७ प्रतिशत छ । गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात गरी व्यावसायिक शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास गरिएको छ ।

कपुरकोट गाउँपालिकामा किशोर किशोरीहरूलाई लक्षित गरी सञ्चालन गरिएका शिक्षाका विविध कार्यक्रमहरू सञ्चालन भएका छन् भने गाउँपालिकाको कुल साक्षरता दर ७९.८ प्रतिशत छ । आधारभूत तहको खुद भर्नादर ९७.४ प्रतिशत छ भने माध्यमिक तहको खुद भर्नादर ४५.१ प्रतिशत छ । कपुरकोटमा गाउँपालिकामा उच्च शिक्षाका लागि एउटा क्याम्पस छ भने माध्यमिक विद्यालय ५ वटा र बालमैत्री शौचालय भएको विद्यालय सङ्ख्या ५ वटा छन् ।

कम्प्युटर ल्याब तथा विज्ञान ल्याब एवम् पुस्तकालय भएको विद्यालय कम हुनु, गाउँपाालिकामा विपन्न वर्ग, बालबालिका एवम् युवा तथा महिलाको क्षमता विकासका लागि ठोस दीर्घकालीन योजना नबन्नु, सामुदायिक विद्यालयको कमजोर शैक्षिक गुणस्तर, विद्यार्थीका लागि आवश्यक आधारभूत सुविधाको विद्यालयमा उपलब्धता नहुनु, अझै पनि सबै विद्यालयमा बाल एवम् अपाङ्गमैत्री पूर्वाधारको निर्माण नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

वैकल्पिक शिक्षा प्रवर्द्धनका लागि गाउँपालिकाले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७५ तयार गरिनु, विविध प्राविधिक शिक्षालयको स्थापना हुनु, विद्यालय सवलीकरण कार्यक्रमको सञ्चालन, शिक्षक शिक्षिकाको क्षमता विकास तालिमको व्यवस्था, अपाङ्गता भएका विद्यालय उमेरका बालबालिकाको शिक्षामा पहुँचमा वृद्धि हुनु, पिछडिएको समुदाय र आर्थिक रूपमा विपन्नलाई उच्च शिक्षामा पहुँचका लागि सहयोग बढ्दै जानु, विद्यालयहरूको गुणस्तरमा वृद्धि हुँदै जानु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् । विद्यालय नगएका बालबालिकालाई विद्यालय शिक्षामा समाहित गर्नु, आधुनिक शिक्षण विधिलाई प्रयोगमा ल्याउनु, आवश्यक विद्यालय पूर्वाधारको निर्माण गर्नु, दक्ष युवा जनशक्तिको उत्पादन गर्नु, उच्च शिक्षा प्राप्त जनशक्तिको सङ्ख्या वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.१.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्य

**सोच**

शैक्षिक विकास मार्फत जीवनयापनमा सुधार ।

**लक्ष्य**

दक्ष र सिर्जनशील शैक्षिक जनशक्तिको विकास गरी ग्रामीण जीवनयापनमा सुधार ल्याउने ।

**उद्देश्यहरु**

- शिक्षालाई ग्रामीण विकासको आधार बनाउनु ।
- समुदायमा निरन्तर सिकाइलाई प्रोत्साहन गर्नु ।
- क्षमता विकास मार्फत दक्ष जनशक्तिको उत्पादन गर्नु ।

### ४.१.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- गुणस्तरीय शिक्षाको विस्तार मार्फत दक्ष जनशक्तिको उत्पादन गरी आर्थिक क्रियाकलापमा वृद्धि गर्ने ।
- उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्यामा वृद्धि गरी समुदायमा निरन्तर सिकाईलाई प्रोत्साहन गर्ने ।
- शिक्षा मार्फत दलित, अपाङ्ग, महिला तथा यूवाको क्षमता विकास गर्ने ।

### ४.१.४ अपेक्षित उपलब्धी

मध्यमकालीन खर्च संरचनाको अन्त्यमा साक्षरता युक्त गाउँपालिकाको पहिचान स्थापित हुनेछ । सबै बालबालिका विद्यालयको पहुँचभित्र हुनेछन् । थप सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन हुनेछन् । सबै विद्यालयमा बालमैत्री पूर्वाधार तथा खानेपानी सुविधाको विस्तार हुनेछ । थप विद्यालयमा विज्ञान तथा कम्प्यूटर ल्याबको व्यवस्था हुनेछ । समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने दिगो विकासको लक्ष्य प्राप्तिका लागि गाउँपालिकामा प्राविधिक शिक्षाको व्यवस्था गर्ने, आधुनिक शिक्षण विधिको प्रयोग गर्ने तथा समयानुकुल शिक्षा नीतिको तर्जुमा गरी लागु भएको हुने छ ।

| शिक्षा | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| आधारभुत तहको खुद भर्नादर | प्रतिशत | ९४।९४ | ९७।०० |
| बालबालिकामैत्रि शौचालय भएको विद्यालय | संख्या | ५ | ७।०० |
| खानेपानीको सुविधा भएको विद्यालय | प्रतिशत | ७० | १०० |
| बालमैत्रि पूर्वाधार भएका सार्वजानिक बिद्यालयको संख्या | प्रतिशत | १६।६७ | २१।०० |
| विद्यालयमा कम्प्युटर ल्याब भएको | विद्यालय संख्या | ८ | ११।०० |
| विद्यालयमा विज्ञान ल्याब भएको संख्या | संख्या | ६ | ८।०० |
| माध्यमिक बिद्यालयमा आधारित पुस्तकालय | संख्या | २ | ३।०० |
| अपांगता भएका विद्यालय उमेरका बालबालिकाको शिक्षामा पहुँच | प्रतिशत | ७९।७१ | १०० |

## ४.२ स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा

### ४.२.१ वर्तमान अवस्था

पोषणयुक्त खानपान, स्वच्छ खानेपानी एवम् सरसफाइ स्वस्थ जीवनको आधार हो । स्वस्थ जीवनको लागि निरन्तररूपमा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता हुनु आवश्यक हुन्छ । गाउँपालिकामा उत्पादित कृषि उपजले सबै घरधुरीलाई वर्षभर खान पुग्ने अवस्था छैन । रासायनिक मलको प्रयोगले स्वास्थवर्द्धक खाद्य पदार्थको उत्पादनमा चुनौती सिर्जना गरेको छ । यद्यपि गाउँपालिकाका स्वास्थ्य सूचकहरू सुधारका क्रममा रहेका छन् । अधिकांश महिलाले स्वास्थ्य सेवासुविधाको उपभोग गरेका छन् ।

कपुरकोट गाउँपालिकामा ९३.११ प्रतिशत अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सुविधामा पहुँच पुगेको छ । प्रसुति र गर्भवती जाँचको सेवा लिने महिलाको सङ्ख्या ९४.७१ प्रतिशत छ भने ९९.५८ प्रतिशत महिलाहरूले सुत्केरी सुविधा उपभोग गरेका छन् । दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिने महिलाको सङ्ख्या ९१.४३ प्रतिशत छ ।

गाउँपालिकावासीको औसत आयु ६५ वर्ष पुगेको छ । पोषणको जाँच गराएका बालबालिकाहरू ९४.०९ प्रतिशत छन् । पुड्कोपन भएका बालबालिका १३.४१ प्रतिशत छन् । स्वस्थ खानपान, खाद्य सुरक्षा र समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि गाउँपालिकाले अझै ठोस योजना बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

बालबालिका निमोनियाबाट ग्रसित हुने क्रममा कमी नआउनु, ५ वर्ष मुनिका बालबालिकामा झाडापखालाको दर उच्च हुनु, दक्ष स्वास्थ्यकर्मीको अभाव हुनु, स्वास्थ्य चौकीको बिस्तार नहुनु, सडक तथा यातायातको व्यवस्थित विकास नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

महिला, अपाङ्ग, ज्येष्ठ नागरिकले ग्रामीण स्वास्थ्य सुविधा लिनेक्रम बढ्नु, पशुजन्य एवम् कृषि उत्पादनमा वृद्धि हुनु, यातायात सुविधाको विकासले गति लिनु, स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादन हुने क्रम बढ्नु यस क्षेत्रका अवसरहरू हुन् । निमोनिया र झाडापखालाको दर न्यूनीकरण गर्नु, कम तौल भएका बालबालिकाको सङ्ख्या घटाउनु, पोषणयुक्त खाद्यपदार्थको सहज आपूर्तिको व्यवस्था मिलाउनु, स्वास्थ्यसंस्थाको गुणस्तर वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.२.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्य

**सोच,**

आधारभूत स्वास्थ्य सेवाको विस्तार समृद्धिको आधार ।

**लक्ष्य**

स्वस्थ, दक्ष र प्रतिस्पर्धी नागरिकको उत्पादन गरी आर्थिक विकासमा योगदान पुर्‍याउने ।

**उद्देश्यहरु**

- शिक्षालाई ग्रामीण विकासको आधार बनाउनु ।
- समुदायमा निरन्तर सिकाइलाई प्रोत्साहन गर्नु ।

- क्षमता विकास मार्फत दक्ष जनशक्तिको उत्पादन गर्नु ।

### ४.२.३ रणनीतिहरु

- स्वास्थ्य संघसंस्थाको गुणस्तर वृद्धि गरी प्रभावकारी स्वास्थ्य सेवाको विस्तार गर्ने ।
- वालवालिका र महिलाको स्वास्थ्यमा पहुँच विस्तार गर्ने ।
- पोषणयुक्त खानेकुराको उत्पादनमा आत्मनिर्भर बन्ने ।

### ४.२.४ अपेक्षित उपलब्धी

गाउँपालिकाका ९८.९१ प्रतिशत बालबालिकाले खोप, भिटामिन ए आदिको सेवा लिएका छन् । गाउँपालिकाका सबै महिलाले सुत्केरी सुविधा उपयोग गर्नेछन् तथा दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिनेछन् । स्वस्थ खानपानलाई प्रवर्द्धन हुनेछ ।  गाउँपालिकाका सबै वडामा स्वास्थ्य चौकीको व्यवस्था भएको हुने छ ।

| स्वास्थ्य, पोषण तथा खाद्यसुरक्षा | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| अपेक्षित आयु (जन्महुदाकों) | बर्ष | ६५ | ६८।२५ |
| पाँच बर्ष मुनिको बाल मृत्यु दर | प्रतिहजार जिवित जन्ममा | ९ | ५ |
| कम जन्म तौल(२.५ कि.ग्राम भन्दा कम) नवजात शिशु | प्रतिशत | १.४ | .५ |
| महिलामा रक्त अल्पता | प्रतिशत | ३२।९५ | २५ |
| अपाङ्गता भएका व्यक्तिले स्वास्थ्य परिक्षण गरेका | प्रतिशत | ९३।११ | ९७।९ |
| प्रसुति र गर्भवती जाचँको सेवा लिएका महिला | प्रतिशत | ९४।७१ | ९८ |
| सुत्केरी सुविधा उपभोग गर्ने महिलाहरु | प्रतिशत | ९९।५८ | ९९।६८ |
| पोषणको जाँच गराएका बाल बालिकाहरु | प्रतिशत | ९४।०९ | ९७।५ |
| खोप, भिटामिन ए आदिको सेवा लिएका बाल बालिका | प्रतिशत | ९८।९१ | ९८।९९ |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा | प्रतिशत | ९१।४३ | ९४ |
| आयुर्वेदिक लगायत परम्परागत औषधालय | संख्या | १ | २ |
| पुडकोपन भएका बालबालिका | प्रतिशत | १३।४१ | ९ |
| मातृशिशु सुरक्षा कार्यक्रम | प्रतिशत | ० | ३ |

## ४.३ यूवा तथा खेलकुद

### ४.३.१ वर्तमान अवस्था

युवाको समग्र विकासमार्फत वर्तमान र भावी समाजको समुन्नत विकासको कल्पना गर्न सकिन्छ । यसै तथ्यलाई मनन गरी गाउँपालिकाले युवालाई विभिन्न किसिमका पेशा तथा व्यवसायमा संलग्न गराउने प्रयास गरेको छ । साथै युवा प्रतिभा विकासका लागि खेलकुदको विकास गर्ने प्रयास गरिएको छ ।

गाउँपालिकामा खेलकुदसँग सम्बन्धित संस्था र क्लबहरू स्थापना गरिएको छ । खेलकुद प्रवर्द्धनका लागि युवा सृजनशील कोष स्किमको स्थापना । गाउँपालिकामा विभिन्न किसिमका खेलहरू खेल्ने गरिन्छ । खेलकुदका लागि खुला चौर प्रयोग गरिएको गाउँपालिकामा रङ्गशाला तथा कभर्ड हलको निर्माण हुन सकेको छैन । उर्जाशील सयौं युवा विदेश पलायन भएका छन् । यस परिप्रेक्ष्यमा युवा रोजगारी र उद्यमशीलताका लागि ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ । खेलकुदका लागि हाल १९ वटा खुला चौरको प्रयोग गरिँदै छ । गाउँपालिकामा खेलकुदसँग सम्बन्धित संस्था तथा क्लबहरू १८ वटा छन् भने निर्माण भएका खेल मैदानहरू ९ वटा सञ्चालनमा छन् ।

युवालक्षित जीवनवृत्ति परामर्श केन्द्रको सञ्चालनको योजना, युवा अभिमुखीकरण कार्यक्रमको सञ्चालन, युवा स्वरोजगारका लागि अनुदान तथा सहुलियतपूर्ण ऋणको व्यवस्था, युवा विकासका लागि खेलमैत्री वातावरणको निर्माण लगायतका कार्यमार्फत गाउँपालिकाका युवाको सिप तथा दक्षता वृद्धिको कार्य गरेको भए तापनि विद्यमान स्रोत साधन र परिस्थितिमा आशातीत उपलब्धि प्राप्त गर्न सकिएको छैन । गाउँपालिकामा युवा वेरोजगारीको समस्या छ ।

युवा समूहहरूको गठन, गाउँपालिकाका युवालक्षित विविध कार्यक्रम, कृषि, सडक एवम् लघु उद्यमको विकास हुनु यस क्षेत्रका अवसरहरू हुन् । सबै युवालाई रोजगारीको अवसरको सिर्जना गर्नु, युवालाई समाजप्रतिको दायित्वबोध गराउनु, युवा नेतृत्व विकास गर्नु, युवा स्वरोजगारका लागि सहायता उपलब्ध गराउनु, युवालाई अपराधिक क्रियाकलापबाट विमुख गराउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.३.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्य

**सोच,**

सक्षम यूवा, समृद्ध समाज ।

**लक्ष्य**

यूवाको समग्र विकास गर्ने ।

**उद्देश्यहरु**

- यूवाको साक्षरतादर वृद्धि गर्नु ।
- यूवालाई व्यावसायिक सिप एवं तालिम प्रदान गर्नु ।
- यूवालाई सामाजिक गतिविधिमा सक्रिय सहभागी गराउनु ।

### ४.३.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- गाउँपालिकाका सबै यूवाको शैक्षिक स्तर वृद्धि मार्फत सक्षम नेतृत्वको विकास गर्ने ।
- यूवामा व्यावसायिक सोच, सिप र नेतृत्वको विकास गर्ने ।
- सामाजिक गतिविधीमा यूवा संलग्नता बढाइ सुशासन र लोकतन्त्र संस्थागत गर्ने ।

### ४.३.४ अपेक्षित उपलब्धी

खर्च संरचनाको अन्त्यमा यूवाहरु स्वरोजगारमुलक व्यवशायमा संलग्न भई बेरोजगारी दर घटने छ । खेलकुद क्षेत्रको विकासका लागि खेल मैदानहरु निर्माण हुनेछन भने खेलाडिहरुले खेलकुदका समागिहरुको सहज उपलव्धता हुनेछ । खेलकुदसंग सम्बन्धीत संस्था र क्लवहरु स्थापना गरिनेछन् । यूवा सृजनशिल कोष स्किमको गठन हुनेछ ।

| यूवा तथा खेलकुद | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| खेल मैदान | संख्या | ९ | १२ |
| खेलकुदका लागि प्रयोग भएका खुला चौर | संख्या | १९ | २२ |
| यूवा श्रृजनशिल कोष स्किम | वटा | ६ | ८ |
| वडा भित्र खेलिने प्रमुख खेल र प्रतिस्प्रधाहरु | संख्या | १२ | २० |
| खेलकुदसँग सम्बन्धीत संस्था र क्लवहरु | संख्या | १८ | २५ |
| जिल्लास्तरिय खेलकुद पदक विजेता | संख्या | ७ | १३ |

## ४.४ खोज, अनुसन्धान र अन्वेषण

### ४.४.१ वर्तमान अवस्था

प्रकृति, इतिहास र स्थानीय संस्कृति बिच लुकेका रहस्यको खोज र स्थानीय वातावरणमा सिर्जनात्मक क्रियाकलापको प्रवर्द्धन गर्ने पर्याप्त सम्भावना देखिन्छ । स्थानीय कला र संस्कृति, परम्परागत प्रविधिको संरक्षणका लागि अन्वेषणको ठूलो महत्व हुन्छ । यो क्षेत्रमा रहेको राप्ती राजमार्गले तुलसीपुर हुँदै कपुरकोट, सल्यान कटेर रुकुम, रोल्पासम्म जोडेको छ । सल्यान जिल्लाको केन्द्र जोड्ने सहायक सडकहरूका कारण आर्थिक तथा शैक्षिक केन्द्रको रूपमा विकसित हुँदै गएको छ ।

कपुरकोट गाउँपालिकावासीको परम्परागत संस्कृतिले गाउँपालिकामा अन्वेषण र सिर्जनात्मकता अभिवृद्धि गर्ने पर्याप्त सम्भावनालाई देखाउँछ । किशोरकिशोरी तथा युवा वर्गलाई क्षेत्रगत सिर्जनात्मक क्रियाकलापका लागि अभिप्रेरित गरी गाउँपालिकाको छुट्टै पहिचान स्थापित गर्ने सम्भावना रहेको छ तर यस क्षेत्रलाई गाउँपालिकाको कार्ययोजनाले समेट्न सकेको छैन ।

गाउँपालिकाका स्थानीय जनजीवनमा आधारित सिप, कला तथा प्रविधिको संरक्षण र आधुनिकीकरण गर्न सकेमा स्थानीय पहिचानको जगेर्ना गर्ने सम्भावना भए तापनि स्थानीय सिप हस्तान्तरण, अध्ययन अनुसन्धान तथा अन्वेषणको अभावमा यस्ता परम्परागत सिप, कला तथा प्रविधि लोप हुने अवस्थामा छन् । तसर्थ अन्वेषण र युवा सिर्जनात्मकतालाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ ।

गाउँपालिकामा प्रयोगमा रहेका परम्परा, सिप, कला र प्रविधिलाई समयानुकुल आधुनिकीकरण गर्न सकेमा वातावरण मैत्री स्थानीय गतिविधिलाई प्रोत्साहन गर्ने सम्भावना देखिन्छ । यस्तै गरी प्रकृतिप्रदत्त स्थानीय स्रोत साधनको अन्वेषण गर्ने, स्थानीय उत्पादनमा सिर्जनात्मक विधिको प्रयोग गरी उत्पादनको बजार सुनिश्चित गर्ने जस्ता कार्य गर्न सकेमा गाउँपालिकामा थप आय आर्जनको अवसर सिर्जना गर्न सकिने सम्भावना देखिन्छ तर स्थानीय सीप, कला र प्रविधिबारे युवा वर्गमा चिन्तन नहुनु, बजारमा सुलभ मूल्यमा पाइने प्रविधिसँग स्थानीय प्रविधि प्रतिस्पर्धा गर्ने वातावरण नहुनु, दक्ष स्थानीय अनुसन्धानकर्ताको अभाव हुनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.४.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्य

**सोच,**

स्थानीय सिप र प्रविधि प्रवर्द्धनमार्फत् स्थानीय संस्कृति र परम्पराको संरक्षण ।

**लक्ष्य**

स्थानीय परम्परागत सिप तथा प्रविधिलाई समयानुकुल विकास गर्ने ।

**उद्देश्यहरु**

- स्थानीय सिप तथा प्रविधिको संरक्षणका लागि यूवालाई प्रोत्साहन गर्नु ।
- स्थानीय स्तरमा चलनचल्तीमा रहेका कला तथा प्रविधिका बारेमा अनुसन्धान कार्यलाई प्राथमिकता दिनु ।

### ४.४.३ रणनीतिहरु

- स्थानीय यूवालाई स्थानीय सिप तथा प्रविधिबारे जानकारी गर्ने ।
- स्थानीय परम्परा, कला, प्रविधि तथा प्राकृतिक सम्पदाका बारेमा अनुसन्धान तथा खोजमुलक कार्यक्रम सञ्चालन गर्ने ।

### ४.४.४ अपेक्षित उपलब्धी

स्थानीय सीप, कला र संस्कृति एवं प्राकृतिक सम्पदाको संरक्षण हुनेछ ।

## ४.५ खानेपानी तथा सरसफाई

### ४.५.१ वर्तमान अवस्था

दिगो विकासका लक्ष्यहरुमा महत्वपूर्ण लक्ष्यको रूपमा खानेपानी तथा सरसफाइलाई लिइएको छ । गाउँपालिकामा खानेपानी तथा सरसफाइका क्षेत्रका सूचकहरू सुधारोन्मुख अवस्थामा छन् । खानेपानीको लागि धाराको पानी प्रयोग गर्ने परिवार संख्या ८८.४ प्रतिशत रहेको छ । मुल धाराको पानी प्रयोग गर्ने परिवार सङ्ख्या ८.२ प्रतिशत छ । १.३ प्रतिशत (५३) परिवारले खोला तथा झरनाको पानी प्रयोग गर्दछन । गाउँपालिकाले खानेपानीलाई प्राथमिकता दिई खानेपानीको सुविधा विस्तार गरेको भए तापनि सरसफाइका क्षेत्रमा अझै धेरै कार्य गर्नुपर्ने देखिन्छ ।

कपुरकोट गाउँपालिकामा बसोबास गर्ने परिवार मध्ये १.५ प्रतिशत (६०) घर परिवारमा शौचालयको पहुँच पुगेको छैन । फ्लस शौचालय भएका (सार्वजनिक ढल) घर परिवारहरूको सङ्ख्या ४.८ प्रतिशत छ भने फ्लस शौचालय भएका(सेफ्टी टङ्की) परिवार सङ्ख्या ६७.४ प्रतिशत रहेको छ । २७ प्रतिशत घरपरिवारको साधारण शौचालय रहेको छ । सार्वजनिक स्थलमा पर्याप्त मात्रामा शौचालयको विस्तार हुन सकेको छैन र घरायसी फोहरमैलाको व्यवस्थापन गरी सरसफाइ प्रवर्द्धन गर्ने ठोस कार्ययोजना ल्याएर कार्यगर्नु पर्ने आवश्यकता रहेको छ ।

बढ्दो जनसँख्यासँगै सरसफाइका क्रियाकलापमा वृद्धि हुन सकेको छैन । स जलाधार क्षेत्रको व्यवस्थित रूपमा संरक्षण हुन सकेको छैन । फोहरमैला प्रशोधनका लागि पूर्वाधारको दिगो विकास हुन सकेको छैन ।

खानेपानीको उचित व्यवस्था गर्न पर्याप्त जलस्रोतको उपलब्धता हुनु, स्वास्थ्य चेतनाको विस्तार हुनु, खानेपानी शुद्धीकरण गर्ने उपकरणको प्रयोग बढ्नु, खानेपानी तथा सरसफाइ गाउँपालिकाको प्राथमिकतामा पर्नु यस क्षेत्रका अवसरहरू हुन् । सबै परिवारमा शौचालयको पहुँच विस्तार गर्नु, सबै घरधुरीमा पाइपमार्फत स्वच्छ खानेपानीको वितरण गर्नु, आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.५.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

आधारभूत सरसफाइ तथा खानेपानीमा सबैको पहुँच विस्तार ।

**लक्ष्य**

सबै बस्तिहरुमा सरसफाइ तथा शुद्ध खानेपानीको पहुँच विस्तार गर्ने ।

**उद्देश्यहरु**

- सरसफाइ सेवा सुविधामा सुधार गरी वातावरणमैत्री समाजको निर्माण गर्नु ।

- सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच  विस्तार गर्नु ।

### ४.५.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- ग्रामीण फोहर तथा ढलको उचित व्यवस्थापन गरी स्वच्छ गाउँपालिकाको निर्माण गर्ने ।
- जलस्रोत तथा जलाधार क्षेत्रको उचित व्यवस्थापन गरी खानेपानी पूर्वाधारको विकास मार्फत् खानेपानीको पहुँच विस्तार गर्ने ।

### ४.५.४ अपेक्षित उपलब्धी

खानेपानीको लागि धाराको पानी प्रयोग गर्ने परिवार संख्या ९९ प्रतिशत हुनेछ । कपुरकोट गाउँपालिकामा बसोबास गर्ने सम्पुर्ण परिवारमा कम्तिमा साधरण सौचालयको पहुँच पुग्नेछ । । फ्लस शौचालय भएका (सार्वजनिक ढल) घर परिवारहरूको सङ्ख्या ८ प्रतिशत,  फ्लस शौचालय भएका( सेफ्टी टङ्की) परिवार सङ्ख्या ८० प्रतिशत रहने अनुमान गरिएको छ । फोहरमैलाको पूनः प्रयोग गर्ने व्यवस्था गर्न सकेमा वातावरण, जलस्रोत र जलाधार क्षेत्रको संरक्षण गर्न सकिनेछ ।

## ४.६ लैगिक समानता तथा सामाजिक समावेशीकरण

### ४.६.१ वर्तमान अवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कार्यान्वयनमा आएपछि एउटा महत्वपुर्ण विषयको रुपमा उठान भएको छ । लैंगिकता, जातियता, भौगलिकता तथा अन्य आधारमा गरिने असमान व्यवहार तथा गलत परम्परालाई हटाई सामाजिक न्यायँमा आधारित समानतामा आधारित सामाजिक विकास गर्नु आजको आवश्यकता रहेको छ । महिला तथा समाजमा पछाडि परेका वर्गको सशक्तीकरण तथा उनीहरुलाई सिपमुलक तालिमको व्यवस्था गरी जिवनस्तर सुधार्न गाउँपालिका प्रयसारत रहेको छ । हालको अवस्था हेर्दा गाउँपालिकाको नीति निर्णायक तहमा महिलाको पहुँच ३३ प्रतिशत भन्दा बढि पुगेको छ भने महिला श्रम सहभागिता दर ६१.१५ प्रतिशत छ । गाउँपालिकाको विकासका लागि महिला कृषक समूहको गठन हुनु, आधुनिक कृषि तथा पशुपालन व्यवसायमा महिलाहरू संलग्न हुनेक्रम बढ्नु महिला सशक्तीकरणका थप सकारात्मक पक्षहरू हुन् ।

नेपाल सरकारको सबै किसिमका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति, गाउँपालिकाको नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणले प्राथमिकता पाउनुले यस क्षेत्रको विकासका लागि सकारात्मक वातावरण सिर्जना गरेको छ । महिला, सामाजिक रुपमा पछाडि परेका वर्ग, अपाङ्गता भएका व्यक्तिमाथि अझैपनि हिंसाका घटना वेलावेलामा देखापर्ने गरेकाछन । । पिछडिएका र सीमान्तकृत वर्गका महिलाको उत्थानमा पुर्णरुपमा सफलता प्राप्तहुन सकेको छैन । महिलाको शैक्षिक स्तरमा पुरुषको तुलनामा पछाडि रहेको छ साथै नीति निर्माणको निर्णायक तहमा महिलाको उल्लेख्य पहुँच पुर्याउन पर्ने रहेको छ ।

महिलाहरूको आर्थिक क्रियाकलापमा सक्रिय सहभागिता बढ्नु, महिलाहरू विभिन्न किसिमका समूहमा आवद्ध हुनु, गाउँपालिकाबाट महिलाहरूको आत्मसम्मान बढाउने कार्यक्रमको आयोजना गरिनु, सांस्कृतिक सुधारका कार्यक्रमहरूको आयोजना हुनु सामाजिक समावेशीकरणको क्षेत्रमा सुधार आउनु यस क्षेत्रका अवसरहरू हुन् । एकल महिलाको संरक्षण, घरेलु हिंसा तथा महिला हिंसाको उन्मूलन गर्नु, असल एवम् सक्षम महिला नेतृत्वको विकास गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.६.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

महिलाको विकास समतामूलक समाजको निर्माणको आधार ।

**लक्ष्य**

महिला सशक्तकिरण एवं जनचेतना मार्फत लैंगिक विभेद अन्त्य गर्ने ।

**उद्देश्यहरु**

- महिला हिंसा न्यूनीकरण गर्नु ।
- विपन्न र पिछडि परेका महिला तथा वर्गको समग्र विकास गर्नु ।
- ग्रामीण सेवा सुविधामा महिलाको पहुँच बढाउने ।

### ४.६.३ रणनीतिहरु

- हिंसा पीडितलाई समयमै न्याँय दिलाई महिला हिंसा न्यूनीकरण गर्ने ।
- विपन्न र पिछडिएका महिलालाई सामाजिक क्रियाकलापहरुमा सहभागिता बढाइ समग्र विकास गर्ने ।
- महिलाले प्राप्त गर्ने सेवा सुविधाबारे जानकारी गराइ ग्रामीण सेवा सुविधामा महिलाको पहुँच बढाउने ।

### ४.६.४ अपेक्षित उपलब्धी

त्रि-वर्षिय खर्च संरचनाको अन्त्यमा नीति निर्णायक तहमा महिलाको पहुँच ४१ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । त्रि-वर्षिय खर्च संरचनाको अन्त्यमा प्राविधिक तथा व्यावसायिक दक्षता अभिवृद्धि कार्यक्रममा महिला सहभागिता बढदै जानेछ । महिला दक्षता अभिवृद्धि गरी स्वरोजगारका कार्यक्रम लागु गर्ने, सामाजिक चेतनाका लागि महिलालाई नै परिचालन गर्ने, आवश्यक ऐन कानुनको निर्माण गरी लैंगिक समानतासम्बन्धी दिगो विकासको लक्ष्य हासिल गर्न सकिन्छ ।

| **लैगिक तथा सामाजिक समावेशीता** | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| मानव अधिकार उलंघनका घटना | संख्या | ११ | ५ |
| स्थानिय तहका न्यायिक समितिका पदाधिकारीहरुलाई तालिम | संख्या | १० | २० |
| महिला श्रम सहभागिता दर | प्रतिशत | ६१।१५ | ७१ |
| नीति निर्णायक तहमा महिलाको पहुँच | प्रतिसत | ३३ | ४१ |
| स्थानीय तहमा गरिब तथा असहायलाई कानुनी सहायता अभियान | सङ्ख्या | ० | ६ |
| स्थानीय समिति, योजना कार्यान्वयन कार्यदल, उपभोक्ता समिति आदिको नेतृत्वदायि दपमा महिला र अन्य लक्षित वर्गको प्रतिनिधित्व | प्रतिसत | ३३।०१ | ३३।५ |
| सा.व.उ.स.(कार्यसमिति) मा महिला तथा दलित सहभागिता | प्रतिसत | ४० | ५० |
| ज्यालाको अन्तर घटाउने (महिला, पुरुष) | प्रतिशत | १०० | १०० |
| प्राबिधिक तथा व्यवसायिक दक्षता अभिबृद्धि कार्यक्रममा महिला सहभागिता | प्रतिशत | ६४।०६ | ६८।९ |
| नीति निर्णायक तहमा महिलाको पहुँच | प्रतिशत | ३६।५८ | ४५।९ |
| महिला सहकारी संस्थाको सुढृडीकरण | प्रतिशत | १ | ३ |

## ४.७ लक्षित वर्ग उत्थान-वालवालीका, विपन्न तथा जेष्ठ नागरिक

### ४.७.१ वर्तमान अवस्था

समावेशी विकासमार्फत सामाजिक सेवा सुविधामा सबै गाउँपालिकावासीको समान हक स्थापित गर्ने सोचका साथ गाउँपालिकामा लक्षित वर्गको उत्थानका विविध क्रियाकलाप सञ्चालन गरिएका छन । अपाङ्गता परिचयपत्र वितरण, विभिन्न क्षेत्रगत समितिमा दलित तथा महिलाको समावेश केही प्रशंसनीय उदाहरणहरू हुन् । आधारवर्ष सम्ममा १७७ जनाले अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन् । अपाङ्गमैत्रि भौतिक संरचना विद्यालय, तथा स्वास्थ संस्था निर्माण गरिएको छ । सीमान्तकृत वर्गको शैक्षिक अवस्था निम्नस्तरको रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरू समेत सामाजिक तथा आर्थिक क्रियाकलापमा संलग्नता भएको पाइन्छ । कपुरकोट गाउँपालिकामा रहेका अपाङ्गहरूमध्ये ६.८६ प्रतिशत अपाङ्गहरू विविध क्रियाकलापमा संलग्न छन । अपाङ्गता परिचय पत्र प्राप्त गर्नेहरूको सङ्ख्या पनि १७७ पुगेको छ । लक्षित वर्गलाई प्रोत्साहन गर्दै यस कपुरकोट गाउँपालिकाले विविध कार्यक्रमहरू पनि गर्दै आईरहेको छ ।

गाउँपालिकामा महिला, दलित, अपाङ्ग, लोपोन्मुख तथा सीमान्तकृत वर्गको उत्थानका लागि विविध प्रयासहरू गरिएको भए तापनि सीमान्तकृत समुदायको उत्थानका लागि ठोस पहलको आवश्यकता रहेको छ । मगर तथा दलित तथा पिछडिएका वर्ग शिक्षामा पहुँच कमि हुँदा रोजगारीका अवसरबाट वञ्चित हुनुपर्ने अवस्था रहेकोछ । समाजमा दलित, महिला, अपाङ्ग एवम् पिछडिएका वर्गप्रति हेर्ने दृष्टिकोणमा पुर्णरुपमा परिवर्तन आउन सकेको छैन ।

उद्यम तथा व्यवसायमा दलित व्यक्तिहरू संलग्न हुनेक्रम बढ्नु, अपाङ्गता परिचयपत्र वितरण हुनु, लक्षित वर्ग केन्द्रित नीतिगत व्यवस्था हुनु यस क्षेत्रका अवसरहरू हुन् । लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गर्नु, सीमान्तकृत एवं लोपोन्मुख जातिको संरक्षण गर्नु, लक्षित वर्गको साक्षरता दर वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.७.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**
समतामूलक समाज निर्माणका लागि लक्षित वर्गको उत्थान ।

**लक्ष्य**
लक्षित समुदायको शैक्षिक, आर्थिक अवस्थामा सुधार ल्याउने ।

**उद्देश्यहरु**

- लक्षित वर्ग केन्द्रित भेदभाव र शोषणको अन्त्य गर्नु ।
- लक्षित समुदायको साक्षरता दर वृद्धि गर्नु ।
- लक्षित वर्गलाई सामाजिक क्रियाकलापमा सक्रिय बनाउनु ।

### ४.७.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- सामाजिक विभेद र शोषण अन्त्यका लागि जनचेतना फैलाउने ।
- महिला, दलित, लोपोन्मुख जातिको शिक्षामा पहुँच बढाउने ।
- लक्षित वर्गलाई स्थानीय क्रियाकलापमा सक्रिय बनाई उनीहरुको आत्मबल बढाउने,
- जेष्ठ नागरिकहरुका अनुभव, सिप तथा क्षमताहरुको ससम्मान तथा  वातावरण मिलाउने ।

### ४.७.४ अपेक्षित उपलब्धी

दलित तथा पछाडिपरेको वर्गको  उद्यम तथा व्यवसायमा संलग्नता बढ्नेछ । लक्षित वर्गको उत्थानका लागि क्षमता अभिवृद्धि तथा संरक्षणका कार्यक्रम तर्जुमा कार्यान्वयनमा आउनेछन र गरिबी अन्त्य गर्ने तथा समावेशितासँग सम्बन्धित दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग मिल्नेछ ।

| **लक्षित वर्ग (अति बिपन्न, भुमीहिन, अल्पसंख्यक, बालबालिका तथा जेष्ठ नागरिक) उत्थान** | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| ज्येष्ठ नागरिकहरुमाथि हिंसा | संख्या | ८ | ४ |
| जेष्ठ नागरिकको स्वास्थ्य परिक्षण | प्रतिशत | १०० | १०० |
| ज्येष्ठ नागरिक कल्याणका लागि कार्य गर्ने संघ संस्था | संख्या | २ | ५ |
| जेष्ठ नागरिक सहायता केन्द्र | संख्या | ० | १ |
| अपांगता भएका व्यक्तिहरुको सामाजिक तथा आर्थिक कृयाकलापमा सकृय सहभागिता दर | प्रतिशत | ६४ | ६९ |
| उद्यम तथा व्यवसायमा संलग्न अपांगता भएका व्यक्तिहरु | संख्या | ७ | ११ |
| अपांगमैत्रि भौतिक संरचना  भएका विद्यालय,  निर्माण | संख्या | ४ | ८ |
| अपांगमैत्रि भौतिक संरचना भएका स्वास्थ संस्था निर्माण | संख्या | २ | ४ |
| अपांगमैत्रि भौतिक संरचना प्रसासनिक भवन निर्माण | संख्या | १ | २ |
| अपांगता परिचय पत्र प्राप्त गरेका | संख्या | १७७ | १८७ |

## ४.८ भाषा, संस्कृती, कला र साहित्य

### ४.८.१ वर्तमान अवस्था

गाउँपालिकामा सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको अध्ययन तथा अनुसन्धान गर्ने, संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिन आवश्यकता हुन्छ । विभिन्न किसिमका प्रतियोगिता, मेला, पर्व र महोत्सवहरूको आयोजनामार्फत भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गर्ने प्रयास गरिएको छ । गाउँपालिका परम्परागत तथा सांस्कृतिको संरक्षणका लागि थप आवश्यक पहलकदमि लिन आवश्यक रहेको छ । भाषा, साहित्य, कला र संस्कृतिसँग सम्बन्धित संग्रालयको स्थापना र संचालन गर्न सकेमा लोपोन्मुख कला, संस्कृतिको संरक्षण गर्न सहयोग पुग्दछ । तथापि भाषा, संस्कृति, कला र साहित्यको जगेर्नाका लागि योजनाबद्ध कार्यक्रम निर्माणको आवश्यकता देखिन्छ ।

कला, साहित्य र संस्कृतिसँग सम्बन्धित विविध प्रतियोगिताहरु संचालन गरिदै आएको छ यस गाउँपालिकाले । वर्तमान समयमा १० वटा मेला तथा महोत्सवहरू सञ्चालनमा वार्षिकरुपमा संचालन हुँदै आएकाछन । कला तथा संस्कृतिको संरक्षणका लागि क्रियाशिल संघ तथा संस्थाहरू अहिले सञ्चालनमा छैनन् तर आउँदा दिनहरूमा यस्ता संघ तथा संस्थाहरू सञ्चालन हुनेछन् ।

ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक दृष्टिले महत्वपूर्ण स्थलहरूको संरक्षणको लागि दीर्घकालीन सोचकोसाथ बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा लग्नु चुनौती रहेको छ । मठ मन्दिरको व्यवस्थितरूपमा संरक्षण गर्ने समुदायको कला साहित्यको व्यवस्थित अभिलेख राखिएको पाईदैन ।

स्थानीय कला संस्कृतिलाई पर्यटनसँग जोड्नु, धार्मिक एवं तीर्थस्थलको रूपमा रहेका मन्दिरहरूको संरक्षण गर्नु, संस्कृति सम्पदा संरक्षणका लागि आवश्यक व्यवस्था हुनु, सडक पूर्वाधारको विकास हुनु यस क्षेत्रका सम्भावनाहरू हुन् । समुदायको परम्परा संरक्षण गर्नु, धार्मिक, सांस्कृतिक स्थलको संरक्षण गर्नु, स्थानीय कला र साहित्यको अभिलेख राख्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.८.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

धार्मिक सांस्कृतिक आस्थाको सम्मान सद्भावपूर्ण समाज ।

**लक्ष्य**

समाजमा विद्यमान रहेका संस्कृति र परम्पराको संरक्षण गर्ने ।

**उद्देश्यहरु**

- सबै धर्मावलम्बी र सबै जाति बीचको एकता र सद्भावलाई निरन्तरता दिनु ।
- सबै जाति र वर्गको कला, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु ।
- सांस्कृतिक परम्परालाई वैज्ञानिक तर्कले पुष्टि गर्ने कार्यको थालनी गर्नु ।

### ४.८.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- समाजमा शान्ति र एकताका लागि समयानुकुल सामाजिक  विकासमा जोड दिने ।
- कला, साहित्य, संस्कृति एवं धार्मिक स्थलको संरक्षणका लागि समुदायको सहभागिता बढाउने ।
- परम्परागत संस्कृतिको विकासका लागि सांस्कृतिक परम्पराको वैज्ञानिक महत्वबारे प्रचार गर्ने ।

### ४.८.४ अपेक्षित उपलब्धी

मध्यमकालीन खर्च संरचनाको अन्त्यमा परम्परागत तथा सांस्कृतिक क्षेत्रहरुको पहिचान तथा संरक्षण गर्ने कार्य गरिनेछ । धार्मिक र ऐतिहासिक स्थलमा थप पूर्वाधारहरुको निर्माण हुनेछन । व्यवस्थित कार्ययोजना बनाई भाषा, संस्कृति, कला र साहित्यको जर्गेना मार्फत् लोपोन्मुख भाषा, संस्कृति र परम्पराको संरक्षण तथा विकास हुनेछ । फलस्वरुप दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग मिल्ने छ ।

| **भाषा, संस्कृति, कला साहित्य** | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. २०८२।८३ |
| भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र प्रवर्धनमा क्रियाशिल संघ संस्थाहरु | संख्या | ० | २ |
| सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको अध्ययन अनुसन्धान | संख्या | ० | २ |
| परम्परागत तथा सांस्कृतिक गुठी संरक्षण | संख्या | ० | २ |
| भाषा, साहित्य, कला र संस्कृतिसँग सम्बन्धित संग्रालयहरुको संख्या | संख्या | ० | २ |
| भाषा, साहित्य, कला र संस्कृतिसँग सम्बन्धित प्रतियोगिता, मेला, पर्व र महोत्सवहरु | संख्या | १० | १५ |

### ४.९ जोखिम पक्ष तथा अनुमान

प्राविधिक तथा रोजगारमुलक शिक्षाको कमिले यूवावर्ग विदेश जान बाध्य हुनु, सेवा सुविधा तथा अन्य विभिन्न कारणले बसाँई सराई गरेर तराईतिर जाने क्रम नरोकिदा गाउँपालिका भित्र दक्ष कामदारको अभाब हुनु र सार्वजनिक विद्यालयहरुमा विद्यार्थी घटदै जाने र निजी विद्यालयहरुमा विद्यार्थी बढदै जानु चुनौतिको विषय छ  सामाजिक क्षेत्रको विकासका लागि पर्याप्त पूर्वाधार, प्रयोगशाला, अनुसन्धान र सुविधाको उपलब्धता, प्रशिक्षण, संगठन संरचना र जनशक्तिको व्यवस्था र क्षमता अभिबृद्धी गर्नु चुनौति रहेकोछ । तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ  ।

# परिच्छेद ५ : भौतिक पूर्वाधार विकास क्षेत्र

## ५.१ आवास तथा वस्ती विकास

### ५.१.१ वर्तमान अवस्था

सडक विस्तार र बस्ती थपिने क्रम सुरुवाती चरणमै छ । त्यसकारण वस्ती विकास व्यवस्थापन र पूर्वाधार विकास निर्माण योजना अनुरूप हुन सक्ने देखिन्छ ।। गाउँपालिकामा सुरक्षित आवासमा पहुँच पुगेको जनसङ्ख्या अत्यन्तै न्यून अर्थात् १९.५२ प्रतिशत मात्र छ । वर्तमानमा नक्सा पास गरी घर निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ तर पनि नक्शा पास गरी घर निर्माण गर्नेहरूको सङ्ख्या ० प्रतिशत छ । घर नक्शा पास गरी निर्माण गर्न थप पहल कदमिको आवश्यकता रहेको छ । ढल तथा सडक निर्माण लगायतका पूर्वाधार विकासले तिव्रता लिन सकेको छैन । गाउँपालिकाको सेवा सुविधामा विस्तार गरी समग्र अर्थतन्त्रको विकासमार्फत बसाइ सराइ गरेर जानेको सङ्ख्यामा कमी ल्याउन, व्यवस्थित वस्ती विकास गर्न तथा सहरोन्मुख क्षेत्रको विकासको योजना बनाउन विशेष पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

कुपुरकोट वजार आफैमा पहिरोकोकारण उच्च जोखिमयूक्त बस्तीको रुपमा रहेको छ । गुणस्तरीय सडक पूर्वाधार विकास नहुनु, छरिएर रहेको बस्ती यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

आर्थिक गतिविधिमा वृद्धिसँगै गाउँपालिकाको राजश्व सङ्कलनमा वृद्धिको सम्भावना हुनु, प्राकृतिक स्रोत साधनको सन्तुलित उपयोगका लागि सामुदायिक एवम् गाउँपालिकास्तरमा विभिन्न मापदण्ड तथा नीति नियम बन्ने क्रममा हुनु, ग्रामीण चेतनाको स्तर बढ्नु यस क्षेत्रका अवसरहरू हुन् । वस्ती क्षेत्रमा आवश्यक पूर्वाधारको व्यवस्था गर्नु, वातावरणमैत्री वस्ती व्यवस्थापन गर्नु, फोहरमैलाको उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ५.१.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

व्यवस्थित वस्ती विकासका लागि भौतिक पूर्वाधारको विकास ।

**लक्ष्य**

भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारको विकास गरी सुरक्षित वस्ती विकास गर्ने ।

**उदेश्यहरु**

- सुरक्षित,दीगो र वातावरण मैत्री ग्रामिण पूर्वाधार निर्माण गर्नु ।
- व्यवस्थित उद्योग एवं बजार क्षेत्रको निर्माण गर्नु ।
- उपलब्ध स्रोत साधनको उपयोग गरी पूर्वाधार विकास गर्नु ।

### ५.१.३ रणनीतिहरु

- सम्भावित लघु उद्योग र बजारको वर्गीकरण गर्ने ।

- गाउँपालिकाका  वस्ती क्षेत्रमा सडक, खानेपानी, शैक्षिक लगायतका पूर्वाधार निर्माणका लागि पहल गर्ने ।

### ५.१.४ अपेक्षित उपलब्धी

मध्यमकाली खर्च संरचनाको अन्त्यमा शत्प्रतिशत परिवार सुरक्षित आवासको पहुँचमा हुनेछन् । योजनाको अन्त्यमा  नक्सा पास गरी घर निर्माण हुन लाग्नेछन । सार्वजनिक स्थलमा वातावरणमैत्री पूर्वाधारको निर्माण तथा आवश्यक ऐन कानुनको निर्माण गरी सहर तथा मानव बसोवासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने तथा दिगो विकासको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाले पूर्वाधार विकासमा जोड दिई वस्ती विकास तथा व्यवस्थापनका विविध मापदण्डको निर्माण गरी लागु गर्ने छ ।

| **आवास तथा बस्ती विकास** | | | |
|---|---|---|---|
| विवरण | ईकाई | आ.ब. २०७९।८० | आ.ब. आ.ब. २०८२।८३ |
| सुरक्षित आवासमा पहुँच | प्रतिशत | | १०० |
| नक्सा पास गरी निर्माण भएका घर | प्रतिशत | | २.५२ |
| खरको छाना भएका घर | संख्या | ८०७ | ० |

## ५.२ सडक तथा यातायात

### ५.२.१ वर्तमान अवस्था

सुरक्षित आवास क्षेत्र, संभावित उद्योग क्षेत्र, कृषि पकेट क्षेत्र, खानी क्षेत्र, धार्मिक तथा पर्यटकिय स्थलहरुलाई प्राथमिकतामा राखेर सडकको ट्र्याक खालिँदै गएका छन् । सडक विस्तार सँगै स्थानीय उत्पादन (कृषि, वन, पशु जन्य) हरुको निकासी सहज हुँदै गएको छ । उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, भौतिक निर्माण लगायतका कार्य गर्न सहज र कम खर्चिलो हुँदै गएको छ । धार्मिक, ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक स्थलहरुलाई प्रयोग गरेर पर्यटकिय गतिबिधि सञ्चालन गर्न सहज बन्दै गएको छ । सडक साँघुरो छ, घुम्ती पर्याप्त छैन, खाल्टा खुल्टी छन्, ग्रेड मिलेको छैन, कच्ची छ, नाली काटिएको सडकको लम्बाई न्यून छ । कृषि, वन, खानी, प्राकृतिक स्रोतहरुको व्यवसायिक परिचालनको प्राविधिक पक्ष कमजोर छ ।

गाउँपालिकामा सडक निर्माण तथा तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यातायातलाई बाह्रै महिना सञ्चालन गर्न र सडक सुधार कार्यलाई ब्यवस्थित गर्न अझ बाँकी छ । कपुरकोट गाउँपालिकामा एक घण्टाको दुरीमा यातायातको पहुँच भएको जनसंख्या औषत ९५ प्रतिशत छन् ।

सडक विस्तारका कारण डुबाउ, बाडी जस्ता समस्या बढेका छन् । उद्योग व्यवसाय सञ्चालन, सार्वजनिक प्रयोग तथा महत्वका भौतिक निर्माण गर्न उपयुक्त सार्वजनिक जमिन कम हुनु । सडक बिस्तार तथा ब्यवस्थापनमा चुनौतिहरु छन् । सडकको क्षमता भन्दा बढी वजनका बाहनहरुलाइ बैकल्पिक ब्यवस्था भएको छैन ।

सडकको निर्माण तथा विस्तार मार्फत व्यवसायिकरण गर्ने सम्भावना हुनु, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था हुनु, सडक निर्माण तथा सुधार गरी स्थानीय सेवालाई प्रभावकारी बनाउने सम्भावना हुनु यस क्षेत्रका प्रमुख अवसरहरु हुन् । सडकको स्तरोन्नती र विस्तारका लागि अतिरिक्त बजेटको व्यवस्था गर्नु, स्थायी सडक पहुँच भएको जनसङ्ख्या वृद्धि गर्नु, सडकमा प्राकृतिक क्षति न्यूनीकरण गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

### ५.२.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

सुरक्षित भरपर्दो र ब्यवस्थित सडक सन्जाल निर्माण ।

**लक्ष्य**

सडक सञ्जालको विकास मार्फत कृषि र औद्योगिक उत्पादनको बजार सुनिश्चित गर्ने ।

**उदेश्यहरु**

- सडक निर्माण भरपर्दो र ब्यवस्थित बनाउनु ।

- स्थानीय सेवा प्रदायकसम्म गुणस्तरीय सडक सञ्जाल विस्तार गर्नु ।
- मौजुदा सडकको स्तरोन्नति गर्नु ।
- सडक तथा यातायात व्यवस्थापन मापदण्ड बनाउने ।

### ५.२.३ रणनीतिहरु

- १.सडकको स्तरोन्नती मार्फत व्यावसायिक क्रियाकलापमा वृद्धि गर्ने ।
- २.गाउँपालिकाका प्रशासनिक निकायसम्म पहुँच पुऱ्याउन वडा कार्यालय र वस्ती जोड्ने सडक निर्माणलाई प्राथमिकता दिने ।
- ३. सडक मर्मत तथा निर्माण कार्य गर्दा मापदण्ड अनिवार्य रुपमा लागु गर्ने ।

### ५.२.४ अपेक्षित उपलब्धी

मध्यमकालीन खर्च संरचनाको अन्त्यमा गाउँपालिका तथा वडा जोड्ने .सडकहरु निर्माण भएका हुनेछन । पुराना सडकको स्तरोन्नती हुनेछ । सबै परिवारमा यातायातको पहुँचभित्र हुनेछन् । उत्थानशील पूर्वाधारको निर्माण गर्ने दिगो विकासको लक्ष्य प्राप्तिका लागि कृषि सडकको निर्माण तथा वातावरण मैत्री सडक तथा यातायात विकासलाई जोड दिनुपर्ने आवश्यकता देखिन्छ ।

| सडक तथा यातायात | | | |
|---|---|---|---|
| **विवरण** | **ईकाई** | **आ.ब. २०७९।८०** | आ.ब. २०८२।८३ |
| एक घण्टाको दुरीमा यातायातको पहुँच भएको जनसंख्या | प्रतिशत | ९५ | ९९ |
| पालिका तथा वडा जोड्ने सडक निर्माण | कि. मि. | २५ | ३२.७५ |
| खण्डस्मिथ सडकमा स्तरोन्नती | कि. मि. | ८ | १०.४८ |
| स्थानीय सडक (कालोपत्रे) | कि. मि | | ८ |
| स्थानीय सडक (खण्डास्मित) | कि. मि | १५ | २४ |
| स्थानीय सडक (धुले) | कि. मि | १४७ | १९३ |
| सडक सुधार | संख्या | १४ | १७ |
| पक्की पुल निर्माण | संख्या | ० | २ |
| झोलुंगे पुल निर्माण | संख्या | ३ | ५ |

## ५.३ बिद्युत तथा बैकल्पिक उर्जा

### ५.३.१ वर्तमान अवस्था

ऊर्जा सहज जीवनयापनका लागि अपरिहार्य साधन हो । विकासको स्तर थाहापाउँन उर्जाको खपत मात्राको आधारा एकिन गर्ने गरिन्छ । सामाजिक विकासक्रम सँगसँगै जलविद्युत र वैकल्पिक ऊर्जाको विकास एवम् प्रयोग बढ्दो छ । गाउँपालिकामा जलविद्युत ऊर्जाको विस्तार गर्ने क्रममा हाल ६५ प्रतिशत परिवारमा विद्युतको पहुँच पुगेको छ । सौर्य ऊर्जा प्रयोग गर्ने परिवारको संख्या ३४.६ प्रतिशत रहेको छ भने ०.०५ प्रतिशत परिवारले मात्र बायो ग्याँस प्रयोग गर्दछन् । पूर्ण विद्युतिकरणको लागि विद्युत प्राधिकरणको साझेदारिमा रु ७ करोड वरावरको विद्युतिकरणको कार्य अगाडि वढाईएको छ ।

गाउँपालिकाका ३५ प्रतिशत घरपरिवार अझैपनि विद्युतको पहुँचवाट टाडा रहेकाछन । सम्पुर्ण घरपरिवारमा विद्युतको विस्तार गर्ने गाउँपालिकाले नीति रहेको छ । विद्युतको विस्तार गरी विद्युतमा आधारित साना तथा मझौला उद्योगको स्थापना गर्न सकेमा गाउँमानै रोजगारको अवसर सिर्जन गर्न सजिलो हुन्छ । सबै परिवारमा ऊर्जाको पहुँच विस्तार गर्नु, वातावरण मैत्री ऊर्जा प्रयोगलाई विस्तार गर्नु तथा आवश्यक लगानीको व्यवस्था गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ५.३.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच**

उर्जाको विकासगरी ग्रामीण विकासमा योगदान ।

**लक्ष्य**

सम्पुर्ण घरपरिवारमा विद्युतको पहुँच उपलव्ध गराउने ।

**उदेश्यहरु**

- ग्रामीण वस्तीमा उर्जाको पहुँच विस्तार गर्नु ।
- वातावारण प्रदूषण रोकथामका लागि नवीकरणीय उर्जाको प्रयोगमा वृद्धि गर्नु ।

### ५.३.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- उर्जा सेवाको पहुँच विस्तार गरी जीवनस्तरमा वृद्धि ल्याउने
- नवीकरणीय वैकल्पिक उर्जाको प्रवर्द्धन गर्ने ।

### ५.३.४ अपेक्षित उपलब्धी

मध्यमकालीन खर्च संरचनाको अन्त्यमा ९५ घरधुरीमा विद्युतीय सेवाको विस्तार हुनेछ । वातावरण मैत्री उर्जाको गाउँपालिकामा प्रवर्द्धन गर्न सकेमा जलवायु परिवर्तनको प्रभाव नियन्त्रण गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग मिल्नेछ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ वर्तमान अवस्था

गाउँपालिकामा सुशासन र पारदर्शिता कायम गर्नका लागि सूचना तथा सञ्चार क्षेत्रको अहम् भूमिका रहेको हुन्छ। ई हाजिरी मार्फत सबै कार्यालय, स्वास्थ्य संस्था र मा.वि. हरुमा अनलाईन हाजिरी प्रणालीको सुरुवात भएको छ। अनलाईन राजश्व प्रणाली र अनलाईन योजना व्यवस्थापन प्रणाली लागु गरिएको छ। आधारवर्षमा गाउँपालिकामा टेलिभिजन प्रयोग गर्ने परिवारको संख्या १५.५ प्रतिशत (६१६ परिवार) रहेको र मोवाईल प्रयोग गर्ने परिवार संख्या ८८.८ प्रतिशत (३५३४ परिवार) रहेको छ। ईन्टरनेट प्रयोगकर्ता परिवारको संख्या २९.४ प्रतिशत (११६८ परिवार) रहेको छ। गाउँपालिकाले सूचनाको सम्प्रेशण आफनो वेभसाईटको माध्यमवाट गर्दै आईरहेको छ। प्रविधिको प्रयोग गरी सेवाप्रवाह गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ।

सूचना प्रविधिको पहुँच नभएका परिवारको संख्या बढी हुनु, दक्ष जनशक्तिको अभाव हुनु, आधुनिक प्रविधिको प्रयोग हुन नसक्नु, व्यवस्थितरुपमा गाउँपालिकाको तथ्यांक संकलन हुन नसक्नु यस क्षेत्रका समस्याहरु हुन्।

सूचना प्रविधिको विकास मार्फत दक्ष जनशक्ति निर्माणको सम्भावना हुनु, सार्वजनिक स्थलमा इन्टरनेट सुविधा विस्तार गरी सूचनामा पहुँचमा विस्तार गर्ने सम्भावना हुनु, नागरिक वडापत्रमार्फत सूचना प्रवाह गर्नु, यस क्षेत्रका अवसरहरु हुन्। आधुनिक सञ्चारका साधनको उपयोग विस्तार गर्नु, सुशासनका लागि सूचना प्रविधिको सही सदुपयोग गर्नु यस क्षेत्रका चुनौतीहरु हुन्।

### ५.४.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सेच,**

सूचना प्रविधिमा पहुँच विस्तार।

**लक्ष्य**

सूचना प्रविधिको प्रयोग बढाई दक्ष जनशक्ति निर्माण गर्ने।

**उदेश्यहरु**

- विद्यालय शिक्षालाई सूचना प्रविधीमैत्री बनाउनु।
- उत्पादनमूलक क्षेत्रमा सूचना प्रविधीको विस्तार र विकास गरी उत्पादन बढाउनु।

### ५.४.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- विद्यालय शिक्षामा सूचना प्रविधीको प्रयोग बढाउन आवश्यक पूर्वाधार निर्माण गर्ने ।
- कृषि तथा व्यापार व्यवसायमा सूचना प्रविधीको विस्तार गर्ने।

### ५.४.४ अपेक्षित उपलब्धी

योजनाको अन्त्यमा धेरैजसो घरपरिवारमा ईन्टरनेटको पहुँच विस्तार हुनेछ। प्रविधिको प्रयोग गरी गाउँपालिकाले सेवा प्रवाहलाई विस्तार गर्नेछ। समावेशी विकासको दिगो लक्ष्य प्राप्तिका लागि शैक्षिक तथा व्यापारिक क्षेत्रलाई प्रविधिमैत्री बनाउनु आवश्यक देखिन्छ।

## ५.५ फोहोरमैला व्यवस्थापन र ढल निकास

### ५.५.१ वर्तमान अवस्था

ढल तथा फोहरमैलाको व्यवस्थापन गर्न सकेमा फोहरमैलावाट हुने संक्रमण दर कम हुने र स्वस्थ समाज निर्माणका आधार तयार हुन जान्छ। गाउँपालिकामा फोहरमैला व्यवस्थापनका लागि नीति तथा कार्यक्रम बनाइएको छ। गाउँपालिकाले ढल निकासको दीगो व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ। गाउँपालिकामा साक्षरता दरको वृद्धिसँगै स्थानीयस्स्तरमा चेतनाको स्तर पनि बढ्दै गएको छ। गाउँपालिकाका महिला समूह तथा वनउपभोक्ता समूह, सिंचाइ समूह लगायतका समूहले स्थानीय गतिविधिलाई वातावरणमैत्री रुपमा सञ्चालन गर्नमा सहयोग पुऱ्याइरहेका छन्। यस्तै गरी फोहरमैला व्यवस्थापन तथा प्रशोधनका लागि आवश्यक पूर्वाधारको दीर्घकालिन व्यवस्था गर्न आवश्यकता रहेको छ।

गाउँपालिकामा ढल निकासका कार्यहरु संचालन गरिरहेको भएपनि पर्याप्तता छैन र व्यवस्थित योजना वनेको छैन, ढल तथा प्रशोधन पूर्वाधार निर्माणका लागि बजेटको कमी हुनु, स्थानीयमा परम्परागत फोहरमैला निश्कासनलाई नै निरन्तरता दिने प्रवृत्ति पाइनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन्।

गाउँपालिकाको प्लाष्टिक मुक्त बनाउने योजना निर्माणाधिन अवस्थामा हुनु, फोहरमैला वर्गिकरण गरी कुहिने फोहरमैलाबाट प्राङ्गारिक मल बनाउने कार्यलाई प्रोत्साहन गर्नु, वातावरणमैत्री समाजको निर्माण हुने क्रम बढ्नु यस क्षेत्रका अवसरहरु हुन्। व्यवस्थित रुपमा ढल निकासको व्यवस्था गर्नु, फोहरमैला प्रशोधन स्थलको चयन गर्नु, फोहरमैला प्रशोधनका लागि आवश्यक प्रविधि तथा सामग्रीको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरु हुन्।

### ५.५.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच**

ढल तथा फोहरमैलाको व्यवस्थित निकास।

**लक्ष्य**

ढल तथा फोहरमैलाको कुशल व्यवस्थापन गर्ने।

**उदेश्यहरु**

- ढल तथा फोहरमैलाको कुशल व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्नु।
- फोहरमैला प्रशोधनको प्रबन्ध मिलाउनु।

### ५.५.३ रणनीतिहरु

- ढल निर्माण कार्यलाई तीब्रता दिने
- फोहरमैला प्रशोधन केन्द्रको स्थापना गर्ने।

### ५.५.४ अपेक्षित उपलब्धी

स्वच्छ गाउँपालिकाको निर्माण हुनेछ, ढल तथा फोहरमैलाको उचित व्यवस्थापन हुनेछ।

## ५.६ सार्वजनिक निर्माण

### ५.६.१ वर्तमान अवस्था

सार्वजनिक भवन र उद्यानको संरक्षण र संवर्द्धन गर्नु आम नागरिकको दायित्व हो । यसै तथ्यलाई आत्मसात् गरी गाउँपालिकामा स्थानीय परिस्थिति एवं स्रोत साधन अनुकुल सार्वजनिक भवन र उद्यानको निर्माण गरी संरक्षण गर्ने जमर्को गरिएको छ । गाउँपालिकामा स्वच्छ वातावरण निर्माणका लागि वडागत उद्यान निर्माण गर्ने कार्यको थालनी गरिएको छ भने समयानुकुल गाउँपालिकाका सार्वजनिक भवनहरूको मर्मत सम्भार गर्दै आइरहेको छ । यद्यपि पर्याप्त मात्रामा सार्वजनिक भवन तथा उद्यानको निर्माण गर्न सकिएको छैन ।

वि.सं. २०७३ को स्थानीय तह क्षेत्र निर्धारण आयोगको सिफारिस अनुसार साविकका गा.वि.स.हरू टुक्र्याएर वा गाभेर हालका गाउँपालिकाहरूको प्रशासनिक संरचना तयार भएको छ । स्थानीय प्रशासन र राजनितिक संरचनामा यसले सहजता थपेको छ । नागरिकहरूका अत्यावश्यक सेवा उपभोग गर्ने अधिकारमा सहजता पनि थपेको छ । तर, वैज्ञानिक रुपमा भन्दापनि पुरानो गा.वि.स.का केन्द्रहरूलाई नै अहिलेको वडा केन्द्रकारूपमा प्रयोग गरिएका र जठिल भौगोलिक अबस्था, सबै सर्वसाधारणहरुलाई यातायातको सहज पहुँच नपुग्दा सार्वजनिक सेवा प्रवाहमा समान पहुँच पुर्याउन कठीन रहेकोछ ।

वडा र गाउँपालिका केन्द्रबाट दिईने सेवाहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन भौतिक संरचनाले प्रत्यक्ष प्रभावपारेको हुन्छ । प्रसाशन, विषयगत शाखा, गोदाम र आपतकालीन प्रयोजनका लागि न्यूनतम सुविधासहितका भवन निर्माण गर्न र नागरिक सेवाको दायरा बढाउन आवश्यक पर्ने भवन तथा अन्य पूर्वाधार पूर्णरुपमा बनेका छैनन् ।

सार्वजनिक भवनको विस्तार तथा गुणस्तर वृद्धि गरी गाउँपालिकाको आधारभूत सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्ने, विद्यालय भवनको निर्माण तथा स्तरोन्नति गरी शैक्षिक क्षेत्रको विकास गर्ने, सबै वडाका स्वास्थ्य संस्थावाट सहजरुपमा स्वास्थ्य सेवा प्रदान गर्न सकिनु, सबै वडामा पार्कको निर्माण गर्न सकेमा गाउँपालिकाको स्थानीय वातावरण स्वच्छ बनाउन मद्दत पुग्ने देखिन्छ तर सार्वजनिक भवन र उद्यान निर्माणका लागि पर्याप्त बजेट विनियोजन गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षणमा जनसहभागिता बढाउनु चुनौतीपूर्ण देखिन्छ ।

### ५.६.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

#### सोच

सार्वजनिक भवन र उद्यान्नको संरक्षण र संवर्द्धन ।

#### लक्ष्य

सार्वजनिक भवन र उद्यान्नको आवश्यकता बमोजिम विकास र मर्मत सम्भार गर्ने ।

#### उदेश्यहरु

- सार्वजनिक उद्यान्नको निर्माण र संरक्षण गरी स्वच्छ वातावरण सुनिश्चित गर्नु ।

- स्थानीयको सहभागितामा सार्वजनिक सम्पत्ती संरक्षण गर्ने र पर्याप्त भौतिक निर्माण गर्ने

### ५.६.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- गाउँपालिकामा सार्वजनिक भवनको निर्माण र संरक्षणका लागि स्थानीयलाई सहभागी गराउनु ।

### ५.६.४ अपेक्षित उपलब्धी

गाउँपालिकाका सार्वजनिका भवनको संरक्षण हुनेछ । उद्यान्न निर्माण मार्फत स्वच्छ वातावरणको सिर्जना हुनेछ ।

## ५.६ जोखिम पक्ष तथा अनुमान

विस्तृत संभाव्यता अध्ययन विना आयोजना कार्यान्वयन गरिनु पर्ने अवस्था, पूर्वाधारजन्य आयोजनाहरुको गुणस्तरियता कायम गर्नु पर्ने पक्ष, विस्तृत आयोजना प्रतिवेदन तयार तथा समयमा नै टेण्डर प्रक्रिया पुरा गरी गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्ने आदि विषयहरु, पूर्वाधारजन्य आयोजना निर्माण गर्दा वातावरणिय पक्षलाई ध्यान दिन नसक्नु, भौगोलिक बनावटको कारणले आयोजना निर्माण लागत बढि हुने र समयमै सम्पन्न गर्न नसक्नु जस्ता विषयहरुमा जोखिम रहेको देखिन्छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयहरुलाई सम्बोधन गर्न नसक्दा पुर्वाधार क्षेत्रको अपेक्षित नतिजा हासिल गर्न नसकिने जोखिम समेत रहेको छ । सम्भावित जोखिम पक्षहरुको पहिचान गरी समयमै निराकरण गरिने अनुमान गरिएको छ ।

# परिच्छेद ६: वन, वातावरण तथा विपद व्यवस्थापन

## ६.१ जलाधार तथा जैविक विविधता संरक्षण

### ६.१.१ वर्तमान अवस्था

जलाधार क्षेत्र खानेपानी र सिंचाइको दीगो विकासका आधार हुन् । यसर्थ जलाधार तथा संरक्षणका लागि विशेष योजना बनाउनुपर्ने आवश्यकता देखिन्छ । खर्च संरचनामा नदी तथा अन्य जलाधार क्षेत्रको विकासका लागी कार्ययोजना बनाइएको छ ।

जलस्रोत तथा जलाधार क्षेत्रमा प्रदुषण बढ्दै जानु, कपुरकोट गाउँपालिकाका खोल्सा खोल्सीको दोहन बढ्दै जानु, सिमसार क्षेत्रको उचित व्यवस्थापन नहुनु, जैविक विविधता संरक्षणमा खास कार्ययोजना नहुनु यस क्षेत्रका समस्याहरु हुन् ।

उपलब्ध जलस्रोतको उचित व्यवस्थापन मार्फत खानेपानी तथा सिंचाइ सुविधाको विस्तार गर्नु, स्वच्छ खानेपानीको पहुँच बढाउनु, , यस क्षेत्रका अवसरहरु हुन् । खोलाको अव्यवस्थित दोहनको रोकथाम गर्नु, नदी तथा खोलालाई जीविकोपार्जनको आधार बनाएका समुदायको संरक्षण गर्नु, सिमसार क्षेत्रको कुशल व्यवस्थापन गर्नु, जैविक विविधताको संरक्षण गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

### ६.१.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच**

जलाधार तथा जैविका विविधता गाउँपालिकाको विकासका सहयोगी आधार ।

**लक्ष्य**

जलाधार तथा जैविक विविधताको दीगो विकास गर्ने ।

**उदेश्यहरु**

- जलाधार क्षेत्रको उचित व्यवस्थापन गर्नु ।
- उपलब्ध जैविक विविधता संरक्षण मार्फत पर्यावरणको संरक्षण गर्नु ।

### ६.१.३ रणनीतिहरु

- खोला, पानीका मुहान तथा भूमिगत जलस्रोतको सन्तुलित उपयोग गरी सिंचाइ सुविधा विस्तार गर्ने ।
- जैविक विविधता संरक्षण अभियानमा जनसहभागीता बढाउने ।

### ६.१.४. अपेक्षित उपलब्धी

योजनाको अन्त्यमा जैविक विविधताका संरक्षणमा ठोस पहल हुनेछ । जडिबुटी प्रशोधन र भण्डारण उद्योगको स्थापना गर्न प्राथमिकता दिईनेछ । जैविक विविधता संरक्षण तथा जलाधार क्षेत्रको कुशल व्यवस्थापन गर्न सकेका खण्डमा जलवायु संरक्षण र खानेपानी सुविधामा विस्तार गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग मिल्नेछ ।

## ६.२ वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण

### ६.२.१ वर्तमान अवस्था

हरित पार्क निर्माण, हरियाली क्षेत्र प्रवर्द्धन, एक वडा एक पार्क स्थापना जस्ता कार्य महत्वपुर्ण हुन्छन । वायोग्यास एवं वैकल्पिक नवीकरणीय ऊर्जाको प्रवर्द्धन र उपयोग गरी खान पकाउन प्रयोग गरिने दाउराको उपयोगलाई घटाई वनजंगलको संरक्षण र वातावरण तथा फोहोरमैला व्यवस्थापनमा सहयोग पुर्याउन पर्ने आवश्यकता रहेको छ । ल्याण्डफिड साइडको निर्माण गरी फोहोरमैला व्यवस्थापनमा सहयोग पुर्याउन आवश्यक रहेको हुन्छ । घरबाट निस्कने फोहोरलाई कम गर्ने, वृक्षारोपण गरी पालिकाका विभिन्न क्षेत्रमा हरियाली कायम गर्ने तथा ढुङ्गा, गिटी बालुवाको व्यवस्थित उत्खनन गरी गाउँपालिकाको वातावरणीय स्वच्छता कायम गर्नु आजको आवश्यकता रहेको छ ।
दीर्घकालीन रुपमा फोहोर व्यवस्थापनको लागि उपयुक्त ठाँउ (डम्पीङ साइड) नहुनु, फोहोरमैलाको प्रकार नछुट्टाइ एकै ठाउँमा जम्मा गरिनु, प्रसोधित खानेपानिको सुविधा नहुनु  यस क्षेत्रका समस्याहरु हुन् । वैकल्पिक उर्जाको प्रबर्द्धन गरी उर्जाको प्रमुख स्रोतको रुपमा रहेको वनजंगलको संरक्षण गर्ने तथा ढल निकास, फोहोरमैला व्यवस्थापन र प्रशोधन केन्द्र स्थापना गर्ने यस क्षेत्रका चुनौतीहरु हुन् ।

गाउँपालिका क्षेत्रमा सरसफाईको अवस्था राम्रो रहेको र सार्वजनिक स्थानमा डस्टबिनको प्रयोग बढाईएको छ ।  प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण गर्न सकिने अवसरको रुपमा रहेको छ । उपयुक्त भौगोलिक अवस्थाको छनोट गरी डम्पिङ साइटको निर्माण र हरेक घरहरुमा डस्टविनको उपयोग बढाउन सकिने ।

### ६.२.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

प्रदुषणरहित स्वस्थ वातावरण स्वस्थ गाउँपालिका ।

**लक्ष्य,**

स्थानीय प्राकृतिक सम्पदा तथा पूर्वाधारको व्यवस्थापन गर्ने ।

**उदेश्यहरु**

- गाउँपालिकामा स्वच्छ वातावरण सुनिश्चित गर्नु ।
- वनपैदावार तथा जलस्रोतको संरक्षण गर्नु ।

### ६.२.३ रणनीतिहरु तथा कार्यनीतिहरु

- स्वच्छ वातावरण सुनिश्चित गर्न ग्रामीण सामुदायिक हरियाली अभिवृद्धि गर्ने ।
- फोहरमैला तथा ढलको दीगो व्यवस्थापन गर्ने ।

### ६.२.४ अपेक्षित उपलब्धी

गाउँपाालिका वासीले स्वच्छ वातावरणको अनुभूति गर्नेछन्, सुन्दर र सफा गाउँपालिकाको निर्माण हुनेछ, संक्रामक रोग फैलिने सम्भावन न्यून हुनेछ ।

## ६.३ जलवायु परिवर्तन, अनुकुलन तथा न्यूनिकरण

### ६.३.१ वर्तमान अवस्था

विश्वभर भइरहेको तापक्रमको वृद्धिसँगै नेपालमा पनि बढ्दो तापक्रमको अनुभूति गरिएको वर्तमान अवस्थामा स्थानीय स्तरमा जलवायु अनुकुलन गतिविधीलाई प्राथमिकता दिनु अपरिहार्य रहेकोछ । उष्ण र उप उष्ण किसिमको हावापानी पाइने गाउँपालिकामा जलवायु परिवर्तनको प्रभाव न्युनीकरणका लागि ठोस कदम चालिनु पर्ने आवश्यकता रहेको छ । गाउँपालिकामा वन तथा हरियाली क्षेत्रले ढाकेको क्षेत्रफल बढदै गएको छ । विद्यमान परिस्थितिमा वनले ढाकेको क्षेत्रफल बढाई जलवायु अनुकुल वातावरणमैत्री क्रियाकलापलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

वातावरण विनास तथा जलवायु परिवर्तन विश्वभरी चिन्ताको विषय हो । कपुरकोट गाउँपालिकामा समेत यसको नकारात्मक असर देखिन लागेकाछन । पशुपन्छि तथा कृषिजन्य वालिमा नयाँ नयाँ रोगहरु देखपर्नु, तापक्रममा वृद्धि, कृषि उत्पादनमा कमि आदि जलवायु परिवर्तनका नकारात्मक असरहरु हुन । यसै तथ्यलाई आत्मसात् गरी वातावरण मैत्री उर्जाको प्रयोग एवं वनक्षेत्रको संरक्षण तथा संवर्द्धनलाई प्राथमिकता, जलवायू अनुकुलनका कार्यक्रमहरु संचालन, जलवायू परिवर्तनका असरलाई न्यूनीकरण आदि कार्य गर्नुपर्दछ ।

गाउँपालिकाको वृक्षारोपणका कार्यक्रम, वाल उद्यानको निर्माण, धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहन दिइनु, सरसफाइ अभियान, पानीका मुहानहरुको संरक्षण, वैकल्पिक उर्जा प्रयोगलाई प्रोत्साहन गरिनु यस क्षेत्रका अवसरहरु हुन् । यद्यपि जलवायु परिवर्तनबारे गाउँपालिकावासीमा चेतना नभएको अवस्थामा स्थानीय क्रियाकलापलाई जलवायु अनुकुल बनाउँदै जलवायु परिवर्तनले पार्ने प्रभाव न्यूनीकरणका लागि सक्षम गाउँपालिकाको निर्माण गर्नु चुनौतीपूर्ण छ ।

### ६.३.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच,**

जलवायु परिवर्तन अनुकुल स्थानीयको व्यवहार ।

**लक्ष्य**

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका कार्यक्रमहरु संचालन गर्ने ।

**उदेश्यहरु**

- गाउँपालिकामा जलवायु प्रतिकूलन कार्यलाई निरुत्साहित गर्नु ।
- जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि आवश्यक रणनीतिहरु तय गर्नु ।
- जलवायु परिवर्तन अनुकुल नीति निर्माण गर्नु ।

### ६.३.३ रणनीतिहरु

- जलवायु प्रतिकूलन सामाजिक क्रियाकलापलाई नियन्त्रण गर्ने ।

- जलवायु परिवर्तनका प्रभावको न्यूनीकरण गर्नका लागि क्षेत्रगत स्थानीय नीतिमा जलवायु परिवर्तन अनुकुलन क्रियाकलाप गर्ने प्रावधान तयार गर्ने ।

### ६.३.४ अपेक्षित उपलब्धी

जलवायु परिवर्तन अनुकुलनका लागि नीति तयार हुनेछ । जलवायु परिवर्तन अनुकुलनका लागि विभिन्न कार्यक्रमहरु नियमित रुपमा संचालन हुनेछन ।  जलवायू परिवर्तन अनुकुलका कृषि वालिहरु लगाउनको लागि कृषकहरु सक्षम हुनेछन ।

## ६.४ बाढी पहिरो तथा भूक्षय नियन्त्रण

### ६.४.१ वर्तमान अवस्था

भूक्षयको सम्भावित क्षेत्रको पहिचान गरी समयमै व्यवस्थापनका उपायहरूको अवलम्बन गर्न सकेको खण्डमा जनधनको क्षति न्यूनीकरण गर्न सकिन्छ । प्राकृतिक प्रकोपबाट जनधनको रक्षा गर्नु हरेक स्थानीय सरकारको कर्तव्य हो । कपुरकोट गाउँपालिकामा बाढी र खोला व्यवस्थापन गर्ने क्रममा .तटबन्ध निर्माण गरिएको छ भने विविध स्थानमा बाढीको रोकथामका लागि प्रयास गरिएको छ । यस्तैगरी बाढीबाट जोखिममा भएका बस्तीको संरक्षण गरिएको छ । प्रकृतिप्रदत्त खोलाको व्यवस्थापन एवं सम्भावित बाढी पहिरोग्रस्त क्षेत्रको व्यवस्थापनका लागि पूर्व सतर्कताको व्यववस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

भौतिक पूर्वाधारको निर्माण सहितरिकाले नहुँनु, पहिरोको जोखिमयुक्त बस्तीहरु पहिचान गर्न नसक्नु, खोल्साहरूको व्यवस्थापनमा कठिनाइ हुनु, बाढी ग्रस्त क्षेत्रको समयमै व्यवस्थापन नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, प्रविधि तथा बजेटको अभाव हुनु, प्राकृतिक स्रोतमा आधारित अव्यवस्थित आर्थिक क्रियाकलाप सञ्चालन गरिनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

वडास्तरीय विपद् व्यवस्थापन समितिको स्थापना हुनु, प्राकृतिक विपद् सहायता कोषको स्थापना हुनु, गाउँपालिकामा आपत्कालीन सुरक्षा केन्द्रको अवधारणा ल्याइनु यस क्षेत्रका अवसरहरू हुन् । दक्ष जनशक्तिको प्राप्ति, विपद् व्यवस्थापन समितिलाई स्रोत साधनले युक्त बनाउनु, बाढी पहिरोको पूर्वानुमान गर्नु, बाढी पहिरो व्यवस्थापन तथा खोलाका तटिय क्षेत्रमा तटवन्ध निर्माण गर्नु तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.४.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

#### सोच

बाढी तथा पहिरोको क्षति न्यूनीकरण

#### लक्ष्य

बाढीग्रस्त क्षेत्रमा चौबीसै घण्टा पूर्व सूचना दिने प्रणालीको विकास गर्ने ।

#### उदेश्यहरु

- बाढीग्रस्त सम्भावित क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्नु ।
- बाढीको क्षति न्यूनीकरणका लागि स्रोत साधनले युक्त जनशक्तिको उत्पादन गर्नु ।

### ६.४.४ रणनीतिहरु

- बाढी पहिरोग्रस्त सम्भावित क्षेत्रको पहिचान गरी बाढी पहिरो रोकथामको व्यवस्था गर्ने ।
- गाउँपालिकाका विपद व्यवस्थापन समितिलाई स्रोत साधन युक्त बनाउने ।

### ६.४.४ अपेक्षित उपलब्धी

अवको ३ वर्षको अन्त्यमा थप १२ कि.मि.टतबन्धको निर्माण गरिनेछ । थप ६ स्थानमा पहिरो रोकथामको प्रयास गरिनेछ । भूक्षय रोकथाम गर्ने दिगो विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिकाले व्यवस्थित वस्ती विकास तथा वनसम्पदाको संरक्षणलाई प्राथमिकता दिनु आवश्यकता देखिन्छ ।

## ६.५ विपद् व्यवस्थापन

### ६.५.१ वर्तमान अवस्था

मानव सिर्जित एवं प्राकृतिकरूपमा सिर्जित विपदको समयमै व्यवस्थापन गरी जनधनको रक्षा गर्नु हरेक स्थानीय सरकारको कर्तव्य हो । यसै तथ्यलाई आत्मसात् गरी कपुरकोट गाउँपालिकामा विपद सचेतना, उद्धार र व्यवस्थापनका लागि गठित विपदव्यवस्थापन समितिको गठन गरिएको छ । प्राकृतिक विपद् सहायताकोषमार्फत प्राकृतिक विपद्मा परेकाको संरक्षण गर्ने गरिएको छ । साथै आपत्कालीन सुरक्षा केन्द्र स्थापनाको योजना बनाइएको छ ।

अव्यवस्थीत रुपमा भोतिक पूर्वाधारको विकासले बस्ती तथा घरहरु पहिरोको जोखिममा पर्नु, विपद् व्यवस्थापनको लागि आबस्यक योजना तथा कार्यक्रमहरुको अभाव रहनु यस क्षेत्रका समस्याहरु हुन् । प्राकृतिक एवं मानव सिर्जित विपद्को पूर्वानुमान गर्न नसक्नु, सुरक्षित वस्ती विकासबारे सचेतना नहुनु, आर्थिकरूपमा कमजोर समुदाय बढी मात्रमा विपद्को जोखिममा पर्नु, दक्ष विपद् व्यवस्थापन समूहको अभाव यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । बाढी पहिरो लगायतका प्राकृतिक विपत्तिबाट समयमै जनधनको सुरक्षाका लागि विपद् सचेतना, उद्दार र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ ।

विपद् व्यवस्थापनका लागि कोषको स्थापना हुनु, विपद व्यवस्थापन समितिको गठन हुनु, विपद् सचेतना, उद्धार र व्यवस्थापनमा गैर सरकारी संस्थाको संलग्नता बढ्नु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् । आधुनिक प्रविधियुक्त विपद् व्यवस्थापन जनशक्तिको निर्माण गर्नु, गरिबी हटाई गरिब समुदायलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्नु, चेतनाको स्तर बढाउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.५.२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

**सोच**

विपद जोखिम न्युनीकरणलाई प्रभावकारी बनाइ धनजनको रक्षा ।

**लक्ष्य**

प्रकोप तथा विपत्तिहरु बाट बच्न उपयुक्त योजना बनाई कार्यान्वयन गर्ने ।

**उदेश्यहरु**

- जोखिम न्यूनीकरणका लागि विपदका सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु ।
- विपद पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुननिर्माण र नवनिर्माणका कार्यलाई सवल र उत्थानशील बनाउनु ।

### ६.५.४ रणनीतिहरु तथा कार्यनीतिहरु

- जोखिम व्यवस्थापनका विविध आयामहरुको पहिचान गरी कार्यान्वयना लग्ने ।
- विपद् व्यवस्थापनको लागि चेतनामुलक कार्यक्रम संचालनको लागि अन्य संघसंस्थाहरुसँग सहकार्य गर्ने ।

### ६.५.५. अपेक्षित उपलब्धी

विपदको जोखिममा रहेका स्थानहरुको पहिचान गरी सम्भावित प्रभावको न्यूनिकरण गरिएको हुनेछ । सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र पहिचान गरी जोखिममा परेका बस्तीहरुको संरक्षण हुनेछ । विपदबाट हुन सक्ने क्षति न्यूनीकरण र उद्धार व्यवस्थापन प्रभावकारी हुनेछ । विपद् जोखिम क्षेत्र नक्साङ्कन र विपद पूर्व सूचना उपकरण जडान भएको हुनेछन । आपतकालीन उद्धारका साधन, सामाग्री व्यवस्थापन तथा उद्धारकर्मी क्षमता विकास भएको हुनेछ ।

## ६.६ वन विकास तथा व्यवस्थापन

### ६.६.१ वर्तमान अवस्था

सल्यान जिल्लामा रहेको कपुरकोट गाउँपालिकाको ६६.४७ प्रतिशत क्षेत्रफल वनले ढाकेको छ । वनसम्पदाको संरक्षणका लागि समुदायलाई सक्रिय बनाइएको छ । दिगो वन व्यवस्थापन र उपयोगमा आधा जसो घरधुरीको पहुँच पुगेको छ । काठमा आधारित उद्योगहरु सञ्चालनमा रहेका छन् । वर्तमानमा वन सम्पदाको कुशल व्यवस्थापन गरी ग्रामीण अर्थतन्त्रमा योगदान बढाउनका लागि ठोस योजना बनाइ अगि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

कपुरकोट गाउँपालिकाको दुई तिहाई भूभाग वन क्षेत्रले ढाकेकोले यहाँ विविध किसिमका जडिबुटि र गैरकाष्ठ पैदावारको उत्पादन पाईन्छ । यस गाउँपालिकामा जडिबुटि प्रशोधन केन्द्र तथा भण्डारण केन्द्रहरु निर्माण गर्न सकिने सम्भावना रहेको छ । यस गाउँपालिका क्षेत्रभित्र बृक्षरोपण कार्यक्रमहरु नियमित रुपमा गरिदै आईएको छ ।

परम्परागत रुपमा पाईने वनस्पति तथा वन्य जन्तुहरु लोप हुँदै गएका, आगलागि, बाढी, पहिरो र भूक्षयका कारण जैविक विविधतामा असर परेको छ । अव्यवस्थित र अबैज्ञानिक तरिकाले भएको सडक विस्तारले जैविक विविधताको प्राकृतिक अन्तर सम्बन्ध खलल पुर्याएको छ । वन स्रोतको पहिचान, स्तरिकरण, संकलन, जस्ता कार्यका लागि ठोस कार्ययोजना वनाई लागु गर्नु पर्ने आवश्यकता रहेको छ ।

वन क्षेत्रको व्यावसायिकरुपमा विकास गर्न नसक्नु, वन पैदावारको चोरी निकासी पूर्णरुपमा नियन्त्रण नहुनु, वन पैदावार आधारित स्थानीय उद्योगको व्यवस्थित विकास नहुनु, वन पैदावारको वातावरणमैत्री प्रयोगको लागि ठोस योजना नबन्नु, वैज्ञानिक वन व्यवस्थापनको व्यवस्था नहुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

सामुदायिक वनमा कार्य योजना बनाएर संपदा संरक्षण, आय आर्जन, अध्ययन , अनुसन्धान जस्ता कार्य गर्न सकिने । सामूदायिक वनलाई विशेष प्रकारका बालीहरुको परिक्षण उत्पादन , गुणस्तर मापन , लाभ, लागत, विश्लेषण गर्ने कार्यको प्रयोगशालाको रुपमा विकास गरी कृषिका सफल नमूनाहरु विकास गर्न सकिने अवस्था रहेकोछ ।

बैज्ञानिक बार्षिक कार्ययोजना बनाउन सक्ने सा.व.उ.स.को विकास हुनु, वनजन्य उत्पादनको बजार प्रवर्द्धन हुने क्रम बढ्नु, सा.व.उ.स.(कार्यसमिति) मा दलित र महिलाको सहभागिता बढ्दै जानु, वन व्यवस्थापन तालिमको व्यवस्था हुनु यस क्षेत्रका अवसरहरु हुन् । वनपैदावारको चोरी निकासी नियन्त्रण गर्नु, वर्तमान वन क्षेत्रफल विस्तार गर्नु, वन सम्पदाको पूर्ण सदुपयोग गर्नु, वन आधारित रोजगारीको अवसर सिर्जना गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

### ६.६..२ क्षेत्रगत सोच, लक्ष्य र उदेश्यहरु

### सोच

उद्यमशीलता र जीविको पार्जनका लागि वन ।

### लक्ष्य

वन सम्पदाको वैज्ञानिक व्यवस्थापन मार्फत उद्यमशीलताको विकास गर्ने ।

### उदेश्यहरु

- वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दीगो संरक्षण, ब्यवस्थापन र परिचालन गर्नु ।
- वन आधारित उद्योगको प्रवर्द्धन गर्नु ।
- वनसम्पदाको कुशल व्यवस्थापन गरी ग्रामीण जीविकोपार्जनको आधार वनाउनु ।

### ६.६.३ रणनीतिहरु

- वन आधारित उद्योगको कुशल व्यवस्थापन गर्ने ।
- वनसम्पदामा आधारित दैनिक प्रयोगजन्य सामग्री उत्पादनमा प्रोत्साहन गर्ने ।

### ६.६.४ अपेक्षित उपलब्धी

नियमित रुपमा गरिने वृक्षारोपणका कारण मध्यमकालीन खर्च संरचनाको अन्त्यमा वन तथा हरियाली क्षेत्र क्षेत्रफल  बढदै जाने देखिन्छ । वन तथ जडिबुटी प्रशोधन र भण्डारण उद्योगको स्थापना हुनेछ । वन व्यवस्थापनमा प्रभावकारी रुपमा निजी समुदाय र स्थानीयको परिचालन गरी आवश्यक ऐन कानुनको तर्जुमा तथा कार्यान्वयन गर्न सकेको खण्डमा वनको दीगो व्यवस्थापन तथा जैविक विविधताको संरक्षण गर्ने दीगो विकासको लक्ष्य प्राप्त गर्न सकिनेछ ।

## ६.७..जोखिम पक्ष तथा अनुमान

वातावरण संरक्षण तथा विपद व्यवस्थापनका लागि नीतिगत व्यवस्था, विकास निर्माणका आयोजना संचालन गर्दा वातावरणिय पक्षमा सजगता, विकास निर्माणका आयोजनामा  समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, प्राकृतिक स्रोतको अनियन्त्रित दोहन, भौतिक अनियन्त्रित निर्माण आदी यस क्षेत्रका जोखिम पक्षका रुपमा रहेका छन् ।

# परिच्छेद ७ : सुशासन तथा संस्थागत विकास

## ७.१ सुशासन, ऐन, नियम, जवाफदेहिता र पारदर्शिता

### ७.१.१ विद्यमान अवस्था

गाउँपालिकाले पारदर्शिता तथा उत्तरदायित्व बहन गर्न आवश्यक पर्ने नीति, नियम, ऐन, मापदण्ड एवं कार्यविधिहरुको निर्माण गर्नु पर्दछ । सामाजिक जवाफदेहिता अभिवृद्धिको लागि गुनासो सुनुवाई, क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सहायता कक्ष आदिको व्यवस्था गर्नु पर्ने हुन्छ । गाउँपालिकाका नीति, निर्णय, योजना तथा कार्यक्रम, बजेट एवं आय व्यय आदि विषय भनेको आम नागरिकको चासोको विषय भएकोले सर्वसाधरणले सजिलो गरी थाहपाउन सक्ने आवश्यक संयन्त्रको विकास गरिनु पर्दछ । वित्तीय जोखिम न्यूनीकरण कार्यान्वयन, गुणस्तरीय सेवा प्रवाह, कार्यसम्पादन मूल्यांकन एवं दण्ड तथा पुरस्कारको व्यवस्था, लक्षित वर्गको स्थानीय श्रोत साधनमा पहुँच अभिवृद्धि जस्ता विविध पक्षहरु गाउँपालिकाको सुशासनलाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । तसर्थ प्रस्तुत आवधिक योजनाले कपुरकोट गाउँपालिकाको यी पक्षहरुलाई सम्बोधन गर्न खोजेको छ ।

संघीय शासन संरचना अनुरुप स्थानीय सरकारको रुपमा गाउँपालिकाको संस्थागत दायित्वमा विद्यमान स्थितिको चित्रण गर्ने, स्थानीय विकासका साझेदारहरू (गैसस, विकास साझेदार, अन्तर स्थानीय तह, मिडिया, निजी क्षेत्र र नागरिक समाज बीच समन्वय तथा साझेदारी विकास गर्ने, विकासका संभावना र आवश्यकताको आधारमा गाउँपालिकाको आवधिक, वार्षिक तथा विषय क्षेत्रगत रणनीतिक योजन तर्जुमा गर्ने, सभाबाट स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढंगले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य प्रमुख रुपमा रहेका छन् ।

सामाजिक समावेशीकरण, सेवा प्रवाह, वित्तीय एवम् आर्थिक व्यवस्थापन लगायतका क्षेत्रमा गाउँपालिकाले गरेको काम तुलनात्मक रुपमा प्रभावकारी देखिए पनि संगठन र प्रशासन, बार्षिक वजेट तथा योजना व्यवस्थापन, सहकार्य तथा समन्वय लगायतका क्षेत्रमा गाउँपालिका थपकार्य गर्नुपर्ने देखिन्छ । सूचना प्रविधिलाई सेवा प्रवाहमा पूर्ण रुपमा लागू गर्न नसक्नु तथा सूचना प्रणालीलाई पूर्ण रुपमा विकास गर्न नसक्नु यस क्षेत्रका समस्याहरु हुन् ।

वडागत सर्वेक्षण अनुसार गाउँपालिकाको  सेवाबाट सन्तुष्ट हुने नागरिक करीव ८० प्रतिशत देखिएका छन । गाउँपालिका भित्र सुशासन तथा जवाफदेहिता प्रबर्द्धनका लागि विभिन्न स्थानीय ऐन नियम तथा कार्यविधिहरु तर्जुमा गरी सञ्चालनमा ल्याईएको छ । पुरानो जनशक्तिलाई नयाँ प्रविधिमैत्री बनाउनु, सार्वजनिक सेवा प्रवाहलाई पूर्ण सूचना प्रविधिमैत्री बनाउनु तथा सार्वजनिक सेवा प्रवाहमा नविन सूचना प्रविधिको प्रयोग गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

### ७.१.२ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच,**

सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेहि, परिणाममुखी, नागरिक मैत्री बनाउनेः

**लक्ष्य,**

सुशासन कायम गर्न स्थानीय ऐन, नियम तथा कानून तर्जुमा गरी नागरिक समाज र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने साथै सार्वजनिक जवाफदेहिता बहन गर्ने ।

**उद्देश्य,**

गाउँपालिकाको प्रशासनिक संरचना प्रविधिमैत्री, पारदर्शी र मितव्ययी, जनशक्तिको क्षमता अभिवृद्धि, दिगो र फराकिलो वित्तय स्रोत व्यवस्थापनका लागि नीतिगत व्यवस्थापन गर्नु ।

## ७.१.२उपलव्धीहरुः

सुशासन कायम गर्न स्थानीय ऐन, नियम तथा कानून तर्जुमा गरी नागरिक समाज र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा आउने साथै सार्वजनिक जवाफदेहिता वहन भएको हुनेछ । गाउँपालिकाको प्रशासनिक संरचना प्रविधिमैत्री, पारदर्शी र मितव्ययी, जनशक्तिको क्षमता अभिवृद्धि, दीगो र फराकिलो वित्तीय स्रोत व्यवस्थापनका लागि नीतिगत व्यवस्थापन भएको हुनेछ ।

## ७.२ योजना तर्जुमा तथा कार्यान्वयनमा जनसहभागिता

### ७.२.१ वर्तमान अवस्था

गाउँपाालिकाको योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता बढाई लोकतन्त्र र सुशासनको प्रत्याभूति दिलाउने कार्यको थालनी गरिएको छ । सोही बमोजिम वन, सिँचाइ, कृषि, सांस्कृतिक सम्पदा लगायतका क्षेत्रमा विभिन्न किसिमका समिति र समूहको निर्माण गरिएको छ । कृषक समूह, पशुपालक समूह, सिँचाइ समूह आदि यसका उदाहरण हुन् । सबै जाति वर्ग र क्षेत्रका नागरिकको विकास निर्माण एवम् गाउँपालिकाका गतिविधिमा संलग्न गराउन पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

लोकतन्त्र र सुशासन प्रवर्द्धनका लागि पनि जनसहभागिताको खाँचो पर्दछ । स्थानीय योजना निर्माणमा स्थानीयको अनिवार्य सहभागिता हुनुपर्ने प्रावधानसँगै गाउँपालिकाको योजना निर्माण तथा कार्यान्वयनमा जनसहभागिता बढ्दै गएको छ । यस कार्यमा गाउँपालिकाका क्षेत्रगत समूह र संघसंस्थाले उल्लेख्य भूमिका निर्वाह गरेको छन् । स्थानीय गतिविधिमा स्थानीयस्तरमै निर्माण गरिएका टोल विकास समिति, युवा क्लब आदिको चासो बढ्दै गएको छ ।

जनसहभागितामार्फत लोकतन्त्र तथा सुशासनलाई संस्थागत गर्न सक्नु, क्षेत्रगत समितिमा महिला, दलित लगायत अन्यको सहभागिता बढ्नु, सडक सञ्जालको विस्तार गरी गाउँपालिकाको सेवा सुविधामा जनताको पहुँच वृद्धिको स्थानीय नीति यस क्षेत्रका अवसरहरू हुन् । सबै वर्ग र समुदायमा जन सहभागिताको महत्वबारे चेतना फैलाउनु, सबै याममा चल्ने यातायातको व्यवस्था नहुनु, सञ्चार सामग्रीमा न्यून पहुँच हुनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ७.२.२ क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य

**सोच**

जनसहभागितामार्फत सुशासन कायम

**लक्ष्य**

योजना निर्माणमा जनसहभागितामार्फत आर्थिक गतिविधिलाई पारदर्शी बनाउने ।

**उद्देश्यहरू**

- जनसहभागितालाई स्थानीय विकासको आधार बनाउनु ।
- सामाजिक रूपान्तरणका लागि सहभागितामूलक योजना कार्यान्वयन गर्नु ।

### ७.२.३ रणनीतिहरू

- दिगो आर्थिक विकासका लागि योजना तर्जुमामा जनसहभागिता बढाउने ।
- योजना कार्यान्वयनमा जनसहभागितामार्फत सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने ।

### ७.२.४ अपेक्षित उपलब्धि

गाउँपालिकामा योजना तर्जुमा तथा कार्यान्वयना जनसहभागित बढनेछ र पूर्वाधारजन्य योजनाको गुणस्तरियता बढनेछ । योजना छनौटमा बस्तीतहवाट मागभई आएका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण गरी प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रमहरु छानिनेछन । प्रत्येक आयोजनाको सार्वजनिक परिक्षण हुनेछ साथै आयोजना कार्यान्वयन स्थलमा सूचना पार्टि राखिनेछ ।

## ७.३ क्षमता विकास

### ७.३.१ वर्तमान अवस्था

सीमित स्रोत र साधनका बावजुत गाउँपालिकामा स्थानीय प्रतिनिधि, गाउँपालिका अर्न्तगतका कर्मचारी एवं संस्थागत जनशक्तिको विकास लागि विभिन्न प्रयासहरू गरिएको छन् । कृषि, सिँचाइ, वचत, पशुपालन समूह तथा धार्मिक, सांस्कृतिक एवं पर्यटनसँग आवद्ध संघसंस्थाको प्रवर्द्धनात्मक कार्यक्रमहरू जनशक्ति विकासका दृष्टिकोणले प्रशंसनीय छन् । नव निर्वाचित पदाधिकारीहरुका लागि क्षमता विकासका विभिन्न कार्यक्रमहरु संचालन गरिएका छन । कर्मचारिहरुलाई समेत विभिन्न तालिमहरु प्रदान गरिएको छ ।

गाउँपालिकामा सा.व.उ.स. लाई वन व्यवस्थापन तालिम प्रदान, कृषक समूह, सिँचाइ समूह, बचत समूह, दलित कृषक समूह, सांस्कृतिक समूहको प्रवर्द्धनमार्फत गाउँपालिकामा संस्थागत जनशक्तिको क्षमता विकासको प्रयास गरिएको छ तर पनि स्थानीय स्तरमा क्षमता विकासका कार्यहरूलाई अझै पनि पूर्ण परिणाममुखी बनाउन सकिएको छैन । स्थानीय प्रतिनिधि, कर्मचारी तथा गाउँपालिकाका साझेदार संघसंस्थाका कर्मचारीहरूको क्षमताका बारेमा क्षमता विकास योजना वनाई कार्यान्वयन गर्न सकिएको छैन । प्राविधिक क्षमता अभिवृद्धिका लागि स्थानीय जनशक्तिको अभाव रहेको छ ।

कृषक समूह, सिँचाइ समूह, वन उपभोक्ता समूहमार्फत क्षेत्रगत विकासमा टेवा पुग्नु, संस्थागत जनशक्ति विकासमार्फत स्थानीय कला, संस्कृति र पर्यटनको विकास हुनु, तालिम लगायतका माध्यमबाट स्थानीय कर्मचारीको क्षमता विकास हुनु यस क्षेत्रका अवसरहरू हुन् भने प्रतिस्पर्धी एवं समयानुकूल जनशक्तिको विकास गर्नु तथा जनशक्ति विकासमार्फत संस्थागत सुशासन प्रवर्द्धन गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ७.३.२ क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य

**सोच**

विकासका अवरोध समाधानका लागि संस्थागत जनशक्तिको क्षमता विकास ।

**लक्ष्य**

जनशक्ति विकासमार्फत संस्थागत क्षमता वृद्धि गर्ने ।

**उद्देश्यहरू**

- संस्थागत सुशासनका लागि गाउँपालिकाका जनशक्तिको विकास गर्नु ।
- समयानुकूल जनशक्ति विकास गरी संस्थागत क्षमता बढाउनु ।

### ७.३.३ रणनीतिहरु

- स्थानीय प्रशासन तथा संघसंस्थाका जनशक्तिलाई आवश्यकता बमोजिम तालिम प्रदान गर्ने ।
- क्षेत्रगत संस्थाका जनशक्तिको कार्यक्षमता वृद्धि गरी विकासलाई गति प्रदान गर्ने ।

### ७.३.४ अपेक्षित उपलब्धि

गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा संघसंस्थाको कार्यक्षमता बढ्नेछ, दक्ष जनशक्तिको निर्माण भई प्रभावकारी सेवा प्रवाह हुनेछ ।

# परिच्छेद ८: विषय क्षेत्रगत खर्च

## ८.१ विषयगत क्षेत्रको मध्यकालिन खर्च संरचनाको खाका

कपुरकोट गाउँपालिका व्यवसायिक तरकारी खेति गरिने ठाउँको रुपमा परिचित गाउँपालिका हो । काठमान्डौं देखि तराईका विभिन्न शहरहरुमा बेमौसमी तरकारी निर्यात गर्दै आईरहेको कपुरकोट गाउँपालिकाले कृषकहरुका समस्याहरुलाई सम्बोधन गर्दै आर्थिक विकासका क्रियाकलापहरुलाई अगाडि बढाउँदै आईरहेको छ । आवश्यक नीति, नियम, ऐन, मापदण्ड एवं कार्यविधिहरुको व्यवस्था गर्दै सुशासनका औजारहरुः सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण र सामाजिक परिक्षणलाई नियमितता दिदै सामाजिक जवाफदेहिता अभिवृद्धिमा ध्यान दिएकोछ । गुनासो सुनुवाई, क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था, सहायता कक्षाको व्यवस्था, वालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री संरचना, निर्णय, योजना वजेट एवं आयव्यय प्रतिवेदन सार्वजनीकरण, योजना सुपरीवेक्षण तथा अनुगमनमा समावेशी सहभागिता, वित्तीय जोखिम न्यूनीकरण कार्यान्वयन, गुणस्तरीय सेवा प्रवाह, कार्यसम्पादन मूल्यांकन एवं दण्ड पुरस्कार थालनी, विपन्नता नक्शाङ्कन, स्तरीकरण र प्राथमिकता निर्धारण, समुदायमा आधारित संस्थाहरु, लक्षित वर्गको क्षमता अभिवृध्दि र योजना अनुगमनमा अर्थपूर्ण भूमिका, लक्षित वर्गको स्थानीय श्रोत साधनमा पहुच अभिवृद्धि, स्थानीय संस्थाहरुको प्रोफाइल तयार र परिचालन, सामुहिक आयआर्जन गतिविधिहरु संचालन गर्न मध्यमकालिन खर्च संरचनाले सम्बोधन गरेको छ ।

आगामी तीन वर्षकालागि गाउँपालिकाको कुल अनुमानित बजेट **रु १ अरव २८ करोड ७६ लाख ६५ हजार रहेकोमा** कार्यालय सञ्चालन तथा **प्रशासनिक खर्चको** लागि करिव रु **२४ करोड १७ लाख २७** हजार ६७४ खर्च हुने प्रक्षेपण गरिएको छ । कुल परिचालित वजेट मध्ये चालु खर्च ७३.५ प्रतिशतले रु ९४ करो ६४ लाख २६ हजार र पुजिगत खर्च २६.५ प्रतिशतले रु ३४ करोड १२ लाख ३९ हजार खर्च हुने प्रक्षेपण गरिएको छ । चालु तथा पुजिगत जम्मा रु १ अरव **२ करोड ६५ लाख १८ हजार** विषयगत क्षेत्र अन्तर्गतका योजना तथा कार्यक्रमको लागि खर्च हुने प्रक्षेपण गरिएको छ । **गत आ.ब.मा सृजना भएको दायित्व भुक्तानीको लागि लागि रु १ करोड ९५ लाख २० हजार विनियोजत हुने प्रक्षेपण गरिएको छ ।** गाउँपालिकाले पालिकाका गौरवका योजनाका रुपमा परिकल्पना गरेका योजनका साथै दीगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य, तथा प्रादेशिक लक्ष्यलाई योगदान पुग्ने प्रकृतिका योजनाहरुलाई समावेश गरी मध्यकालिन खर्च संरचनाको खाका तयार पारिएको छ । कृषि, पर्यटन र पूर्वाधार विकासलाई गाउँपालिकाले विकासको मुल आधारको रुपमा लिएको छ । त्रि-वर्षिय खर्च संरचनाले तिनै क्षेत्रलाई वढी प्राथमिकता दिइ कुल अनुमानित वजेटको कृषि, उद्यम तथा वैंकिङ तथा सहकारी क्षेत्रमा गरी कुल करिव ८.११ प्रतिशत, सामाजिक विकास क्षेत्रमा ४४.६३ प्रतिशत र पूर्वाधार विकासमा २७.३७ प्रतिशत अनुमानित वजेट प्रक्षेपण गरिएको छ । कृषि क्षेत्रमा **कृषि क्षेत्र विकास कार्यक्रम** यस गाउँपालिकामा संचालन हुनलागेको र **यस कार्यक्रमवाट प्राप्तहुने बजेट तथा उक्त कार्यक्रममा जनसहभागिताको रकम समेत थप बजेट खर्च हुने** देखिन्छ । साथै **सुस्वा परियोजनावाट** संचालन हुने खानेपानि तथा सरसफाईका आयोजनामा बार्षिकरुपमा अनुमानित **थप २ करोड बराबरको श्रोत प्राप्तहुने** अनुमान गरिएको छ ।

गाउँपालिकाको क्षेत्रगत कार्यक्रम तथा बजेट विनियोजन गर्दा यस आ.ब. २०७९।०८० मा विषयगत क्षेत्र अनुसारको बजेट विनियोजन प्रतिशतको आधारमा आगामि ३ आ.ब.को बजेट प्रक्षेपण गरिएको छ । विषयगत क्षेत्र तथा उपक्षेत्रको विभाजन गर्दा स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८ लाई अनुसरण गर्नु पर्ने देखिन्छ । बजेट विनियोजन गर्दा गाउँपालिकाले अंगिकार गरेको विषयगत क्षेत्र र उपक्षेत्रको आधारमा आगामि ३ बर्षको विषयगत क्षेत्र तथा उपक्षेत्रको बजेट विनियोजन प्रक्षेपणेको खाका तलको तालिका नं. मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २३: विषयगत उपक्षेत्र बमोजिमको त्रि बर्षिय बजेट खर्च प्रक्षेपण**

| क्षेत्र उपक्षेत्र | आधार बर्ष आ.ब. २०७९।८० विनियोजन | प्रतिशत | आ.ब. २०८०।८१ को बजेट प्रक्षेपण | आ.ब. २०८१।८२को बजेट प्रक्षेपण | आ.ब. २०८२।८३को बजेट प्रक्षेपण | ३ आ.ब.को प्रक्षेपित जम्मा वजेट |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | ४१९६५००० | ८.११ | ३११५९५०३.९९ | ३४६३५३८२.११ | ३७०५९८५८.८२ | १०२८५४७४४.९ |
| कृषि | १५८६५००० | ३.०७ | ११७९५२७५ | १३१११०५१ | १४०२८८२४ | ३८९३५१५० |
| उद्योग | ३१००००० | ०.६ | २३०५२६५ | २५६२४२० | २७४१७९० | ७६०९४७६ |
| जलश्रोत तथा सिंचाई | ४२५०००० | ०.८२ | ३१५०५२९ | ३५०१९७५ | ३७४७११३ | १०३९९६१७ |
| बन | ५००००० | ०.१ | ३८४२११ | ४२७०७० | ४५६९६५ | १२६८२४६ |
| श्रम तथा रोजगारी | १४२००००० | २.७४ | १०५२७३७९ | ११७०१७२० | १२५२०८४० | ३४७४९९३८ |
| पशुपन्छी विकास | ४०५०००० | ०.७८ | २९९६८४५ | ३३३११४६ | ३५६४३२७ | ९८९२३१८ |
| सामाजिक विकास | २३०९८२४३९ | ४४.६३ | १७१४७३३२४.६७ | १९०६०१३६९.१२ | २०३९४३४६४.७७ | ५६६०१८१५८.५६ |
| शिक्षा | ११७०९८००० | २२.६३ | ८६९४६९२७ | ९६६४५९५५ | १०३४१११७२ | २८७००४०५४ |
| स्वास्थ्य | ३७२४४००० | ७.२ | २७६६३१८५ | ३०७४९०४५ | ३२९०१४७८ | ९१३१३७०७ |
| खानेपानी तथा सरसफाई | ६३५१९४३९ | १२.२७ | ४७१४२६७७ | ५२४०१४९७ | ५६०६९६०१ | १५५६१३७७६ |
| भाषा तथा संस्कृति | ९५०००० | ०.१८ | ६९१५८० | ७६८७२६ | ८२२५३७ | २२८२८४३ |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३४२५००० | ०.६६ | २५३५७९२ | २८१८६६२ | ३०१५९६९ | ८३७०४२३ |
| युवा तथा खेलकुद | ३९४६००० | ०.७६ | २९२०००३ | ३२४५७३२ | ३४७२९३४ | ९६३८६६९ |
| सामाजिक सुरक्षा | ४८००००० | ०.९३ | ३५७३१६१ | ३९७१७५२ | ४२४९७७४ | ११७९४६८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तथा संरक्षण | | | | | | |
| पूर्वाधार विकास | १४१६७४२०५ | २७.३७ | १०५१५८५२३.३३ | ११६८८९०७६.२४ | १२५०७१३११.४७ | ३४७११८९११.०४ |
| यातयात पूर्वाधार | ७५५६८७२२ | १४.६ | ५६०९४७९१ | ६२३५२२२९ | ६६७१६८८५ | १८५१६३९०६ |
| भवन आवास तथा सहरी विकास | ४३२५५४८३ | ८.३६ | ३२१२००३१ | ३५७०३०५७ | ३८२०२२७१ | १०६०२५३६० |
| उर्जा | २१३५०००० | ४.१३ | १५८६७९१० | १७६३७९९४ | १८८७२६५३ | ५२३७८५५७ |
| सम्पदा पूर्वाधार | १५०००००० | ०.२९ | १११४२१२ | १२३८५०३ | १३२५१९८ | ३६७७९१३ |
| वातावरण तथा जलवायु | ३१०००० | ०.०६ | २३०५२६.५४ | २५६२४२.०४ | २७४१७८.९८ | ७६०९४७.५६ |
| वातावरण तथा जलवायु | ३१०००० | ०.०६ | २३०५२७ | २५६२४२ | २७४१७९ | ७६०९४८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३९६०००० | ०.७७ | २९५८४२३.९३ | ३२८८४३९.४९ | ३५१८६३०.२५ | ९७६५४९३.६६ |
| कानुन तथा न्याय | ५००००० | ०.१ | ३८४२११ | ४२७०७० | ४५६९६५ | १२६८२४६ |
| योजना तर्जुमा र कार्यन्वयन | ५००००० | ०.१ | ३८४२११ | ४२७०७० | ४५६९६५ | १२६८२४६ |
| प्रशासकीय सुशासन | १६००००० | ०.३१ | ११९१०५४ | १३२३९१७ | १४१६५९१ | ३९३१५६२ |
| वित्तीय सुशासन | १३६०००० | ०.२६ | ९९८९४८ | १११०३८२ | ११८८१०९ | ३२९७४३९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९८६५९९८१ | १९.०६ | ७३२३०५९७.५४ | ८१३९९५५४.०१ | ८७०९७५२२.७१ | २४१७२७६७४.२६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९८६५९९८१ | १९.०६ | ७३२३०५९८ | ८१३९९५५४ | ८७०९७५२३ | २४१७२७६७४ |
| जम्मा | ५१७५५१६२५ | १०० | ३८४२१०९०० | ४२७०७००६३ | ४५६९६४९६७ | १२६८२४५९३० |
| गत आ.व.को दायित्व भुक्तानी | | | १९५२०००० | | | |
| कुल जम्मा बजेट | ५१७५५१६२५ | १०० | ४०३६३०९०० | ४२७०७००६३ | ४५६९६४९६७ | १२८७६६५९३० |

## ८.२ कार्यक्रम तथा आयोजनाको योजना तथा कार्यक्रम बमोजिम तीन आ.ब. को वजेट खर्च

आगामी तीन वर्षकालागि गाउँपालिकाको कुल अनुमानित बजेट **रु १ अरव २८ करोड ७६ लाख ६५ हजार रहेकोमा** कार्यालय सञ्चालन तथा **प्रशासनिक खर्चको** लागि करिव रु **२४ करोड १७ लाख २७** हजार ६७४ खर्च हुने प्रक्षेपण गरिएको छ । चालु तथा पुजिगत जम्मा रु १ अरव **२ करोड ६५ लाख १८ हजार** विषयगत क्षेत्र अन्तर्गतका योजना तथा कार्यक्रमको लागि खर्च हुने प्रक्षेपण गरिएको छ । **गत आ.ब.मा सिर्जना भएको दायित्व भुक्तानीको लागि लागि रु १ करोड ९५ लाख २० हजार विनियोजत गरिएको** छ तथा **विभिन्न कोष स्थापनाको लागि रु ७५ लाख विनियोजन गरिएको** छ । जसमा विषयगत क्षेत्र अन्तर्गत योजना तथा कार्यक्रमको लागि **रु १ अरव २८ करोड ७६ लाख ६५** हजार प्रक्षेपण गरिएको भए पनि पुजितग खर्च जम्मा रु ३ आ.ब.को लागि रु ३४ करोड १२ लाख ३९ हजार खर्च हुने प्रक्षेपण गरिएको छ ।

### तालिका नं. २४: विषयगत उपक्षेत्र बमोजिमका योजना तथा कार्यक्रमको लागि मध्यमकालिन खर्च संरचना रु हजारमा

| क्र.स. | विषय क्षेत्र | क्रियाकलापहरु | उद्देश्य | आयोजनाको अवधि | | लागत तथा पुष्ट्याई | |
|---|---|---|---|---|---|---|---|
| | | | | शुरु | समाप्ति | लागत (रु हजारमा) | पुष्ट्याई |
| | | कुल लागत | | | | ८८७४९० | |
| | | आर्थिक विकास | | | | २५०८९० | |
| १ | आर्थिक विकास | **कृषि विकास** | | | | ४२०४० | |
| १. | | माटोको परिक्षण फलफुल तथा नगदेबालि तथा खेतिको लागि ( सुन्तला, केरा, कागती) | फलफुल उत्पादन वृद्धि | २०८० | २०८३ | ४०० | संघ |
| २ | | रैथाने वाली संरक्षण तथा बिउविजनको कार्यक्रम | रैथाने बाली संरक्षण | २०८० | २०८३ | २०० | संघ |
| ३ | | मकै तथा धानको व्यवसायिक बीउ उत्पादन कार्यक्रम | उत्पादन वृद्धि | २०८० | २०८३ | ५०० | संघ |
| ४ | | कृषि तथा पशु बिमा अनुदान कार्यक्रम | कृषि तथा पशुपालन को क्षेत्रको विकास | २०८० | २०८३ | १००० | संघ |
| ५ | | फलफुल उत्पादनका लागि नर्सरी निर्माण | | २०८० | २०८३ | ५४० | संघ |
| ६ | | फलफुल तथा तरकारी पकेट क्षेत्र निर्माण | | २०८० | २०८३ | १००० | संघ |
| ७ | | तरकारी खेतिको लागि टनेल निर्माण | | २०८० | २०८३ | ५०० | संघ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | | अदुवा तथा बेसार खेतीको व्यवसायिक उत्पादनमा सहयोग । | आय आर्जनमा बृद्धि | २०८० | २०८३ | १००० | संघ |
| ९ | | कृषि न्यूनतम समर्थ मुल्य कोष | | २०८० | २०८३ | ५००० | संघ |
| १० | | तरकारी तथा फलफुल संकलन केन्द्र स्थापना | | २०८० | २०८३ | ३००० | प्रदेश |
| ११ | | गाउँपालिका स्तरिय तरकारी तथा फलफुल सित भण्डारण | | २०८० | २०८३ | २०००० | प्रदेश |
| !@ | | टिमुर , ओखर, कागती, सुन्तला, अमिलो , रिठा, तेजपत्ताको प्रवर्द्धन तथा प्रशोधन | | २०८० | २०८३ | ५०० | प्रदेश |
| १३ | | नयाँ बिउँविजन केन्द्र स्थापना । | | २०८० | २०८३ | २००० | प्रदेश |
| १४ | | उत्पादनमा आधारित कृषक उपदान | कृषि क्षेत्रको विकास | २०८० | २०८३ | ५००० | संघ |
| १५ | | प्लान्ट क्लिनिक | | २०८० | २०८३ | ६०० | संघ |
| १६ | | कृषि मेला प्रदर्शनी | | २०८० | २०८३ | ८०० | संघ |
| २ | | **पशुपंक्षी विकास** | | | | ८२०० | |
| १ | | उन्नत जातका पशुपंक्षी विकास कार्यक्रम ( बंगुर, पशुपंक्षी, बाखा, कुखुरा, चल्ला, भैसी ) संचालन गर्ने । | दुध तथा माछा मासुमा आत्म निर्भर | २०८० | २०८३ | २००० | प्रदेश |
| २ | | भेटेरीनरी औजार तथा ल्याव व्यवस्थापन | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ३ | | पशुपंक्षीमा लाग्ने रोग नियन्त्रण तथा शिविर संचालन कार्यक्रम | | २०८० | २०८३ | ३००० | संघ |
| ४ | | दुग्ध चिस्यान केन्द्र स्थापना | | २०८० | २०८३ | २००० | संघ |
| ५ | | व्यवसायिक माहुरी पालन कार्यक्रम | | २०८० | २०८३ | ५०० | संघ |
| ६ | | हिँउदे तथा बर्खे घासँको विउँ वितरण | पशुपन्छि क्षेत्रको विकस | २०८० | २०८३ | २०० | संघ |
| ३ | | **घरेलु तथा साना उद्योग,व्यापार** | | | | ८३०० | |
| १ | | खुल्ला हाट बजारलाई व्यवस्थापन | उद्योग तथा व्यवसाय प्रवर्द्धन | २०८० | २०८३ | २०० | प्रदेश |
| २ | | उद्यमीहरुका लागि व्यवसायिक योजना तयारीमा सहयोग | | २०८० | २०८३ | १०० | प्रदेश |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | | विदेश जाने यूवाहरुको लागि सिपमुलक तालिम | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ४ | | कृषि व्यवसाय सम्बन्धी बैज्ञानिक उपकरण सहित कृषिमा आधुनिकिकरण | | २०८० | २०८३ | ५००० | प्रदेश |
| ५ | | मसलाजन्य उद्योग तथा जडिवुटी प्रसोधन | | २०८० | २०८३ | १००० | संघ |
| ६ | | सिलाई , कटाई चोया, निगालोसम्बन्धी, मुडा बनाउने, मिनिटेलर, लघुउद्यम, सिन्की तथा चाउचाउ आदिको तालिम, व्यवसायिक उत्पादन तथा बजारीकरण | | २०८० | २०८३ | ५०० | संघ |
| ७ | | कपी उद्योग, साबुन, मिनिरल वाटर, अगरबत्ति, विभिन्न जडिबुटीबाट औषधी उत्पादन र यस क्षेत्रमा उत्पादित विभिन्न फलफुलका जुस उद्योग सञ्चालन । | | | | १००० | प्रदेश |
| ४ | | **पर्यटन विकास** | | | | २८०० | |
| १ | | पार्क, बालउद्यान तथा पिकनिक स्पोर्ट निर्माण | पर्यटन क्षेत्रको विकास | २०८० | २०८३ | १००० | संघ |
| २ | | धार्मिक स्थलहरुको संरक्षण। | | २०८० | २०८३ | १००० | संघ |
| ३ | | सामुदायिक होमस्टे प्रवर्धन कार्यक्रम | | | | ३०० | संघ |
| ५ | | **बैङ्क, वित्तिय संस्था तथा सुरक्षित आप्रबासन** | | | | ५५५० | |
| १ | | सम्पूर्ण कृषकहरुलाई सहकारी मातहतमा ल्याउने | जनतालाई वित्तिय सेवा | २०८० | २०८३ | २५० | निजि क्षेत्र |
| २ | | विपद् कोष स्थापना | | २०८० | २०८३ | १५०० | आन्तरिक आय |
| ३ | | वित्तिय साक्षरता सम्बन्धी कक्षा संचालन | | २०८० | २०८३ | २५०० | आन्तरिक आय |
| ४ | | सहकारीहरुको क्षमता विकास कार्यक्रम | | २०८० | २०८३ | ३०० | आन्तरिक आय |
| ५ | | सुरक्षित आप्रवासन र बिप्रेषण सम्बन्धी क्षमता विकास कार्यक्रम | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| ६ | | बैदेशिक रोजगारवाट फर्किएका यूवाहरुलाई उद्यमशिलता विकास कार्यक्रम | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| ६ | | **सिंचाई** | | | | १८४००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | | उनवाङ्ग गरीन खोला बैपल डाँडा लिप्टीडत सिचाइ योजना | | २०८० | २०८३ | ४००० | प्रदेश |
| २ | | स्यानोबारीदेखि गोरनेटा सिँचाइ | | २०८० | २०८३ | ३००० | प्रदेश |
| ३ | | ढोरवाङ्ग खोला खाल टाकुरा सिचाई योजना | | २०८० | २०८३ | ४००० | प्रदेश |
| ४ | | बाँजबोट सिचाई टंकी निर्माण | | २०८० | २०८३ | २५०० | प्रदेश |
| ५ | | पनेरी खोला सिचाई टंकी पाईप लाईन बिस्तार | | २०८० | २०८३ | १००० | प्रदेश |
| ६ | | देब्रेर खोला लापु लिफ्टिङ्ग | | २०८० | २०८३ | २०००० | प्रदेश |
| ७ | | सिर्सनिरी खोला खामागोर लिप्टिङ्ग सिचाई | | २०८० | २०८३ | २५००० | प्रदेश |
| ८ | | दोवरी पुतली बाँस ट्यांकी पाईप बिस्तार | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ९ | | दुले ओडार लाम्पोखरा लिफ्टिङ्ग सिचाई | | २०८० | २०८३ | २५००० | प्रदेश |
| १० | | दद्ररेन देखि गुनखुली सडक बिस्तार | | २०८० | २०८३ | १००० | प्रदेश |
| ११ | | डडरेन देखी लाम्पोखरा खानेपानी | सिंचाई सुविधा | २०८० | २०८३ | ५०० | प्रदेश |
| १२ | | ढनठाने खोला पेदिखोला सम्म सिचाई कुलो | | २०८० | २०८३ | ५००० | प्रदेश |
| १३ | | करंगे ढुंग सिल्के खोला सिचाई कुलो | | २०८० | २०८३ | ३५०० | संघ |
| १४ | | मुसे खोला माथिल्लो सिचाई नहर निर्माण | | २०८० | २०८३ | ३५०० | संघ |
| १५ | | मुसे खोला तल्लो सिचाई कुलो निर्माण | | २०८० | २०८३ | ४००० | संघ |
| १६ | | पुत्लीवास दहखोला  सिचाई कुलो | | २०८० | २०८३ | ५००० | संघ |
| १७ | | काउले खोला गोगने खोला सिचाई नहर | | २०८० | २०८३ | २००० | संघ |
| १८ | | गरवांग दहखोला तेलालीसम्म सिचाई कुलो | | २०८० | २०८३ | २००० | संघ |
| १९ | | रिठाबोट जाम्नेभिला मुसेखोला सिचाइ कुलो | | २०८० | २०८३ | ८००० | संघ |
| २० | | हालसम्म सिचाई कुलोको लम्बाई २१०० मि. छ अब ५ वर्षमा अरु ३००० मि. थप गर्नु पर्ने । | | २०८० | २०८३ | ३००० | संघ |
| 21 | | सिचाई पोखरी निर्माण विभिन्न स्थानहरुमा | | २०८० | २०८३ | ४००० | संघ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 22 | | टेकेन खोला  जलुके नहर ७०० मि. | | २०८० | २०८३ | २००० | संघ |
| 23 | | दमारखोला मसानघाट सा.व. को भवन सम्म सिचाई योजना २००० मि. | | २०८० | २०८३ | ५००० | संघ |
| २४ | | चंखेनी टप्पा बोडीबासा नहर योजना २००० मि. | | २०८० | २०८३ | ५००० | प्रदेश |
| २५ | | जराधारमुनी देखि मसानघाट नहर योजना ( १००० मि.) | | २०८० | २०८३ | २५०० | प्रदेश |
| २६ | | चोरखोला रबुंग सिचाई पाईपलाईन तथा रिजर्भ टंकी निर्माण योजना ( ३५०० मि.) | | २०८० | २०८३ | ४००० | संघ |
| २७ | | घांगे खोला चांगेटोल रिजर्भ सिचाई पाईपलाईन र टंकी निर्माण योजना ( १५०० मि.) | | २०८० | २०८३ | २५०० | संघ |
| २८ | | किमुचौरको लेख भनवांगको लेख र गाउँपालिकाको लेख मा ठुलाठुला पोखरी निर्माण गरेर वर्षातको पानी जम्मा पारेर सिचाइृको व्यवस्था मिलाउने । | | २०८० | २०८३ | ३००० | संघ |
| २९ | | उत्तर तर्फका बस्तीमा सिंचाईको लागिा पोखरी तथा टंकी निर्माण । | | २०८० | २०८३ | ४००० | संघ |
| ३० | | समग्र ४ नं. वडाको खेतको लागि पक्की कुलोको निर्माण गर्ने । | | २०८० | २०८३ | २००० | संघ |
| ३१ | | किमुचौर, धनवांग र गाडापानीमा खोलाको पानी लिफ्ट, सिस्टमबाट माथी  फालेर सिचाइृको व्यवस्था मिलाउने । | | २०८० | २०८३ | ५००० | संघ |
| ३२ | | एक घर एक सिचाइृ टंकीको निर्माण गर्ने । | | २०८० | २०८३ | ५००० | प्रदेश |
| ३३ | | सिचाई सम्वन्धिा मेसिनहरु कृषकहरुलाई विशेष अनुदनको व्यवस्था गर्नुपर्ने । | | २०८० | २०८३ | २५०० | प्रदेश |
| ३४ | | सातामुल सललबोट सिचाई आयोजना | | २०८० | २०८३ | ४००० | संघ |
| ३५ | | बाह्र मुल डाँडागाउँ सिचाई योजना | | २०८० | २०८३ | २५०० | संघ |
| ३६ | | काउले खोला , खोली गाउँ सिचाइ योजना | | २०८० | २०८३ | २००० | संघ |
| ३७ | | गौरेखोला सिवांग पोखडाँडा लिफ्टींग सिचाइ आयोजना | | २०८० | २०८३ | २५०० | संघ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३८ | | वडा नं ६ भरी सिचाई कुलो निर्माण गर्ने । | | २०८० | २०८३ | ४००० | संघ |
| ७ | | **वन व्यवस्थापन** | | | | २८०० | |
| १ | | सामुदायिक वनका पदाधिकारीलाई बित्तिय व्यवस्थापन सम्बन्धी तालिम । | वन जंगलको संरक्षण | २०८० | २०८३ | १०० | प्रदेश |
| २ | | विपद् व्यवस्थापन कार्यक्रम | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ५ | | वनमा आधारित लघुउद्यम संचालन | | २०८० | २०८३ | २०० | प्रदेश |
| ६ | | नर्सरीको स्थापना तथा वृक्षारोपण | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ७ | | डाले घाँस प्रवर्द्धन कार्यक्रम । | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ८ | | जडिबुटिको संरक्षण गर्ने । | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ९ | | बृक्षा रोपण तथा घेरवार | | २०८० | २०८३ | ५०० | प्रदेश |
| | | **सामाजिक विकास** | | | | ४८५७५० | |
| १ | सामाजिक विकास | **शिक्षा** | | | | २५८२०० | |
| २ | | बिद्यालयमा संचार विस्तार | गुणस्तरिय शिक्षा | २०८० | २०८३ | ८०० | संघ |
| ३ | | विद्यालयमा शुद्ध खानेपानी तथा सरसफाईको व्यवस्थापन | | २०८० | २०८३ | १००० | संघ |
| ४ | | विद्यालय भौतिक सुदृढिकरण कार्यक्रम | | २०८० | २०८३ | २५०० | संघ |
| ५ | | बालमैत्री स्थानीय साशन कार्यक्रम | | २०८० | २०८३ | २०० | संघ |
| ६ | | शिक्षा योजना, पार्शाचित्र र पठ्यक्रम अध्यावधी | | २०८० | २०८३ | २०० | संघ |
| ७ | | असहाय अनाथ विद्यार्थि सहायता | | २०८० | २०८३ | २०० | संघ |
| ८ | | विद्यालय स्वास्थ्य शिविर संचालन | | २०८० | २०८३ | ६०० | संघ |
| ९ | | विद्यार्थि मनोपरामर्श सेवा | | २०८० | २०८३ | ६०० | संघ |
| १० | | विद्यार्थि हस्तलेखन सुधार | | २०८० | २०८३ | १००० | संघ |
| ११ | | उत्कृष्ट विद्यार्थि, विद्यालय र शिक्षक सम्मान | | २०८० | २०८३ | ५०० | संघ |
| १२ | | विद्यालय शिक्षा क्षेत्र योजना | | २०८० | २०८३ | १८०००० | संघ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | | आधारभुत तह (कक्षा ५ र ८) को परीक्षा सञ्चालन,व्यवस्थापन र प्रमाणिकरण | | २०८० | २०८३ | २००० | संघ |
| १४ | | प्र.अ. तथा विव्यसहरुको क्षमता विकास तालिम | | २०८० | २०८३ | ६०० | संघ |
| १५ | | गणित, विज्ञान र अंग्रेजी शिक्षकहरूको पेशागत क्षमता विकास तालिम | | २०८० | २०८३ | १२०० | प्रदेश |
| १६ | | प्रावि तहका शिक्षकहरूलाई पेशागत क्षमता विकास तालिम | | २०८० | २०८३ | ९०० | संघ |
| १७ | | विद्यार्थीहरुका पालिकास्तरीय विज्ञान प्रतिभा पहिचान कार्यक्रम | | २०८० | २०८३ | १००० | संघ |
| १८ | | शैक्षिक क्यालेन्डर निर्माण | | २०८० | २०८३ | ३०० | संघ |
| १९ | | १ वडा १ नमुना विद्यालय कार्यक्रम | | २०८० | २०८३ | १०००० | संघ |
| २० | | स्वयंसेवक शिक्षक व्यवस्थापन | | २०८० | २०८३ | २०००० | संघ |
| २१ | | छात्रवृत्ती कार्यक्रम | | २०८० | २०८३ | १०००० | संघ |
| २२ | | शैक्षिक गुणस्तर सुधारका लागि प्राविधिक साझेदारी | | २०८० | २०८३ | १५०० | संघ |
| २३ | | सामुदायिक विद्यालयका विद्यार्थीहरुको माध्यमिक तह स्तरीय वक्तृत्वकला तथा आवि स्तरीय हाजिरीजवाफ प्रतियोगिता | | २०८० | २०८३ | ६०० | संघ |
| २४ | | बालकक्षा सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय सहायकहरुको लागि खर्च | | २०८० | २०८३ | २०००० | संघ |
| २५ | | परिक्षा संचालन, क्षमता विकास कार्यक्रम, कार्यालय व्यवस्थापन कार्यक्रम, अनुगमन तथा अन्य प्रकाशन तथा अन्य खर्च | | २०८० | २०८३ | २५०० | संघ |
| २ | | **स्वास्थ्य तथा पोषण** | | | | ११११५० | |
| १ | | स्वास्थ्यकर्मी स्वयम् सेविका क्षमता अभिबृद्धि कार्यक्रम | स्वास्थ्यमा सुधार | २०८० | २०८३ | १००० | संघ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | | स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था | | २०८० | २०८३ | ५००० | संघ |
| ३ | | ANC PNC सेवालाई वढाउनका लागि पालिका स्तरमा रहेका Birthing Center हरुलाई उपकरण खरिद | | २०८० | २०८३ | १००० | संघ |
| ४ | | स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा सामग्री व्यवस्थापन कार्यक्रम | | २०८० | २०८३ | २००० | संघ |
| ५ | | गर्भवती अवस्थामा स्वस्थ वानी ब्यवहार अपनाउनका लागि टोल स्तरमा सचेतना कार्यक्रहरु, सुनौलो हजार दिनका आमा तथा वच्च्चाहरुको कुपोषणको अवस्था प्रत्येक २ महिनामा स्किनिग | | २०८० | २०८३ | १५०० | संघ |
| ६ | | स्वास्थ्य संस्था स्तरमा कार्यालय ब्यबस्थापन खर्च | | २०८० | २०८३ | १००० | संघ, प्रदेश |
| ७ | | जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि घरमै स्वास्थ्य जाँच | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ८ | | मातृ तथा वाल स्वास्थ्य सेवा समन्वयका लागि मोवाईल स्वास्थ्य कार्यक्रम | | २०८० | २०८३ | ३०० | संघ, प्रदेश |
| ९ | | सार्वजनकि विदाको दिन पनि स्वास्थ्य सेवा प्रवाह | | २०८० | २०८३ | १५०० | प्रदेश |
| १० | | पोषण मैत्रिका लागि विभिन्न कार्यक्रम संचालन | | २०८० | २०८३ | १५०० | संघ, प्रदेश |
| ११ | | क्षयरोग मुक्त नेपाल अभियान अर्न्तगत कन्टयाक ट्रेसिङ तथा खकार ढुवानि | | २०८० | २०८३ | २५० | प्रदेश |
| १२ | | विशेषज्ञ सहितको स्वास्थ्य शिविर ( आखा, स्त्री रोग, दन्त) संचालन | | २०८० | २०८३ | ६०० | संघ, प्रदेश |
| १३ | | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन तथा बिद्यालय स्वास्थ्य शिक्षक संग  चौमासिक समिक्षा कार्यक्रम | | २०८० | २०८३ | ३०० | प्रदेश |
| १४ | | एच.आई.भि.पोजेटिभ व्यक्तिहरुलाई ए.आर.टि.केन्द्र सम्म जानका लागि यातायात खर्च | | २०८० | २०८३ | ३०० | संघ, प्रदेश |
| १५ | | प्राथमिक स्वास्थ्य सेवा सचालन | | २०८० | २०८३ | ६५००० | प्रदेश |
| १६ | | क्षयरोग नियन्त्रण | | २०८० | २०८३ | १००० | संघ, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रदेश |
| १७ | | परिवार कल्याण कार्यक्रम | | २०८० | २०८३ | १७००० | प्रदेश |
| १८ | | स्वास्थ्य ब्यवस्थापन कार्यक्रम | | २०८० | २०८३ | ६०० | संघ, प्रदेश |
| १९ | | १५ शैय्या अस्पताल निर्माण | | २०८० | २०८३ | १०००० | प्रदेश |
| २० | | त्रैमासीक रुपमा स्वास्थ्य संस्था तथा सेवाग्राहीहरुको सन्तुष्टी सर्वक्षेण कार्यक्रम संचालन | | २०८० | २०८३ | ३०० | संघ, प्रदेश |
| २१ | | आयुर्बेद तर्फ गाउँघर क्लिनिक संचालन तथा ब्यबस्थापन | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ३ | | **खानेपानी तथा सरसफाइ** | | | | ८२७०० | |
| १ | | खानेपानिको सुविधिा नपुगेको घरधुरीमा एक घर एक धारा निर्माण | सुद्ध खानेपानि तथा सरसफाई को व्यवस्था | २०८० | २०८३ | ५००० | प्रदेश |
| २ | | फोहर सङ्कलन तथा व्यवस्थापन कार्यक्रम | | २०८० | २०८३ | १००० | संघ, प्रदेश |
| ३ | | कालापात्ला लिष्ट खानेपानी योजना | | २०८० | २०८३ | ४००० | प्रदेश |
| ४ | | बगरखोला भुन्टेटाकुरा खानेपानी योजना | | २०८० | २०८३ | २००० | प्रदेश |
| ५ | | छापटोल खानेपानी योजना | | २०८० | २०८३ | ५००० | संघ |
| ६ | | डुमई खोला गट्टे टाकुरा खानेपानी योजना | | २०८० | २०८३ | ५०० | आन्तकि आय |
| ८ | | बाहुन पनेरा खानेपानी योजना | | २०८० | २०८३ | १००० | संघ |
| ९ | | खामागारे खानेपानी टंकी निर्माण | | २०८० | २०८३ | ६००० | आन्तकि आय |
| १२ | | सिलेखोला खानेपानी योजना | | २०८० | २०८३ | ५००० | आन्तकि आय |
| १३ | | साँरा जुदे खानेपानी योजना | | २०८० | २०८३ | ५००० | आन्तकि आय |
| १४ | | पानीगैरा लापु लाम्पोख खानेपानी योजना | | २०८० | २०८३ | १५०० | आन्तकि आय |
| १५ | | बिरेन्द्र मा.वि. खानेपानी | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | | गोठिवन ( भुतखोला ) खानेपानी पुनः निर्माण ( २०५२ साल पुरानो | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| १७ | | दानवाङ खानेपानी निर्माण (भकम, दानवाङ ) पुनः निर्माण २०५० साल पुरानो | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| १८ | | सल्लेरी गोष्वित खानेपानी प्रश्तावित निर्माण | | २०८० | २०८३ | ६००० | आन्तरिक आय |
| १९ | | सिवाङ खानेपानी | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| २० | | भुतखोला गर्पा खानेपानी लिफ्ट र टंकी थप गर्ने | | २०८० | २०८३ | १०००० | आन्तरिक आय |
| २१ | | सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | | २०८० | २०८३ | २०० | आन्तरिक आय |
| २२ | | पातेखोला छायमाल खानेपानी निर्माण गर्ने । | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| २३ | | वडा नं. ६ का विभिन्न स्थानमा खानेपानि आयोजना संचालन | | २०८० | २०८३ | १०००० | आन्तरिक आय |
| ४ | | **यूवा तथा खेलकुद विकास** | | | | ७४५० | |
| १ | | खेल मैदान निर्माण | | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| २ | | यूवा दुर्व्यसनी निरुत्साहित कार्यक्रम | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| ३ | | लोक सेवा तथा शिक्षा सेवा आयोग तयारी कक्षा संचालन | | २०८० | २०८३ | १८०० | आन्तरिक आय |
| ४ | | प्रतियोगितात्मक खेलकुद कार्यक्रम संचालन | | २०८० | २०८३ | ३००० | आन्तरिक आय |
| ५ | | खेलाडी प्रोत्साहन कार्यक्रम | | २०८० | २०८३ | २५० | संघ |
| ६ | | यूवा तथा गतिविधी सहायता कार्यक्रम | | २०८० | २०८३ | ९०० | संघ |
| ५ | | **लैससास** | | | | २२००० | |
| १ | | सै खाले विभेद विरुद्ध कपुरकोट जागरण अभियान | समाबेशी विकास | २०८० | २०८३ | १५०० | संघ |
| ३ | | अध्यक्षसंग लक्षित वर्ग कार्यक्रम | | २०८० | २०८३ | ३००० | संघ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | | उपाध्यक्षसंग आमा दिदी वैनी कार्यक्रम | | २०८० | २०८३ | ५००० | प्रदेश |
| ५ | | वडा स्तरवाट सामाजीक सुरक्षा भत्ता वितरण व्यवस्थापन | | २०८० | २०८३ | ५०० | प्रदेश |
| ६ | | टोल विकास संस्था लगाएतका गैर सरकारी संघ संस्थाहरुको समन्वय तथा सशक्तिकरण | | २०८० | २०८३ | १५०० | संघ |
| ७ | | अपांगता परिचय पत्र तथा शिविर संचालन | | २०८० | २०८३ | ५०० | संघ |
| ८ | | सुरक्षित नागरिक आवास कार्यक्रम साझेदारी | | २०८० | २०८३ | १०००० | प्रदेश |
| ६ | | **भाषा, संस्कृति, कला तथा साहित्य** | | | | ४२५० | |
| १ | | लोप हुन लागेको सोरठी, मारुनी, लाखे, पैसरी डाडी भाका , कठेउरी आदि संरक्षण | भाषा संस्कृति, कला तथा साहित्यको संरक्षण | २०८० | २०८३ | ९०० | संघ |
| २ | | वडामा लाग्ने मेला, जात्रा आदिलाई व्यवस्थित गर्ने । | | २०८० | २०८३ | ६०० | संघ |
| ४ | | मगर भाषा उत्थानको लागि स्थानीय पाठ्यक्रममा मगर भाषा पठन पाठन गराउने । | | २०८० | २०८३ | १००० | प्रदेश |
| ५ | | सोरठी दमारे नाच संरक्षण | | २०८० | २०८३ | २५० | प्रदेश |
| ६ | | साँस्कृतिक विकासका लागि सामाग्री | | २०८० | २०८३ | २५० | संघ |
| ६ | | साँस्कृतिक विकासका लागि सामाग्री | | २०८० | २०८३ | २५० | संघ |
| ७ | | कलाघर निर्माण | | २०८० | २०८३ | १००० | प्रदेश |
| | | **भौतिक पूर्वाधार विकास** | | | | ११७३०० | |
| १ | **भौतिक पूर्वाधार निर्माण** | **सडक तथा यातायात विकास** | | | | ८६००० | |
| १ | | कालापातला भित्रिखोला सडक | सहज यातायात | २०८० | २०८३ | १००० | संघ |
| २ | | वडा नं. १ सडक मर्मत | | २०८० | २०८३ | १००० | प्रदेश |
| ३ | | जुगेपानी खस्गुरी सडक | | २०८० | २०८३ | २००० | प्रदेश |
| ४ | | कार्की गाउँ बगरखोला सडक | | २०८० | २०८३ | ४००० | संघ |
| ५ | | बल्टाकुरा सान्डान टाकुरी सडक | | २०८० | २०८३ | ५०० | संघ |
| ६ | | खर्कटोल डाढा दलित टोल सडक | | २०८० | २०८३ | ३००० | प्रदेश |
| ७ | | छापा आरु गैरा सडक | | २०८० | २०८३ | १०००० | प्रदेश |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | | खार्पानी खोरबारे ठाउखानी | | २०८० | २०८३ | १००० | संघ |
| ९ | | बाडाबोर डोबरी सडक | | २०८० | २०८३ | १००० | संघ |
| १० | | द्धारपानी खामागारे सडक बिस्तार | | २०८० | २०८३ | ५०० | संघ |
| ११ | | भकम खहरे गार्पा सडक निर्माण | | २०८० | २०८३ | ४००० | संघ |
| १२ | | रिहाबोट ओवांग दहखोला सडक निर्माण | | २०८० | २०८३ | ४००० | आन्तरिक आय |
| १३ | | कपुरकोट, दानवांग,ढलढाना, गोठीवन हुँदै रिठाबोट सम्म स्तरोन्नती | | २०८० | २०८३ | ४००० | आन्तरिक आय |
| १४ | | बगाले गार्पा गोठीवन , दहखोला तेलाली सम्म | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| १५ | | खाली गार्पा दहवन, कालपात्ला हुँदै रोल्पा जोड्ने सडक ग्राबेल गर्ने र पिच गर्ने | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| १६ | | खाली खहरे अम्रेडाँडा सडक स्तरउन्नती | | २०८० | २०८३ | ५००० | संघ |
| १७ | | गर्पा ढनठाना सडक स्तरोन्नती | | २०८० | २०८३ | ५००० | संघ |
| १८ | | पालिका भएर आवत जावत गर्ने सबैखाले यातायात र ढुवानीको साधनहरुलाई पालिकाको मातहतमा ल्याई कर तथा व्यवस्थापन प्रणाली सुनिश्चित गर्ने । | | २०८० | २०८३ | ५००० | संघ |
| १९ | | सोलवांग अवलवन कृषि सडक योजना मुलपानी सोलावांग | | २०८० | २०८३ | ५००० | संघ |
| २० | | माथिल्लो गाउँ दवांग घांगे खोला कृषि सडक योजना माथिल्लो गाउँ मुलपानी | | २०८० | २०८३ | ५००० | संघ |
| २१ | | कपुरकोट धनवांग वडा कार्यलय हुँदै फलावांग जोड्ने सडकलाई नाली तथा ग्राभेल र पक्की गर्ने । | | २०८० | २०८३ | ५००० | प्रदेश |
| २२ | | पाथिहाल्ना धाराखोला रावत टोल हुँदै ठुली जोड्ने सडकलाई जोड्ने स्तरोन्नती गर्ने र चालु गर्ने | | २०८० | २०८३ | ५००० | प्रदेश |
| २३ | | कपुरकोट फलवांग जोड्ने माथिल्लो सडकलाई मर्मत गरी नियमित ठुलागाडी चल्ने गरी सडक स्तरोन्नती गर्ने । | | २०८० | २०८३ | ५००० | प्रदेश |
| २ | | **विद्युत तथा बैकल्पिक उर्जा** | | | | २२००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | | धुवाँ रहित चुल्हो निर्माण कार्यक्रम | उर्जा प्रयोगमा वृद्धि | २०८० | २०८३ | २००० | प्रदेश |
| २ | | बिद्युत पोल तथा तार बिस्तार योजना | | २०८० | २०८३ | २०००० | आन्तरिक आय |
| ३ | | **संचार तथा सूचना प्रविधि** | | | | २३०० | |
| १ | | गाउँपालिकाका मुख्य स्थानहरुमा निःशुल्क इन्टरनेटको सुविधा | प्रविधिको प्रयोग | २०८० | २०८३ | ३०० | आन्तरिक आय |
| २ | | साइबर अपराध र कानुनी जटिलतामा सचेतना | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| ३ | | शिक्षा तथा स्वास्थ्य संस्थामा इन्टरनेटको व्यवस्था | | २०८० | २०८३ | १५०० | आन्तरिक आय |
| ४ | | **सार्वजनिक निर्माण** | | | | २९००० | |
| १ | | खरको छाना मुक्त कार्यक्रम | सेवा विस्तार | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| २ | | वडा कार्यालय भौतिक सुधार | | २०८० | २०८३ | १५००० | संघ |
| | | स्वास्थ्य संस्था भवन निर्माण | | २०८० | २०८३ | ९००० | संघ |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | १५८०० | |
| १ | | **जलाधार तथा जैविक विविधता संरक्षण** | | | | ८१०० | |
| १ | **वन, वातावरण तथा विपद् व्यवस्थापन** | जिव तथा वनस्पतिको लागि संरक्षण कार्यक्रम | वातावरण संरक्षण | २०८० | २०८३ | ५०० | संघ |
| २ | | सरकारी तथा सामुदायिक वन भित्र रहेका मुहान वरीपरि बृक्षरोपण गर्ने | | २०८० | २०८३ | ५०० | संघ |
| ३ | | जंगली जनावरको चोरी पैठारीको नियन्त्रणमा सहयोग गर्ने । | | २०८० | २०८३ | १०० | आन्तरिक आय |
| ४ | | पानीका मुहान भएका स्थानमा गाई , बाखा, जानबाट रोकथामका लागि घेरवार । | | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| ५ | | सरकारी तथा सामुदायिक वनभित्र रहेका पानीका मुहानबाट समुदाय सम्म पानी ल्याउन पहल गर्ने । | | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| ६ | | पोखरी तथा विभिन्न मुलहरुको मुहान संरक्षण | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | | **बतावरणीय स्वच्छता** | | | | ६३५० | |
| १ | | वडाका मुख्य टोलहरुमा डस्टबिन वितरण | स्वच्छता | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| २ | | नियमित सरसफाइ अभियानहरु संचालन गर्ने | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| ३ | | बृक्षरोपण तथा भूक्षय रोकथाम कार्यक्रम | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| ४ | | रासायनिक मल तथा किटनाशक औषधीको प्रयोगमा नियन्त्र्ण । | | २०८० | २०८३ | १०० | आन्तरिक आय |
| ५ | | वातावरणीय स्वच्छता सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने | | २०८० | २०८३ | २५० | आन्तरिक आय |
| ३ | | **विपद् व्यवस्थापन** | | | | १३५० | |
| १ | | विपद् व्यवस्थापन सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्ने | विपद् व्यवस्थापन | २०८० | २०८३ | २५० | आन्तरिक आय |
| २ | | विपद् सम्बन्धी नक्साङ्कन तथा विप्द पूर्वतयारी तथा प्रतिकार्य योजना तयार | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| ३ | | विपद् व्यवस्थापनका लागि अत्यावश्यक सामाग्रिहरु तयारी अवस्थामा राख्ने | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| ४ | | विपद् व्यवस्थापन सम्बन्धी वडा तथा समुदाय तहसम्म संरचना तयार गर्ने | | २०८० | २०८३ | १०० | आन्तरिक आय |
| **सुशासन तथा संस्थागत विकास** | | | | | | १७७५० | |
| १.१ | **सुशासन तथा संस्थागत विकास** | विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम | सेवा प्रवाहमा प्रभावकारिता | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| १.२ | | नागरिक सन्तुष्टि सर्वेक्षण | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| १.३ | | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | | २०८० | २०८३ | २००० | आन्तरिक आय |
| १.४ | | लैससास मूलप्रवाहिकरण र वजेट परिक्षण | | २०८० | २०८३ | ३०० | आन्तरिक आय |
| १.५ | | सूचनाको हक सम्वन्धी अनुशिक्षण कार्यक्रम | | २०८० | २०८३ | १०० | आन्तरिक आय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.६ | | सार्वजनिक सुनुवाइ कार्यक्रम | | २०८० | २०८३ | ५००० | आन्तरिक आय |
| १.७ | | गुनासो सुनुवाइ सम्यन्त्र स्थापना | | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| १.८ | | सामाजिक परिक्षण कार्यक्रम | | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| १.९ | | गाउँपालिकाले गरेका राम्रा काम तथा अभ्यासहरुको दस्तावेजीकरण | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| २० | | जनप्रतिनिधि र नागरिक बीच अर्न्तक्रिया गर्ने | | २०८० | २०८३ | २५० | आन्तरिक आय |
| २२ | | सम्पुर्ण पुर्वाधारजन्य आयोजनाका उपभोक्ताहरुलाई तालिम | | २०८० | २०८३ | ३०० | आन्तरिक आय |
| २३ | | मदिरा बिक्रि वितरण व्यवस्ि तगर्ने कार्यबिधि, सा.व. व्यवस्थापन कार्यविधि तथा अन्य आवश्यक कार्यविधि निर्माण | | २०८० | २०८३ | १०० | आन्तरिक आय |
| २४ | | कर्मचारीहरुको क्षमता विकासका लागि तालिम संचालन । | | २०८० | २०८३ | ५०० | आन्तरिक आय |
| २५ | | उपभोक्ता समिति अभिमुखिकरण | | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| २६ | | योजना अनुगमन तथा व्यवस्थापन | | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| २७ | | योजना जाँचपास तथा फरफारक समिति व्यवस्थापन | | २०८० | २०८३ | १००० | आन्तरिक आय |
| २८ | | न्यायिक समिति | | २०८० | २०८३ | २००० | आन्तरिक आय |
| २९ | | आमा समूह, स्वस्थ्य स्वयम्सेविकाका क्षमताविकास तालिम संचालन | | २०८० | २०८३ | २०० | आन्तरिक आय |

## ८.३ कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण, सांकेतिकीकरण, तथा त्रिवर्षिय खर्च अनुमान

योजना तर्जुमा कार्यशालाले २२३ वटा आयोजनालाई मध्यकालिन खर्च संरचना अन्तर्गत आ व २०८०/८१, २०८१/८२ र २०८२/८३ भित्र कार्यान्वयन गर्ने गरी छनौट गरेको छ । प्रस्तुत तालिका नं. मा प्रत्येक आयोजनाको कुल अनुमानित वजेट र प्रतिवर्ष हुने खर्च अनुमानलाई प्रस्तुत गरिएको छ । प्रत्येक आयोजनाकालागि खर्च हुने

अनुमानित वजेटलाई चालु र पूँजीगत खर्चका रुपमा प्रस्तुत गरिएको छ जसमा चालु खर्च कुल बार्षिक वजेटको २० प्रतिशत र पुंजीगत वजेट ८० प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

